# सूचनाको हक सम्बन्धी
# राष्ट्रिय रणनीतिक योजना
# २०२३-२०२७

# विषयसूची


अध्याय १ ........ १

सूचनाको हक सम्बन्धी कार्यान्वयनको अवस्था ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ सूचनाको हक कार्यान्वयनमा भएका प्रयासहरू ........ २

१.३ सूचनाको हकको रणनीतिक कार्ययोजना २०१५-२०२० को कार्यान्वयनको समीक्षा ........ ६

१.४ लक्ष्य र कार्यान्वयनको खाडल (Implementation Gap) ........ १२

१.५ रणनीतिक योजना अवधिमा सम्पन्न हुन बाँकी कार्यहरू ........ १३

अध्याय २ ........ १६

आयोग र अन्य सरोकारवालाहरूको भूमिका ........ १६

२.१ राष्ट्रिय सूचना आयोगको भूमिका ........ १६

२.२ सूचनाको माग पक्ष ........ १९

२.३ सूचना आपूर्ति पक्ष ........ २०

२.४ संघीय, प्रदेश र स्थानीय तहका सरकार अन्तर्गतका सार्वजनिक निकायहरू ........ २२

२.५ सूचनाका हकका प्रवर्द्धक, सहजकर्ता तथा समर्थकहरू तथा कानुनतः दर्ता भएका सार्वजनिक सरोकार राख्ने गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू ........ २४

अध्याय ३ ........ २६

रणनीतिक विश्लेषण र दिशाबोध ........ २६

३.१ संस्थागत विश्लेषण ........ २६

३.२ संस्थागत विश्लेषणबाट प्राप्त सिकाइ र दिशाबोध ........ ३०

३.३ रणनीतिक योजनाको मार्गदर्शक सिद्धान्तहरू ........ ३१

अध्याय ४ ........ ३२

रणनीतिक योजना ........ ३२

४.१ दूरदृष्टि (Vision) ........ ३२

४.२ ध्येय (Mission) ........ ३२

४.३ लक्ष्य (Goal) ........ ३२

४.४ उदेश्यहरू (Objectives) ........ ३२

४.५ रणनीति ........ ३३

४.६ रणनीतिक कार्ययोजना ........ ३३
अध्याय ५ ........ ७४
रणनीति कार्यान्वयन योजना ........ ७४
५.१ रणनीति कार्यान्वयन ढाँचा ........ ७४
अध्याय ६ ........ ८३
अपेक्षित परिवर्तनको सिद्धान्त ........ ८३
६.१ रणनीतिक समस्याहरू ........ ८३
६.२ परिवर्तनको सिद्धान्त ........ ८४
अध्याय ७ ........ ८६
अनुगमन तथा मूल्याङ्कन ........ ८६
७.१ अनुगमन तथा मूल्याङ्कन ढाँचा ........ ८६
७.२ नियमित अनुगमन ........ ८६
७.३ आवधिक मूल्याङ्कन ........ ८६
७.४ मध्यावधि मूल्याङ्कन ........ ८७
७.५ अन्तिम मूल्याङ्कन ........ ८७
७.६ चौमासिक र वार्षिक प्रतिवेदन ........ ८७
७.७ अनुगमन तथा मूल्यांकन समिति ........ ८८
७.८ जोखिम पूर्वानुमान तथा समाधानका उपायहरू ........ ८९
७.९ अपेक्षित उपलब्धी ........ ९०
७.१० अपेक्षा ........ ९१

# तालिका सूची

तालिका नं. १ : पुनरावेदन सम्बन्धी विवरण ........................................................ ७
तालिका नं. २ : क्षेत्रगत पुनरावेदन सम्बन्धी विवरण ................................................. ८

# अध्याय १

# सूचनाको हक सम्बन्धी कार्यान्वयनको अवस्था

## १.१ पृष्ठभूमि

सर्वप्रथम नेपालमा सूचनाको हक सम्बन्धी संवैधानिक व्यवस्था २०४७ सालको संविधानबाट प्रारम्भ भएको मानिन्छ । उक्त संविधानको धारा १६ ले नेपाली नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने अधिकार प्रदान गरेको थियो । वि.सं. २०६३ को अन्तरिम संविधानले दायरा विस्तार गरी आफ्नो वा सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा व्यवस्था गरियो र २०७२ मा जारी भएको नेपालको संविधानले पनि अन्तरिम संविधानकै व्यवस्था यथावत कायम गरेको छ ।

दक्षिण एशियामा सूचनाको हक सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने पहिलो देश नेपाल नै हो भन्दा पनि अत्युक्ति हुने छैन । वि.सं. २०५९ मा पाकिस्तानले शुरु गरे पनि लागु हुन सकेन । त्यसको तीन वर्षपछि २०६२ मा भारतले सूचनाको हक सम्बन्धी ऐन सन् २००५ मा लागु गरेको छ । अन्य दक्षिण एशियाली देशमा केही समयअघि मात्र लागु भएका छन् । सन् १९९० मा नेपालको संविधानमा सूचनाको हक सम्बन्धी व्यवस्था प्रादुर्भाव हुँदा विश्वका १४ देशहरूमा मात्र सूचनाको हक सम्बन्धी कानुनी व्यवस्था लागु गरिएको पाइन्छ । हालसम्म विश्वका १२७ भन्दा बढी देशहरूमा सूचनाको हक सम्बन्धी व्यवस्था लागु भएको छ । लोकतन्त्रको सुदृढीकरण र प्रजातान्त्रिक संस्थाहरूको विकासका लागि सूचनाको हकको अपरिहार्यतालाई विश्वका धेरै देशहरूले अंगीकार गरेको यथार्थबाट यसको लोकप्रियता सिद्ध भएको छ ।

अन्तरिम संविधानको व्यवस्था कार्यान्वयन गर्न २०६४ मा सूचनाको हक सम्बन्धी ऐन र २०६५ मा नियमावली जारी गरियो । सूचनाको हकलाई कार्यान्वयन गराउन २०६५ वैशाखमा राष्ट्रिय सूचना आयोगको स्थापना गरिएको पाइन्छ । सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलन गर्ने मुख्य जिम्मेवारी राष्ट्रिय सूचना आयोगको रहेको छ । सूचनाको हक सम्बन्धी कार्यान्वयनको अवस्था सरसर्ती अध्ययन गर्दा २०४७ को संविधान अन्तर्गत नै सूचनाको हकलाई स्थापित गर्न सर्वोच्च अदालतबाट महत्वपूर्ण फैसला र नजिरहरू स्थापित भइसकेको पाइन्छ । सार्वजनिक निकायमा रहेका सार्वजनिक सरोकारका  सूचनामा नागरिकको माग्ने र पाउने हक हुन्छ र सूचनामा पहुँच हुन्छ भन्ने मान्यता विकसित भएको पाइन्छ ।

सूचनाको हक सम्बन्धी ऐन २०६४ ले राज्यका कामकारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पर्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने व्यवस्था गरेको छ । यस व्यवस्थाबाट नेपालले सूचनाको हकको विश्वव्यापी मान्यता र सिद्धान्तलाई आत्मसात गरेको छ । सूचनाको हकको कार्यान्वयनबाट कानुनी राज्यको अवधारणा लागु हुन्छ । सुशासन, खुला र पारदर्शी सरकार, सशक्त र चेतनशील नागरिक समाज, भ्रष्टाचार नियन्त्रण तथा सामाजिक न्यायको प्रत्याभूति जस्ता आधुनिक लोकतान्त्रिक राज्यको मुख्य जिम्मेवारी निर्वाह गर्न सूचनाको हकको कार्यान्वयनबाट मात्र सम्भव रहेको कुरा विश्वमा अरु देशमा भएका अध्ययन र अनुसन्धानबाट प्रमाणित भइसकेका छन् । यद्यपि नागरिक नै सशक्त र चेतनशील नभएसम्म अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई भएको वास्तविकता नभएको भने होइन ।

लोकतन्त्रको सुदृढिकरण र व्याप्तीकरणमा सूचनाको हकले अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । सार्वजनिक निकायको काम कारबाहीमा खुलापन, पारदर्शिता, उत्तरदायित्व र जवाफदेही वृद्धि गर्न र सेवा प्रवाहलाई जनता समक्ष पुऱ्याई जनताप्रति जवाफदेहिता निर्वाह गर्न सूचनाको हक सशक्त माध्यम र औजार हो । त्यसैले नेपालमा २०६४ मा सूचनाको हक सम्बन्धी ऐनको जारी गरी २०६५ मा राष्ट्रिय सूचना आयोगको गठन पश्चात सार्वजनिक निकायको काम कारबाहीमा पारदर्शिता बढाउने प्रयास भएको पाइन्छ ।

### १.२ सूचनाको हक कार्यान्वयनमा भएका प्रयासहरू

सूचनाको हक सम्बन्धी ऐन लागु हुनुभन्दा पहिले नै वि.सं. २०४७ को संविधान बमोजिम सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको पहुँच हुन्छ र माग्ने र पाउने अधिकार छ भनी सर्वोच्च अदालतबाट फैसला भएको र नजिर कायम भएकोले धेरै सार्वजनिक महत्वका सूचना नेपाली जनताले प्राप्त गरेको अवस्था छ ।

(क) थप प्रयास र उपलब्धीहरू

सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ लागु भएर राष्ट्रिय सूचना आयोगको स्थापना पश्चात सूचनाको हकलाई स्थापित र मान्यता दिलाउन धेरै प्रयासहरू भएको पाइन्छ । ती मध्ये केही महत्वपूर्ण प्रयासहरू निम्न छन् :

१. प्रतिस्पर्धात्मक परीक्षामा स्कुल, कलेज र विश्वविद्यालयका विद्यार्थीले उत्तरपुस्तिका प्राप्त गरेको ।
२. न्यायाधीशले आफू विरुद्ध छानविन भएको प्रतिवेदन आफ्नै विरुद्ध परेको मुद्दामा अदालतमा प्रमाणको रूपमा पेश गर्न र मुद्दा जित्न पनि सफलता प्राप्त गरेको ।
३. सरकारी सुविधा प्राप्त र गैरसरकारी व्यक्तिले समेत नेपाल आयल निगमबाट निशुल्क इन्धन सुविधा प्राप्त गरेको कार्य रोकिएको ।
४. सूचनाको हक सम्बन्धी विषयमा कक्षा ७-११ सम्मको पाठ्यक्रममा समावेश भएको ।
५. सूचना दिन अटेरी गर्ने २५ जनालाई दण्ड सजाय गरेको ।
६. द्विपक्षीय सन्धी सम्झौताको सूचना उपलब्ध गराएको ।
७. करिब ६ अर्ब रकमको झूट्ठा एवं नक्कली मूल्य अभिवृद्धि करको विजकबाट भएको कर छली सम्बन्धी सूचना सार्वजनिक भएको ।
८. महालेखापरीक्षकले दिएको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउने निर्णय भएको ।
९. अध्यादेशको प्रतिलिपि उपलब्ध गराउने निर्णय भएको ।
१०. सूचना दाताको संरक्षण भएको ।
११. क्षतिपूर्ति उपलब्ध र साविक पदमा पदस्थापन गराइएको ।
१२. उच्चस्तरीय जाँचबुझ आयोगका प्रतिवेदनहरू सम्बन्धी सूचना उपलब्ध गराएको ।
१३. व्यवस्थापिका संसदलाई सूचनाको संरक्षण गर्न अध्यावधिक गर्ने र सूचना प्रवाह गर्ने आदेश भएको ।
१४. सूचनाको हक सम्बन्धी अभिमुखीकरण सम्बन्धी प्रशिक्षण ७५३ वटा निकायका लागि सम्पन्न गरेको ।
१५. सूचनाको हक सम्बन्धी राष्ट्रिय सम्मेलन गरेको ।
१६. जिल्लाहरूबाट सूचनाको हक कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र प्राप्त गरेको ।

१७. राष्ट्रिय सूचना आयोगको सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलनमा गरेका संस्थागत प्रयास, पहल र उपलब्धीहरूको उल्लेख गर्दा निम्न बमोजिम थप आदेश गरेको पाइन्छ जुन राष्ट्रिय कार्ययोजना २०१५-२०२० सँग पनि आबद्ध भएको देखिन्छ ।

- सार्वजनिक निकायलाई ३/३ महिनामा स्वतः प्रकाशन गर्ने गराउने आदेश ।
- अनिवार्य रूपमा सूचना अधिकारी तोक्ने आदेश ।
- सूचना माग र प्रवाहका छुट्टै अभिलेख राख्ने आदेश ।

(ख) अधिकार प्रत्यायोजन

आयोगले ७७ वटै प्रमुख जिल्ला अधिकारीलाई आफ्नो जिल्लाका सबै सार्वजनिक निकायमा सूचना अधिकारी तोक्ने, स्वतः प्रकाशन गर्ने र सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्ने ३ बुँदे आदेश जारी गरेको छ । साथै आयोगबाट भएको दण्ड जरिवाना असुल गर्ने र सूचना सम्बन्धी पुनरावेदन आयोगमा पठाउने जिम्मेवारी तोकिएको छ ।

(ग) हुलाक कार्यालयबाट अनुगमन

जिल्लास्तरीय हुलाक कार्यालयबाट सूचनाको हक सम्बन्धी व्यवस्थाको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्यांकन गर्ने जिम्मेवारी तोकिए अनुसार १/२ वर्ष मात्र यस्तो कार्य भएको पाइएको छ ।

(घ) केन्द्रीय समन्वय र अनुगमन इकाईको व्यवस्था

सूचनाको हक सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवको अध्यक्षतामा केन्द्रीय समन्वय इकाई र संचार तथा प्रविधि मन्त्रालयको सचिवको अध्यक्षतामा कार्यान्वयन अनुगमन इकाई गठन गरी कार्य गरेको पाइन्छ ।

(ङ) प्रवर्द्धनात्मक कार्यक्रम

राष्ट्रिय सूचना आयोगको स्थापनाकालदेखि नै पेशागत, व्यवसायिक र गैरसरकारी संस्थाहरूसँग समन्वय गरी सूचनाको हक सम्बन्धी जानकारीमूलक पुस्तक पुस्तिका, गोष्ठी, सेमिनार, अन्तरक्रिया, तालिम, प्रशिक्षण, स्रोत केन्द्रको सहयोग, अन्तरसंवाद, डकुमेन्ट्री प्रसारण लगायतका उल्लेख्य कार्य सम्पादन गरेको पाइन्छ । यसैगरी सूचनाको हकको प्रवर्द्धनका लागि सक्रिय प्रयास एवं पहल र

सहजीकरण गरेको पाइन्छ । वास्तवमा सूचनाको हकलाई देशमा आजको अवस्थामा ल्याई पुऱ्याउनु यी कार्यहरूको योगदान ज्यादै महत्वपूर्ण रही आएको छ ।

(च) संवैधानिक/कानुनी सुधारको प्रयास

आयोगले संविधानको धारा २७ मा सूचना प्रवाह गर्ने अधिकार थप गर्नुपर्ने र आफ्नो हैसियत संवैधानिक हुनुपर्ने सुझाव दिएको छ । यसैगरी सूचनाको हकसँग बाझिएका कानुन संशोधन गर्नुपर्ने सुझाव दिएको हो । सूचनाको हक सम्बन्धी ऐन र नियमलाई पनि समयानुकुल परिमार्जन गर्न प्रयास गरेको भएता पनि कानुनी सुधारका क्षेत्रमा अपेक्षित उपलब्धी हुन सकेन ।

(छ) सुचनाको हकलाई स्थानीय तहमा पुऱ्याउने प्रयास

आयोगले अन्य गैरसरकारी संस्थाको सहयोगमा जिल्ला स्तरीय तालिम, प्रशिक्षण र अन्तरक्रिया कार्यक्रमहरू वर्षेनी गर्ने गरेको छ । साथै, शासकीय स्वरूप संघीय संरचनामा परिवर्तन पश्चात प्रदेश र स्थानीय तहमा संस्थागत रूपमा कुनै व्यवस्था नभईसकेको अवस्थामा जनप्रतिनिधि, प्रशासकीय प्रमुख र सूचना अधिकारी लक्षित अभिमुखीकरण प्रशिक्षण सम्पन्न गरेको छ । यसबाट स्थानीय तहमा 'जनता जगाउने अभियान' नामाकरण गरी आयोगले सूचनाको हकलाई नागरिक समक्ष पुऱ्याउने प्रयासको प्रारम्भिक सुरुवात गरेको छ । यस कार्यबाट सूचनाको हकलाई परिवर्तित सन्दर्भको नागरिकको सबैभन्दा नजिकको प्रशासकीय इकाईसम्म पुऱ्याउने कार्यको आरम्भ गरेको छ । यस कार्यलाई सुदृढिकरण गर्दै लैजानुपर्ने आवश्यकता देखिएको छ ।

(ज) योजनावद्ध प्रयास ब

आयोगले सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलनका लागि खुला र पारदर्शी गराउन, नागरिकप्रति उत्तरदायी तथा जवाफदेही बनाउन र जनताको सुसूचित हुने अधिकारको रक्षा गर्न योजनावद्ध कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस सन्दर्भमा आयोगले पहिलोपल्ट सूचनाको हक सम्बन्धी राष्ट्रिय रणनीतिको कार्ययोजना (National Strategic Plan of Action on RTI 2013-2018) २०१३-२०१८ तर्जुमा गरी लागु गऱ्यो । यो पाँच वर्षे रणनीतिक कार्ययोजना तर्जुमा गर्न सन् २०१३ को जनवरी देखि डिसेम्बर सम्म संचालन भएको सूचनाको हकको कार्यान्वयनमा सुधार गर्ने (Improvement in the Implementation of RTI) एक वर्षे रणनैतिक कार्यक्रमले मद्दत गरेको थियो । यसैबीच रणनीतिक कार्ययोजना २०१३-२०१८ को दुई वर्षको कार्यान्वयनको समीक्षा गर्दै केही थप र अद्यावधिक गरी रणनैतिक कार्ययोजना २०१५-२०२० तर्जुमा

गरी लागु गरियो । राष्ट्रिय सूचना आयोगले आफ्नो स्थापनादेखि नै योजनावद्ध नीति र कार्यक्रमहरूको आवश्यकता महशुस गरी सूचनाको हकलाई निर्दिष्ट उपलब्धी प्राप्त गर्न सक्नेगरी सक्षम बनाउन प्रयास गरेको छ ।

### १.३ सूचनाको हकको रणनीतिक कार्ययोजना २०१५-२०२० को कार्यान्वयनको समीक्षा

(१) सूचनाको हकको प्रारम्भिक तहको कार्यान्वयनको अवस्था

राष्ट्रिय सूचना आयोगले सूचना माग र आपुर्तिको छुट्टै अभिलेख राख्नु र स्वतः प्रकाशन गर्नु गराउनु र सूचना अधिकारी तोक्नु तथा डिजिटल पद्धतिमा सूचना राख्न र आयोगमा जानकारी पठाउनु भनी तीनै तहका सार्वजनिक निकायलाई आदेश गरेको छ । यो नै सूचनाको हकको कार्यान्वयनको पहिलो पाइला हो र ज्यादै महत्वपूर्ण पनि रहेको छ ।

यस कार्यको वस्तुगत समीक्षा गर्ने तथ्यांक उपलब्ध छैन । तथापि अयोगबाट संचालित सूचना परियोजनाको २०१५ देखि २०१८ सम्म संकलन गरेको अनुगमन तथा मुल्यांकनबाट ३७६१ सार्वजनिक निकायले सूचना अधिकारी तोकेका थिए । केन्द्रीय स्तरका करिब ४६% निकायले कम्तीमा एकपटक स्वतः प्रकाशन गर्ने गरेको पाइएको थियो । केही मन्त्रालय/विभागले आयोगमा पनि विवरण पठाई जानकारी दिएको र आफ्नो वेवसाइटमा स्वतः प्रकाशन र सूचना अधिकारीको विवरण राखेको पाइएको छ । सूचना माग र आपुर्तिको विवरण भने उपलब्ध भएन । विगत पाँच वर्षकै समीक्षा गरी प्रतिवेदन तयार भएको पाइएन । यसर्थ राष्ट्रिय रणनैतिक कार्ययोजनाको अनुगमन र मूल्यांकन गरी उपलब्धी समीक्षा तथा नतिजामा आधारित एकीकृत मूल्यांकन प्रतिवेदन तयार भएको पाइएन । तसर्थ आयोगबाट प्रकाशित वार्षिक प्रतिवेदन र अन्य सन्दर्भ सामग्रीबाट छुट्टा छुट्टै विवरण लिई यो मूल्यांकन तयार गरिएको छ ।

आयोगबाट भएको एक अध्ययन अनुसार प्रदेश स्तरमा ७५% ले सूचना अधिकारी तोकेको र ११% ले मात्रै स्वतः प्रकाशन गरेको पाइएको छ । यसबाट भर्खरै स्थापित प्रदेश र स्थानीय तहमा सूचनाको हकको कार्यान्वयनको अवस्था दयनीय रहेको, कार्यान्वयनमा उदासीन रहेको, सूचनाको हक नबुझेको र कार्यान्वयन गर्ने प्रतिवद्धता र योजना पनि नभएको देखिएको छ । अर्को ज्यादै महत्वपूर्ण कुरा भर्खरै स्थापित प्रदेश र स्थानीय निकायमा समायोजन भएका कर्मचारी कार्यालयमा उपस्थित नभएको कारणबाट कार्य सम्पादनमा असर पुगेको तथा कार्यालयहरूले पारदर्शिता, खुलापन,

जिम्मेवारी र जवाफदेहिता  महशुस गर्न नसकेको पाइएको छ । राजनैतिक प्रतिवमद्धता पनि नभएको र सूचनाको हक सम्बन्धमा बुझाइ पनि नभएको देखिएको छ ।

(२) पुनरावेदनको अवस्था

सार्वजनिक निकायबाट सूचना प्राप्त गर्न नसके राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरी सूचना प्राप्त गर्न सकिने कानुनी व्यवस्था रहेको छ । सूचनाको हक प्रयोग गरी सूचना माग गर्दा नपाएकोले पुनरावेदन गरेको र आयोगबाट फछ्र्योट भएको विवरणहरूको समीक्षा गरिएको छ । आयोगले सूचनाको हक सम्बन्धी रणनैतिक कार्ययोजना २०१३-२०१८ लाई समीक्षा गरी २०१५-२०२० गरेता पनि योजना उदेश्य, लक्ष्य र कार्यक्रम समान रहेको र योजनावद्ध प्रयासको थालनी गरेको अवधि ७ वर्ष नै भएकोले प्रस्तुत समीक्षाको लागि उल्लेखित सात वर्षकै उपलब्धीलाई लिइएको छ । विगत ७ वर्षमा प्राप्त पुनरावेदन फछ्र्योट, बाँकीको विवरण तथा क्षेत्रगत विवरण निम्न तालिका १ र २ बाट स्पष्ट हुन्छ ।

**तालिका नं. १ : पुनरावेदन सम्बन्धी विवरण**

| आर्थिक वर्ष | पुनरावेदनको संख्या | | | |
|---|---|---|---|---|
| | पुनरावेदन / उजुरी | फछ्र्योट | बाँकी | प्रतिशत |
| २०७०/०७१ | ४७० | ४०९ | ६१ | ८७.०२ |
| २०७१/०७२ | ७७७ | ७६५ | १२ | ९८.४५ |
| २०७२/०७३ | ६७८ | ६७४ | ४ | ९९.४१ |
| २०७३/०७४ | ४९७ | ४९४ | ३ | ९९.७९ |
| २०७४/०७५ | ११७६ | ११७५ | १ | ९९.९९ |
| २०७५/०७६ | ११४४ | ११४४ | ० | १०० |
| २०७६/०७७ | १०१३ | १०१३ | ० | १०० |
| | ५७५५ | ५६७४ | ८१ | ९७.८० |

*स्रोत : वार्षिक प्रतिवेदनहरू, राष्ट्रिय सूचना आयोग*

सूचनाको हक सम्बन्धी रणनैतिक कार्ययोजनाको कार्यान्वन अवधिभित्रै सूचनाको माग सम्बन्धी पुनरावेदन ९०% भन्दा बढीले फछ्र्योट गर्ने लक्ष्य राखिएकोमा पछिल्लो ६ वर्षमा करिब ९९% भन्दा

बढी पुनरावेदन फछ्र्योट भएकोले उल्लेखनीय उपलब्धी प्राप्त भएको छ । सम्पूर्ण योजना अवधिमा ५७५५ वटा पुनरावेदन परी ९७.८०% फछ्र्योट भएको देखिन्छ । यसबाट सार्वजनिक निकायबाट माग र प्रवाह भएको सूचनाको संख्या उल्लेख्य रहेको छ भन्ने पनि अनुमान गर्न सकिने देखिन्छ । पुनरावेदन परेका माग सम्बन्धी विवरण अध्ययन गर्दा क्षेत्रगत (Sectoral) स्थिति निम्न बमोजिम देखिन्छ ।

**तालिका नं. २ : क्षेत्रगत पुनरावेदन सम्बन्धी विवरण**

| क्षेत्र | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ७०/७१ | ७१/७२ | ७२/७३ | ७३/७४ | ७४/७५ | ७५/७६ | ७६/७७ |
| अर्थ सम्बन्धी | ३१ | ० | २३० | १९० | ५५ | ४३७ | ७० |
| कानुन तथा न्याय सम्बन्धी | ३ | ४ | ० | ० | ० | ० | ५६ |
| प्रशासन/संचार | २५ | १०० | ३७४ | २३३ | ८४६ | ६१४ | |
| शिक्षा, स्वास्थ्य, खेलकूद | २१६ | २९७ | २५ | ३६ | १६९ | २८ | ९४ |
| जग्गा, मालपोत, वन, कृषि | ० | ० | ० | ० | ० | ० | ३४ |
| सूचना/संचार/प्रविधि | १० | ० | १ | ० | ० | ० | ५ |
| निर्माण, यातायात, विद्युत, खानेपानी, उद्योग वाणिज्य | ० | १५ | १ | ० | ० | ० | १० |
| स्थानीय निकाय, संस्थान, प्राधिकरण | ८४ | १७५ | ० | १५ | ० | ० | ५४२ |
| अन्य निकाय | १०१ | १२९ | ४० | २६ | ५९ | ५० | २०२ |
| पूर्वाधार विकास | ० | ५७ | ९ | १२ | ४७ | १५ | ० |
| **जम्मा** | **४७०** | **७७७** | **६७८** | **४९७** | **११७६** | **११४४** | **१०१३** |

*स्रोत : वार्षिक प्रतिवेदन, राष्ट्रिय सूचना आयोग*

पुनरावेदनको क्षेत्रगत संख्या अध्ययन गर्दा प्रशासन, आर्थिक क्षेत्र, पूर्वाधार, शिक्षा, स्वास्थ्य र स्थानीय निकाय सम्बन्धी सूचना बढी माग भएको देखिन्छ । वास्तवमा सूचनाको हकको कार्यान्वयनमा पनि यी क्षेत्रहरूमा खुला र पारदर्शिता ल्याउन जरुरी छ किनकि धेरैजसो अध्ययनले पनि साधन स्रोतको दुरूपयोग, हिनामिना, भ्रष्टाचार, अनियमितता र अपारदर्शिता यिनै क्षेत्रमा बढी भएको देखाएका छन् । पछिल्ला वर्षहरूमा सेवा प्रवाहमा प्रत्यक्ष संलग्न र अधिकार प्राप्त निकाय भनेको स्थानीय तह भएकोले सूचना माग पनि यिनै क्षेत्रमा वृद्धि भएको देखिन्छ । अत: सूचनाको हकको कार्यान्वयनलाई यी क्षेत्र लक्षित कार्यान्वयनबाट सम्बोधन गर्नु जरुरी देखिन्छ ।

(३) आदेश जारी भएको

सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि नागरिकले स्वत: सूचना प्राप्त गर्ने अवस्था सिर्जना गर्न अधिकतम खुलासा गर्नुपर्छ । सूचना अधिकारी तोकिनुपर्छ, सूचना दिएको र

नदिएको छुट्टै अभिलेख राखी वार्षिक रूपमा आयोगमा प्रतिवेदन गर्नुपर्छ । आयोगले विभिन्न राजनीतिक दल लगायतको सबै सार्वजनिक निकाय समेतमा २०७१-२०७६ को अवधिमा ५६०९ वटा आदेश जारी गरेको देखिन्छ । जारी भएका निकायमध्ये कति निकायले उक्त आदेश पालन गरे गरेनन् भन्ने अनुगमन भएको र स्वतन्त्र रूपमा पुष्टि भएको देखिन्न । सूचना अधिकारीको नियुक्ति र स्वतः प्रकाशनको विवरणबाट पनि आदेश पूरै कार्यान्वयन भएको देखिँदैन ।

(४) आर.टि.आई अडिट भएको

आयोगले सार्वजनिक निकायहरूमध्ये केन्द्रीय स्तरका मन्त्रालय र विभागहरूको आर.टि.आई. अडिट प्रक्रियाको सुरुवात गरी कार्यान्वयनको अवस्थाको अनुगमन र मूल्यांकन गरेको छ । विगत ४ वर्षको आर.टि.आई. अडिटको प्रतिवेदन अध्ययन गर्दा अडिटका प्रश्नहरू अत्यन्त सरल भएका, अडिट गरिएको विवरण वस्तुनिष्ठ तरिकाबाट परिक्षण गर्दा खरो उत्रन नसकेको र हरेक वर्ष एकै खालका सुझावहरू आउने गरेको देखिएकोले खासै प्रभावकारी देखिएको छैन । अतः सिकाईको रूपमा हेर्दा प्रश्नहरू परिमार्जन गर्नुपर्ने, परिक्षण वस्तुनिष्ठ र प्रमाणिकरण हुनुपर्ने र परीक्षणको आधार सार्वजनिक निकायको मूल्यांकन एवं कर्मचारीको वृत्ति विकासमा प्रभाव पार्नसक्ने गरी विकसित गरिनुपर्छ । यो परीक्षणलाई प्रदेश र स्थानीय तहमा पनि पुऱ्याउनुपर्ने र नागरिक समाज र गैरसरकारी निकाय समेत संलग्न गराई स्वतन्त्र मुल्यांकन गरिनुपर्ने देखिएको छ ।

(५) राष्ट्रिय सम्मेलन गरेको

आयोगले हरेक वर्ष राष्ट्रियस्तरको सम्मेलन गरी सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्ने गराउने प्रयास गरेको छ । प्रतिवद्धता पनि प्राप्त गरेको छ । जनचेतना जागृत गर्न राष्ट्रिय सम्मेलन, सूचना दिवस थाहा दिवस मनाउने गरेको छ । सरकारी र गैरसरकारी निकायको संलग्नता पनि रहेको छ । अतः जनचेतना जागृत गर्न र Sensitize गर्न यस्ता कार्यक्रम उपयोगी देखिएको छ । यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने र राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व गर्न गैरसरकारी संगठन र अभियन्ता परिचालन कार्यक्रमलाई सशक्त रूपमा परिचालन गर्नुपर्ने देखिएको छ ।

(६) मोबाइल बेन्चको कार्यान्वयन सम्बन्धमा

राष्ट्रिय रणनैतिक योजनामा काठमाडौं बाहिर पनि आयोगको मोबाइल इजलास कायम गर्ने लक्ष्य राखिएकोमा यो कार्य हुन सकेको देखिएन । तीन तहको शासकीय स्वरूपको व्यवस्था भएको र

आयोगको प्रदेश र स्थानीय तहमा कुनै संयन्त्र नभएकोले मोबाइल बेन्चको परिचालन सम्बन्धी अवधारणालाई पुनर्विचार गरी लागु गर्न पर्ने देखिन्छ ।

(७) तालिम, प्रशिक्षण र अभिमुखिकरण कार्यक्रम संचालन गरेको

विगत पाँच वर्षमा आयोगले ७७ वटै जिल्लामा सूचना अधिकारीहरूलाई गैरसरकारी संस्था, पत्रकार, नेपाल वार एशोसियसन, स्वास्थ्य, वन सहकारी, शिक्षक लगायतका विभिन्न संघसंस्थाहरूका प्रतिनिधिहरूलाई पनि केन्द्रदेखि प्रदेशसम्म तालिम, प्रशिक्षण र अभिमुखिकरण कार्यक्रमहरू संचालन गरेको छ । आयोगले सन् २०१५ देखि २०१८ सम्म मात्र ४१९० जना गैरसरकारी संस्थाका अधिकारीहरूलाई तालिम दिएको देखिन्छ । त्यस्ता कार्यक्रमबाट सूचनाको हक कार्यान्वयनमा भएको योगदान र स्रोतको उपयोगिताका सम्बन्धमा (Value for money) अध्ययन एवं उपलब्धी मूल्यांकन भएको भने पाइएन । त्यसैगरी, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधि र प्रशासनलाई सँगै राखेर जनता जगाउने महाअभियान संचालन गरिएको छ । यो कार्य भर्खरै सुरुवात भएकोले नजिता उपलब्धी (Outcome) मापन गरिसकिएको छैन यस कार्यक्रमलाई प्रभावकारी रूपमा स्थानीय तहहरूमा पुऱ्याउन भने नितान्त जरुरी देखिन्छ ।

(८) सूचनाको हकको प्रचलन/प्रवर्द्धनका लागि विद्युतीय माध्यमको उपयोग गरेको

आयोगले टेलिभिजन, पत्रपत्रिका र रेडियोबाट अधिकतम कार्यक्रमहरू संचालन गरेको छ । सार्वजनिक सूचना प्रकाशन, वृत्तचित्र निर्माण र प्रशारण, रेडियोबाट विभिन्न कार्यक्रम संचालन, होर्डिङ बोर्ड विज्ञापन प्रशारण आदिबाट जनचेतना जगाउने कार्य गरेको छ । विद्युतीय माध्यमबाट प्रसारित सामग्रीका कारण सूचनाको हक सम्बन्धी जनचेतना जगाउन सकारात्मक योगदान दिएको पाइन्छ । आयोगले सूचनाको हक सम्बन्धी विभिन्न पाठ्यसामग्री, निर्देशिका, सफलताका कथा, अनलाइन सूचना व्यवस्थापन प्रणाली स्वतः प्रकाशन भिडियो प्रशिक्षण निर्देशिका लगायतका सामग्री प्रकाशन गरी सूचनाको हक सम्बन्धी जानकारी विस्तार गरेकोलाई उपलब्धीपूर्ण मान्नुपर्दछ ।

(९) सफ्टवेयरको विकास र संचालन गरेको

विगत योजना अवधिमा स्वतः प्रकाशन सम्बन्धी, सूचना व्यवस्थापन प्रणाली (MIS), अनलाइन सूचना माग र पुनरावेदन गर्ने सम्बन्धी ४ ओटा सफ्टवेयर र प्रशिक्षण दिने Help Video समेत प्रकाशन गरी आफ्नो वेवसाइटमा लिंक राखेको देखिन्छ । यसबाट सार्वजनिक निकायले स्वतः प्रकाशन www.nic.gov.np मा गएर link गरी प्रकाशन गर्न सक्नेछन् यसैगरी नागरिकले अनलाइन

सूचना माग र प्राप्ति गर्न सक्नेछन् । तर यो प्रणाली सार्वजनिक निकायको वेवसाइटसँग लिंक गर्न र मिलान (align) गर्न नसकेको र नागरिकले अनलाइन सूचना माग गर्न सबै सार्वजनिक निकायको सम्पर्क विवरण उपलब्ध नभएको तथा user name र password दिनुपर्ने र यो सफ्टवेयरमा दर्ता हुनपर्ने कारणबाट प्रभावकारी रूपमा लागु हुन सकेको देखिएन । अतः अध्ययन गरी नागरिक र सार्वजनिक निकाय मैत्री सूचना व्यवस्थापन प्रणाली लागु गर्नुपर्ने देखिन्छ । छुट्टै App वा नागरिक App बाट पनि संचालन गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

(१०) संस्थागत प्रयास गरेको

सूचनाको हक सम्बन्धी कार्य गर्ने प्रमुख दायित्व सरकारको भए पनि यस सम्बन्धी सबै काम आयोगले गर्छ भन्ने मानसिकता रहेको पाइन्छ । आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सूचना तथा संचार प्रविधि मन्त्रालय र हुलाक कार्यालय मार्फत् अनुगमन र कार्यान्वयन गराउने गरी संस्थागत प्रयास गरेको भए पनि सूचनाको हकको कार्यान्वयन प्रभावकारी रूपमा भएको पाइएन । वास्तवमा सरकारी निकायमा उल्लेखित व्यवस्था बाहेक अरु कुनै प्राथमिकता वा कार्यक्रम रहेको देखिन्न । सूचना नदिने र गोप्य राख्ने मानसिकता रहेको छ । उच्च राजनैतिक र प्रशासनिक प्रतिवद्धता पनि भएको पाइएन । अतः विगत पाँच वर्षको अध्ययनबाट आयोगबाट भए गरेका कार्य बाहेक गर्दा सरकारी सक्रियता पर्याप्त नभएको देखिन्छ ।

(११) बाझिएका कानुन पहिचान गरी संशोधन गर्ने प्रस्ताव गरेको

राष्ट्रिय रणनीतिक कार्ययोजनाको एउटा कार्यक्रम बाझिएका कानुन संशोधन गर्ने र सूचनाको हक सम्बन्धी कानुनलाई पनि समय सापेक्ष बनाउने रहेकोमा योजना अवधिमा करिब २०७ वटा बाझिएका कानुन पहिचान गर्ने कार्य मात्र सम्पन्न भयो । अरु कानुनका मस्यौदा तयार भए पनि यसमा कारबाही सम्पन्न भएको देखिएन ।

(१२) आयोगको छवि उच्च पार्ने कार्य भएको

राष्ट्रिय रणनीतिक कार्ययोजनामा आयोगको छवि उच्च पार्ने, अन्तर्राष्ट्रिय सहयोग वृद्धि गर्ने र देशभित्र सबैमा स्वीकार्यता गराउने लक्ष्य रहेकोमा यो कार्य सफल भएको छ । सूचनाको हक सम्बन्धी अन्तर्राष्ट्रिय Ranking मा नेपाल १०४ अंक पाएर २६औं स्थानमा भएकोमा हाल २०१८ मा ११३ अंक पाएर २१ औं स्थानमा पुग्न सफल भएको छ । वंगलादेशको सूचना आयोगसँग समझदारी पत्रमा हस्ताक्षर भएको छ । संयुक्त राष्ट्रसंघीय महिला कार्यक्रम (UN WOMEN) सँग

सम्झौता भएर महिलालाई सूचनाको अधिकार भन्ने पुस्तिका ५०,००० प्रति विभिन्न भाषामा समेत प्रकाशित गरी वितरण गरिएको छ । खुला सरकारी तथ्यांक कार्ययोजना अनुमोदनका लागि सरकार समक्ष प्रस्तुत गरिएको छ । अन्तर्राष्ट्रिय फोरमहरूमा भाग लिने र अध्ययन भ्रमण गर्ने गरिएको देखिन्छ । यस कार्यबाट आयोगको छवि र अन्तर्राष्ट्रिय सहयोगमा वृद्धि भएकोलाई यस पाँच वर्षे रणनीतिक कार्ययोजनाको उपलब्धी मान्नुपर्दछ ।

(१३) ७७ जिल्ला स्तरीय कार्यक्रम संचालन गरेको

आयोगले विगत पाँच वर्षमा ७७ वटै जिल्लामा रहेका सार्वजनिक निकाय, गैरसरकारी संस्था, संचार माध्यम र अन्य पेशागत संघ संगठनका पदाधिकारीहरूलाई सूचनाको हक सम्बन्धी प्रशिक्षण र अभिमुखीकरण गराएको छ । भूकम्पबाट प्रभावित ३४ जिल्लामा अझ सघन कार्यक्रम गरी रेडियो, टिभी र वृत्तचित्र तथा PSA जस्ता सूचनामूलक सन्देश कार्यक्रमहरू पनि संचालन गरेको थियो । यी कार्यक्रम पनि पाँच वर्षे रणनीतिक कार्ययोजना अन्तर्गत सम्पन्न भएका छन् तर वस्तुनिष्ठ तरिकाबाट उपलब्धी मापन गर्ने मापदण्ड भने विकास भएको देखिएन ।

(१४) पुरस्कारको व्यवस्था गरेको

पाँच वर्षे रणनीतिक कार्ययोजना अनुसार उत्कृष्ट काम गर्ने सूचना अधिकारी र अभियन्तालाई पुरस्कृत गर्ने कार्यक्रम रहेकोमा यो कार्य सम्पन्न भएको देखिन्छ । हरेक वर्ष ५/५ जना र पछिल्लो २ वर्ष ७/७ जनाका दरले पुरस्कृत गरेको पाइन्छ । तर पुरस्कार प्राप्त गर्ने सूचना अधिकारीको छिटो सरुवा हुने गरेको पाइएको छ । अभियन्ताहरूको लगनशीलता भने सन्तोषजनक नै छ ।

## १.४ लक्ष्य र कार्यान्वयनको खाडल (Implementation Gap)

रणनीतिक कार्ययोजना २०१५-२०२० का लक्षित कार्यक्रमहरूमध्ये ९५% भन्दा बढी कार्यक्रमहरू सम्पन्न भएको देखिन्छ । भौतिक र वित्तीय प्रगति उल्लेखनीय नै रहेको छ । योजना अवधिमा कुल ३०,७२,०५,०००।- बजेट अनुमान भएको भए पनि सन् २०१५ देखि २०१८ सम्म ४ वर्षको लागि ११,३९,३२,०००।- को वैदेशिक सहायता र बाँकी नेपाल सरकारबाट वार्षिक बजेटबाट परिचालन भएको देखिन्छ । यसमध्ये करिब ३ करोड जति वैदेशिक सहायता खर्च नभई फिर्ता भएको पनि पाइन्छ । उदाहरणको रूपमा रणनीतिक कार्ययोजनाका सन् २०१६ जुलाईदेखि २०१८ सम्म संचालित परियोजनाको कूल वैदेशिक सहायता तर्फ ५६ वटा कार्यक्रम र रु. ८,१५,३२,६१५।- बजेट

रहेकोमा २०१८ को डिसेम्बरसम्म ५२ वटा कार्यक्रम भएको र करिब ८०% रकम खर्च भएको देखिन्छ । नेपाल सरकार तर्फबाट संचालित कार्यक्रमहरू पनि ९५% भन्दा बढी सम्पन्न भएको देखिन्छ । आयोगबाट योजना तर्जुमा गर्दा केही महत्वाकांक्षी लक्ष्य राखिएको हो कि भन्ने पनि देखिन्छ । तर खर्च गर्दा वास्तविक लागत अनुमान गरिए पनि सार्वजनिक खर्च ऐन नियमका कतिपय प्रावधानहरूले गर्दा अपेक्षित रूपमा खर्च गर्न नसकिएको तथ्य योजना कार्यान्वयनमा संलग्न पदाधिकारीहरूबाट व्यक्त भएको पाइन्छ ।

रणनीतिक कार्ययोजनाका धेरैजसो कार्यक्रमहरू नागरिक समक्ष जानकारी पुऱ्याउने, सचेतना विकास गर्ने, जनचेतना फैलाउने र सक्रिय नागरिक र अभियन्ता लक्षित रहेका थिए । सार्वजनिक निकायलाई खुला, पारदर्शी, जिम्मेवार र जवाफदेही तथा उत्तरदायी बनाई सुशासन कायम गराउने लक्ष्य भएको र यी लक्ष्यहरू निरन्तर रूपमा कार्यान्वयन गर्दै लैजानुपर्ने र कुनै विन्दुमा पुगेपछि बन्द गर्नुपर्ने जस्ता होइनन् । अतः नागरिक जागरुक र क्रियाशील नभएसम्म सार्वजनिक प्रशासन सक्रिय र स्वतः प्रभावित हुने अवस्था हुँदैन । त्यसैले रणनीतिक कार्ययोजनालाई समीक्षा गरी पुनः तर्जुमा गरी अझ सशक्त र प्रभावकारी बनाउनुपर्ने टड्कारो आवश्यकता प्रस्तुत योजनाको कार्यान्वयनबाट प्राप्त सिकाइ र अनुभव रहेको छ । अतः प्रत्येक क्रियाकलापको तुरुन्तै Value for Money वस्तुगत रूपमा प्राप्त गर्न र मापन गर्न कठिनाइ भएपनि अनुगमन र मूल्यांकनलाई कार्यक्रमको सशक्त र अभिन्न अंग मानी नतिजामा आधारित मूल्यांकन पद्धति अपनाउनुपर्ने देखिन्छ ।

## १.५ रणनीतिक योजना अवधिमा सम्पन्न हुन बाँकी कार्यहरू

### (क) माग पक्षको सशक्तिकरण गराउने

आयोगको ५ वर्षे प्रस्तावित कार्यक्रमहरूमध्ये सम्पन्न हुन नसकेका कार्यहरूमा समावेशी रूपमा जनचेतना जगाउन नसकेको, सूचनाको हक सम्बन्धी स्रोत केन्द्रको स्थापना र संचालन गर्न नसकेको पाइन्छ । यस्तै शिक्षक र स्वास्थ्य सम्बन्धी राष्ट्रसेवकहरूलाई प्रारम्भिक प्रशिक्षण दिने कार्य हुन सकेको पाइएन । सूचनाको हक सम्बन्धी विषयमा पि.एच.डि. एम.फिल र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई थेसिस लेख्न फेलोसिप प्रदान गर्ने कार्य पनि भएको देखिएन ।

### (ख) आपूर्ति पक्षको सुदृढीकरण

आपूर्ति पक्षको सुदृढीकरण गर्ने कार्यक्रममध्ये केन्द्र र जिल्लास्थित सबै सार्वजनिक निकायमा सूचना अधिकारी नियुक्त गर्ने कार्य आंशिक रूपमा मात्रै सम्पन्न भएको छ । कार्यालय प्रमुख पछिको दोस्रो

वरिष्ठ अधिकारीलाई सूचना अधिकारी तोक्ने कार्य भएको देखिन्न । यस्तै अनलाइन सूचना माग गर्ने पोर्टललाई संस्थागत गर्ने कार्य पनि आंशिक र अपर्याप्त रहेको पाइन्छ । सरकारी तालिम केन्द्रहरूले सूचनाको हक सम्बन्धी पाठ्यक्रम समावेश गरेको भएता पनि एकीकृत मापदण्ड सहितको पाठ्यक्रम विकास भएको पाइएन । सूचना अधिकारीको लागि छुट्टै सेवा समूह, आर्थिक र अन्य उत्प्रेरणा भएको देखिएन । स्वतः प्रकाशन सम्बन्धी पोर्टल विकास गरी लागु गरेको भएता पनि एकीकृत पोर्टल खडा गरी सार्वजनिक निकायको पोर्टलसँग तादात्म्यता रहेको देखिएन । साथै, यसलाई कार्यकारी अधिकार प्रयोग गरी सबैलाई बाध्य गराउने गरी कानुनी मान्यता दिलाएको पनि देखिएन ।

### (ग) आयोगको क्षमता अभिवृद्धि गर्ने

यस कार्यक्रम अन्तर्गत संचार तथा बाह्य पहुँच (Communication and Outreach Strategy) स्थापना गर्ने, अनुमगन तथा मुल्यांकन प्रणाली सम्बन्धी अवधारणा र आधारपत्र विकास गरेको देखिएता पनि पूर्ण रूपमा कार्यान्वयन भएको अवस्था पुष्टि हुँदैन । यस्तै आयोगका कर्मचारी अत्यन्त न्यून संख्यामा रहेको र छिटो छिटो सरुवा हुने प्रवृत्ति कायमै रहेकोले संस्थागत स्मृतिको अभाव भएकोले योजनाको कार्यान्वयनमा प्रतिकूल असर परेको समेत देखियो । यसैगरी, संघीय ढाँचामा सूचनाको हक कार्यान्वयन गर्ने रणनीति विकास गर्ने, ऐन नियममा संशोधन गर्ने, आयोगको आदेश समयमै कार्यान्वयन गर्ने गराउने जस्ता कार्यहरू सम्पन्न भएनन् । आर.टि.आई. सेन्टरमा ई-लाइब्रेरी स्थापना गर्ने कार्य पनि हुन सकेन । आयोगको पूर्वाधार विकासको लागि आफ्नो छुट्टै भवन निर्माण कार्य हुन सकेन । दक्षिण एशियाली सूचना आयोगको कन्भेन्सन र महिला आयुक्तहरूको कन्भेन्सन पनि हुन सकेन । त्यसैगरी ५ वर्षे रणनीतिक योजनाको बाह्य स्रोतबाट प्रभाव (Impact) अध्ययन मूल्यांकन गरेको पाइएन ।

संक्षेपमा भन्नुपर्दा आयोगले संस्थागत र योजनावद्ध विकास गर्न लागेको करिब सात वर्ष भएको र तीन वटा सहयोग परियोजनाको कार्यान्वयनको अनुभव रहेको छ । सन् २०१३ जनवरी-डिसेम्बरसम्म एक वर्ष परियोजना Improving the implementation of RTI in Nepal, दोस्रो परियोजना Support to Champanioning National Capacity for RTI in Nepal नामक प्रथम र द्वितीय चरणको योजना सन् २०१४ देखि २०१८ सम्म संचालन गऱ्यो । उल्लेखित परियोजनाहरूबाट नेपालमा सूचनाको हकको क्षेत्रमा धेरै राम्रो सकारात्मक विकास भएको पाइएको छ । पाँच वर्षे योजनाले अपेक्षा गरेको पूरै कार्यान्वयन नभएता पनि सूचनाको हकको क्षेत्रमा

सचेतना ल्याउन र सम्बद्ध पक्षलाई सूचनाको आपूर्ति र माग तथा स्वतः प्रकाशनका लागि बाध्य पार्ने गरी अनुकूल वातावरणको सिर्जना गर्न सक्षम भएको अनुभव गराएको र देखिएको छ ।

# अध्याय २
# आयोग र अन्य सरोकारवालाहरूको भूमिका

सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोग र अन्य सरोकारवाला निकायको भूमिका विश्लेषण गर्नुपर्दा देहाय बमोजिमका सरोकारवाला व्यक्ति तथा निकायहरूको प्रत्यक्ष रूपमा संलग्नता रहेको पाइन्छ । यद्यपि कतिपय अन्य सरोकारवालाहरूले अप्रत्यक्ष रूपमा भूमिका निर्वाह गरेको यथार्थलाई इन्कार गर्न मिल्दैन । खासगरी देहायका निकायहरू सूचनाको हकको कार्यान्वयनमा प्रत्यक्ष संलग्न रहेका छन् ।

(१) राष्ट्रिय सूचना आयोग : संस्थागत पक्ष

(२) माग पक्ष : सूचना मागकर्ता

(३) आपूर्ति पक्ष : सूचना आपूर्तिकर्ताको भूमिका रहेका संघ, प्रदेश एवम् स्थानीय तहका सरकारहरू र अन्तर्गतका सार्वजनिक निकायहरू

(४) सूचनाको हकका प्रवर्द्धक तथा समर्थकहरू तथा कानुनतः दर्ता भएका सार्वजनिक सरोकार राख्ने गैरसरकारी राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरू

उल्लेखित सरोकारवाला निकायहरूको दायित्व तथा भूमिका सम्बन्धमा संक्षिप्त विश्लेषण निम्न बमोजिम रहेको छ ।

## २.१ राष्ट्रिय सूचना आयोगको भूमिका

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हक मानेको छ । यस मौलिक हकको कार्यान्वयन गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ जारी भएको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम नेपालमा एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको स्थापना २०६५ वैशाखमा भएको हो । यसको मुख्य कार्य सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने हो । यो मुख्य कार्यको अतिरिक्त आयोगका अन्य काम कर्तव्य र अधिकार देहाय बमोजिम छन् :

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीहरूको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचिकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) ऐन बमोजिमको दायित्व पालन गर्न गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र संवर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने ।

राष्ट्रिय सूचना आयोगले आफ्नो जिम्मेवारी निर्वाह गर्न उल्लेखित कार्यका अतिरिक्त निम्न बमोजिम कार्य समेत गर्दै आएको छ :

(क) पुनरावेदन सुन्ने,

(ख) सार्वजनिक निकायले लगाएको शुल्क, दस्तुर उपर पुनरावेदन सुन्ने,

(ग) वर्गीकरण समितिले गरेको वर्गीकरण उपरको निर्णय पुनरावलोकन गर्ने,

(घ) शंखघोषक विरुद्धको कारबाही सम्बन्धमा उजुरी सुन्ने तथा क्षतिपूर्ति दिलाउने,

(ङ) सूचनाको दुरूपयोग उपरको उजुरी सुन्ने र दण्ड सजाय गर्ने,

(च) सूचना अधिकारी वा कार्यालय प्रमुखलाई दण्ड सजाय गर्ने,

(छ) आयोगको आदेश अटेर गर्नेलाई दण्ड सजाय गर्ने,

(ज) क्षतिपूर्तिको लागि उजुरी सुन्ने,

(झ) पुनरावेदन र आयोगका काम कारबाही संचालन गर्न कार्यविधि बनाउने, आचारसंहिता बनाउने,

(ञ) आयोगको वार्षिक प्रतिवेदन पेश गर्ने ।

राष्ट्रिय सूचना आयोगको कार्यक्षेत्र व्यापक रहेको छ तर यो व्यापकता तब मात्र कार्यान्वयनमा आउँछ र प्रभावकारी देखिन्छ जब सूचनाको माग र आपुर्तिमा उल्लेखनीय रूपमा बढोत्तरी हुन्छ । अन्यथा ऐन नियममा भएका प्रावधानहरू यथास्थितिमा रहन्छन् र त्यसको खास महत्व पनि प्रमाणित हुँदैनन् । आयोगले स्थापनाकालदेखि नै आफ्नो जिम्मेवारी र जवाफदेहिता सफलतापूर्वक सम्पन्न गरेको छ । यद्यपि आयोग सीमित मानवीय र आर्थिक स्रोत साधन, प्रदेश र जिल्ला स्तरमा सम्पर्क निकायको अभाव र प्रचलन बाहेकमा कार्यकारी प्रकृतिको अधिकार नहुनु जस्ता कारणहरूले गर्दा सूचनाको हकको कार्यान्वयनमा विगत तेह्र वर्षको अवधिमा उल्लेख्य सफलता मिलेको छ र सूचनाको हकको कार्यान्वयनमा भारत बाहेक अन्य दक्षिण एशियाली राष्ट्रमा नेपालको स्थिति उदाहरणीय रहेको छ । खासगरी पुनरावेदनको फछ्र्योट ९९% भन्दा बढी रहेको छ । अन्य सरोकारवालाहरूले आयोगको काम पुनरावेदन सुन्ने मात्र हो । प्रवर्द्धन गर्ने कार्य गैरसरकारी संस्था र समर्थक प्रवर्द्धकहरूको हो र तिनलाई सशक्त बनाउनुपर्छ भन्ने आवाज सशक्त रूपमा नआएको पनि होइन । तथापि आयोगको कार्य जिम्मेवारीमा सूचनाको हकको संरक्षण र प्रवर्द्धन गर्ने कार्य जिम्मेवारी समेत रहेको छ । त्यसले गर्दा आयोगले जनचेतना वृद्धि गर्ने कार्य व्यापक र सशक्त रूपमा गर्दै आएको पनि छ । यसैकारणले गर्दा आयोग एउटा राष्ट्रिय संस्थाको रूपमा सादृश्य रूपमा रहेको पनि मान्नुपर्छ । यसलाई सरोकारवालाहरूले मान्यता पनि दिएको पाइन्छ ।

सबै सार्वजनिक निकायमा सूचना अधिकारी तोक्ने, तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने, सूचना दिएको र दिन इन्कार गरेको विवरणको अभिलेख आयोगमा पठाउने आदेश कार्यान्वयन भइरहेको छ । इन्टरनेटमा आधारित अनलाइन सूचना माग र आपुर्ति गर्ने कार्यका लागि सफ्टवेयर तर्जुमा गरी आंशिक रूपमा भएपनि लागु रहेको छ । तालिम, प्रशिक्षण, अभिमुखिकरण, आर.टि.आई. अडिट र सूचना तथा ज्ञान सम्बन्धी र जानकारीमूलक सामग्रीको प्रकाशन र वितरण गरी आएको छ । यसैगरी विभिन्न निर्देशिका तयार गरी वितरण गरेको छ । साथै आयोगले सूचनाको हक सम्बन्धी सफलताका कथाहरूको संगालो पनि प्रकाशन गर्दै आइरहेको छ ।

नेपालमा सूचनाको हकको कार्यान्वयनको स्थान अन्तर्राष्ट्रिय रूपमा बढोत्तरी भएको छ । विश्व वरियतामा २६औं स्थानमा भएकोमा सन् २०१८ मा २१औं स्थानमा उक्लिन सफल भएको छ । असल अभ्यासको आदान-प्रदान भएको छ । अन्य देशका सूचना आयोगसँग समझदारी पत्रमा हस्ताक्षर भएको छ । राष्ट्रिय सूचना आयोग सूचनाको हकको कार्यान्वयनका लागि सशक्त निकायको रूपमा विकास भएको छ ।

## २.२ सूचनाको माग पक्ष

सूचनाको हकका माग पक्ष भनेका नेपाली नागरिक हुन् । नागरिक सर्वोच्चता र जनतामा निहित सार्वभौम सत्ता नेपाल राज्यको पहिचान हो । लोकतन्त्रको मुख्य आधार भनेको नै जनतामा निहित सार्वभौमसत्ता र सर्वोच्चता नै हो । अतः नेपाली जनता नेपालका सार्वजनिक निकायमा रहेका सूचनाका मालिक हुन्, स्रोत हुन् र स्वामित्व राख्ने व्यक्ति हुन् भन्नेमा दुईमत हुन सक्दैन ।

त्यसैले सूचनाको माग गर्ने अधिकार नेपालको संविधानले नेपाली नागरिकलाई दिएको छ । सूचना माग गरेर, नमागिकन र बाध्य पारेर ३ किसिमबाट लिन सकिने व्यवस्था रहेको छ । प्रथमतः सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्व र व्यक्तिको आफ्नो सूचना माग गर्ने, पाउने सार्वजनिक निकायमा रहेको सूचनामा सरल र सहज पहुँच हुने, दोस्रो सूचना प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने र तेस्रो सूचना प्राप्त नभएमा पुनरावेदन उजुर तथा निवेदन दिएर प्राप्त गर्न सकिने व्यवस्था छ ।

सूचनाको मागकर्ता नागरिकले सार्वजनिक निकायमा रहेका सूचना माग गर्ने प्रवृत्ति रहेको छ । स्वतः प्रकाशन पनि गर्ने गरिएको छ । आयोगको ३ वर्षे परियोजनाको उपलब्धीको समीक्षा गर्दा ३७६१ वटा निकायले सूचना अधिकारी तोकेको र केन्द्रीय स्तरका र जिल्लास्तर गरी कम्तिमा १ पटक ४६% निकायले स्वतः प्रकाशन गरेको पाइएको थियो । २०७७ को पछिल्लो अध्ययन अनुसार १५ वटा मन्त्रालय र ३७ वटा विभागले स्वतः प्रकाशन गरेको देखिएन । तर यसले निरन्तरता पाउन सकेन र शासकीय स्वरूप पनि यसै बीचमा परिवर्तन भयो । सार्वजनिक निकायमा के कति सूचना माग भयो र प्राप्त भयो भन्ने एकीकृत विवरण उपलब्ध हुन सकेको अवस्था छैन तर कतिपय सार्वजनिक निकायले माग गरेको विवरण दिने गरेको भनेका छन् ।

विगत सात वर्षको अवधिमा पुनरावेदन गरेको संख्या ५७५५ भएको बाट सूचना मागको प्रवृत्ति बढ्दै गएको देखिएता पनि सन्तुष्ट हुने अवस्था भने छैन । किनभने यो मागको संख्या अत्यन्त न्यून हो । नागरिक आफै जागरुक हुँदैनन् जबसम्म उनीहरूलाई सूचनाको अति आवश्यकता पर्दैन । नागरिकलाई जागरुक गर्ने कार्य सरकारी निकाय र गैरसरकारी संस्था तथा अभियन्ता र समर्थकहरूबाट नियमित रूपमा भइरहनु पर्दछ । गैरसरकारी संस्था आफूलाई सूचनाको हकको

पहरेदार भनेता पनि आफै सीमित संख्यामा छन् र विगत वर्षहरूमा देखि केही निष्कृय भएको पनि पाइन्छ । यस पक्षको विश्लेषण गर्दा देहायको अवस्था रहेको पाइन्छ :

(क) सूचनाको माग गर्नु र प्राप्त गर्नु नागरिकको मौलिक अधिकार हो भन्ने धेरैलाई थाहा छैन । नागरिक आफै जागृत हुनुपर्दछ । उनीहरूलाई सूचनाको आवश्यकता पनि पर्नुपर्दछ । नागरिक सचेत नभएको अवस्था छ । साक्षरता र जनचेतनाको अभाव रहेको छ ।

(ख) नागरिकका अधिकार र नागरिकलाई उपलब्ध अवसरका विषयमा जानकारी दिने संयन्त्रहरू अत्यन्तै कमजोर छन् । भाषागत सीमितता छ । खासगरी एउटै नेपाली भाषामा मात्र सूचना माग गर्ने र दिने तथा प्रकाशन गर्ने चलन छ । समावेशिताको अभाव छ । महिला, मधेसी, आदिबासी, जनजाति, पिछडिएका वर्ग र दुर्गम क्षेत्रका नागरिकका अधिकारबारेको जानकारी र पहुँच पनि छैन ।

(ग) गैरसरकारी संस्था पनि सीमित संख्यामा रहेका छन् । आफ्नो साधन स्रोत छैन । प्रवर्द्धन गर्ने भूमिकामा सीमित छन् ।

(घ) सूचनाको हक सम्बन्धी अधिकार पत्रकारको अधिकार हो भन्ने भ्रम जनतामा रहेको छ ।

(ङ) सूचना माग गर्न झन्झटिलो प्रक्रिया भएकोले जनता अभ्यस्त पनि छैनन् । माग गरेको सूचना सजिलै पाइँदैन, त्यसैले माग नै नगर्ने प्रवृत्ति रहेको छ । धेरै पटक धाउनुपर्ने अवस्था रहेको छ ।

(च) प्रविधिमैत्री सूचना माग र आपुर्ति गर्ने प्रणाली छैन । त्यसैले सूचना माग गर्ने लागत पनि भुक्तानी गर्न नसक्ने अवस्था रहेको छ ।

(छ) सूचना माग गर्ने नागरिक र सहजकर्ता प्रति सार्वजनिक निकायका सूचना अधिकारी, कार्यालय प्रमुख र अन्य पदाधिकारीको दृष्टिकोण नकारात्मक रहेको छ ।

## २.३ सूचना आपूर्ति पक्ष

सूचना आपूर्तिकर्ता भनेको सार्वजनिक निकाय हुन् र नेपालको कानुन बमोजिम नेपालमा दर्ता भएका र स्थापना भएका सबै निकाय सार्वजनिक निकाय हुन् । अतः नागरिकले मागे पनि र नमागे पनि सूचना दिनुपर्ने दायित्व सार्वजनिक निकायको हो ।

नागरिकलाई सूचना प्रवाह गर्न सार्वजनिक निकायले सूचना अधिकारी तोक्नुपर्ने, सूचना शाखाको स्थापना गर्नुपर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने दायित्व तोकेको छ । स्वतः प्रकाशन गर्दा

२० प्रकारका सूचना प्रकाशन गर्नुपर्दछ । सार्वजनिक निकायले सूचनाको हकको सम्मान र संरक्षण गर्ने, सूचना अद्यावधिक गरी सार्वजनिक प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने तथा कर्मचारीलाई तालिम प्रशिक्षण दिनुको साथै विभिन्न राष्ट्रिय भाषा तथा आमसंचार माध्यमबाट सूचना सार्वजनिक गर्ने दायित्व रहेको छ । सार्वजनिक निकायको स्थितिको विश्लेषण गर्दा निम्न अवस्था देखिन्छ :

(क) सार्वजनिक निकायमा सूचना अधिकारी तोक्ने कार्य सम्पन्न भएको छैन । सरुवा बढुवा भई रिक्त रहेमा प्राथमिकता दिई तोक्ने व्यवस्था पूर्ण रूपमा पालन गरिएको छैन । कार्यालय प्रमुख पछिको वरिष्ठ अधिकारीलाई सूचना अधिकारी तोक्ने कार्य भएको छैन ।

(ख) छुट्टै सूचना शाखा पनि तोकिएको छैन ।

(ग) ३/३ महिनामा गर्नुपर्ने स्वतः प्रकाशन नियमित रूपमा निर्धारित ढाँचामा गरिएको देखिँदैन ।

(घ) सूचना अधिकारीकै पहुँचमा सूचना पुग्ने गरेको पाइएन ।

(ङ) कार्यालयको अभिलेख प्रणाली व्यवस्थित नरहेको र विद्युतीय माध्यमबाट सूचना उत्पादन, संग्रह र वितरण गर्ने नगरेको ।

(च) सूचनाको वर्गीकरण नभएको ।

(छ) सूचना माग भएपछि कसरी सूचना प्रवाह गर्ने भन्ने कार्यविधि वा निर्देशिका नभएको

(ज) सूचना माग भएपछि सूचना दिने नदिने निर्णय गर्न सूचना अधिकारीले नै कार्यालय प्रमुख समक्ष पेश गर्ने गरेको र सूचना अधिकारीलाई स्पष्ट अधिकार प्रत्यायोजन नभएको । सूचना नदिएको कारण सूचना अधिकारी दण्डित हुनुपर्ने अवस्था रहेको तर सूचना संग्रह गरी नदिने अन्य कर्मचारीलाई केही कारबाही नहुने भएबाट सूचना प्रवाह सम्बन्धी कार्य क्षेत्रगत स्पष्टता तथा जिम्मेवारी एवं जवाफदेहिता बहन नहुने गरेको ।

(झ) सूचना अधिकारीको कामलाई अतिरिक्त बोझको रूपमा लिइने गरेको र कार्यालयकै बाध्यात्मक कार्य हो भनी आत्मसात गरेको नपाइएको ।

(ञ) सूचना अधिकारीलाई तालिम, प्रशिक्षण नभएको

(ट) धेरैजसो सार्वजनिक निकायले सूचनाको हक र त्यसको दायित्व बारे अनभिज्ञ रहेको, उदासिन रहने गरेको, यसको खुला तथा पारदर्शिताको बीचको भिन्नता महशुस गर्न नसकेको ।

(ठ) सूचना प्रवाहप्रति असंलग्न हुने, अवरोध गर्ने र सकभर बाध्य नभई सूचना नदिने प्रवृत्ति कायम रहेको ।

(ड) कार्यालयको सबै कार्य गोपनीय नै हुने र सूचना दिन नहुने मानसिकता कायम नै रहेको ।

(ढ) नागरिकप्रति सम्मानभाव हुने नगरेको ।

(ण) सूचना संरक्षण गर्ने कार्यविधि तर्जुमा हुन नसकेको ।

(त) विभिन्न भाषा र संचार माध्यमबाट सूचना सार्वजनिक गर्ने र प्रसारण गर्ने नगरेको ।

(थ) सूचनाको हक के हो, कस्ता अधिकार हुन्छन् र राज्यबाट के के सुविधा, संरक्षण र लाभकारी कार्य गरेका छन् र कुन वर्गका जनताले कसरी कहाँबाट प्राप्त गर्न सक्छन् र प्राप्त नभएमा उपचारको कस्तो व्यवस्था रहेको छ भन्ने जानकारीमूलक सूचना प्रवाह भएको पाइन्न ।

(द) खुला र पारदर्शी भएमा अनियमितता, भ्रष्टाचार, वेथिति प्रकाशमा आउने र दण्डित हुने भय रहेको छ ।

(ध) सार्वजनिक निकायमा रहेको सूचनाको हकप्रतिको धारणा र कार्यान्वयनको स्थितिको विश्लेषणबाट सन्तोष मान्नुपर्ने अवस्थाको अभाव स्पष्ट रूपमा देखा पर्दछ ।

### २.४ संघीय, प्रदेश र स्थानीय तहका सरकार अन्तर्गतका सार्वजनिक निकायहरू

सूचनाको हकको कार्यान्वयन गर्ने गराउने मुख्य जिम्मेवारी तीनवटै तहका सरकारहरूको हो । नेपालको शासकीय स्वरूप परिवर्तन, राज्यको पुनर्संरचना पश्चात संघीय सरकार, सातवटा प्रदेश र ७५३ वटा स्थानीय तहका सरकार रहेको छ । सूचनाको स्रोत यिनै सरकार हुन् । कार्यान्वयन कर्ता र सहजकर्ता पनि यिनै हुन् । सरकारी निकाय नै सूचनाको उत्पादक, वितरक र उपभोगकर्ता पनि हो । सूचनाको हकको कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दा निम्न बमोजिमको स्थिति रहेको पाइन्छ ।

(क) राजनैतिक प्रतिवद्धताको अभाव रहेको । सकभर सूचना नदिने प्रवृत्ति रहेको र सूचना नदिनेलाई जिम्मेवार र जवाफदेही बनाउन प्रयत्न नगरेको मात्र हैन कि सूचनाको संप्रेषणबाट सरकारको गलत क्रियाकलाप सार्वजनिक भएमा जनताको कठघरामा उभिनुपर्ने भयले गर्दा सूचना नदिने गरिएको ।

(ख) प्रदेश र स्थानीय तहमा भर्खरै मात्र पुनर्संरचना भएकोले कार्यालय व्यवस्थापन, मानवस्रोत साधन, भौतिक पूर्वाधारको अभाव भएकोले सूचनाको हकले प्राथमिकता पाउन नसकेको ।

(ग) स्थानीय तहका शाखा कार्यालयहरूबाट पालिका समक्ष सूचना प्राप्त गर्ने कार्यविधि स्पष्ट नभएको र सम्बन्धित शाखा कार्यालयबाट सूचना अधिकारी तोक्ने, सूचना अद्यावधिक गर्ने र सूचना प्रवाह गर्ने, स्पष्ट कार्यविधि नभएको हुँदा सूचना प्रवाह नियमित नभएको ।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवको अध्यक्षतामा रहेको केन्द्रीय समन्वय इकाई, संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको केन्द्रीय कार्यान्वयन इकाई र हुलाक सेवा कार्यालयबाट जिल्ला स्थित कार्यालयहरूमा सूचनाको हकको कार्यान्वयनको अनुगमन गर्ने सम्बन्धी नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार कार्य सम्पादन नभएकोले सरकारबाट हुनुपर्ने सूचनाको हकको कार्यान्वयन भएको नदेखिएको । यसबाट जनताप्रति जवाफदेही र उत्तरदायी हुने तथा राज्यको काम कारबाही खुला र पारदर्शी गराई सुशासन कायम गर्ने अभिष्ट पूर्ति भएको नदेखिएको । प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र अन्य कार्यालयले बिल भरपाई स्पष्ट राख्नुपर्ने प्रावधान पनि हटेको ।

(ङ) नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा रहेको वर्गीकरण समितिले सूचनाको वर्गीकरण नगरेको कारणबाट सूचना प्रवाहमा अन्योलता रहेको ।

(च) प्रदेश र स्थानीय तहमा सूचनाको हक सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने छुट्टै सम्पर्क केन्द्र नभएको र आयोगको संयन्त्र पनि नभएकोले कार्य व्यवस्थापनमा कठिनाइ रहेको ।

(छ) तीनवटै सरकार स्वतन्त्र र स्वायत्त हुन भन्ने अवधारणागत बुझाइले केही प्रदेशले छुट्टै सूचनाको हक सम्बन्धी ऐन बनाउने प्रयत्न पनि गरेको तर संघीय सरकारबाट यस सम्बन्धमा कुनै स्पष्टता गरिएको अवस्था नदेखिएको ।

(ज) प्रदेश र स्थानीय तहमा सूचनाको हक सम्बन्धी ज्ञानको अभाव रहेको । स्वतः प्रकाशन र सूचना अधिकारीको नियुक्ति गर्ने व्यवस्था कार्यान्वयनमा अपवादको रूपमा भएपनि समष्टिगत रूपमा हुन नसकेको । प्रदेश र स्थानीय स्तरमा धेरै अनियमितता, अव्यवस्था र भ्रष्टाचार तथा मिलेमतो हुने गरेको ।

(झ) सूचनाको अभिलेख, भण्डारण, प्राप्ति तथा पुनः प्राप्ति सम्बन्धी प्रणालीको अभावको कारणबाट सूचना नदिने प्रवृत्ति झनै बढेको । पुनः प्राप्ति तथा प्रयोगका विषयमा पर्याप्त व्यवस्था र कार्यविधि नभएको कारण सूचना नै अप्राप्य हुने गरेको । धेरै कार्यालय र कर्मचारीहरू समायोजन भएका कारणबाट संस्थागत स्मृतिमा नरहेको र तिनको पुनः

व्यवस्थापन गर्ने विधि प्रक्रिया थालनी नगरिएबाट महत्वपूर्ण सूचना तथा अभिलेख सदाका लागि नास/लोप हुने र विस्मृतिमा जाने डर भएको । सूचना प्रविधिमैत्री र प्रयोगकर्ता मैत्री प्रविधिको अभाव भएको ।

## २.५ सूचनाका हकका प्रवर्द्धक, सहजकर्ता तथा समर्थकहरू तथा कानुनतः दर्ता भएका सार्वजनिक सरोकार राख्ने गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू

सूचनाको हकका प्रवर्द्धक, सहजकर्ता तथा समर्थक भनेका सुशासनलाई कार्यक्षेत्र बनाएका गैरसरकारी संस्था, सूचनाको हकको क्षेत्रमा कार्यरत अभियन्ता, खोज पत्रकारिता गर्ने व्यक्ति तथा संस्था र पत्रपत्रिका, रेडियो, टिभी लगायतका विद्युतीय संचार माध्यम हुन् । सूचनाको हक नागरिकको हक भएता पनि नागरिक स्वयं जागृत नहुने भएकोले नागरिकलाई जगाउन प्रवर्द्धक, सहजकर्ता र समर्थकको आवश्यकता रहन्छ । शिक्षा र चेतनाको स्तरको कमीले गर्दा अझ बढी आवश्यकता रहेको हुन्छ ।

नेपालमा गैरसरकारी संस्थाको संख्या करिब करिब ४० हजार भन्दा बढी रहेको अनुमान छ । त्यस्तै निजी आमसंचार माध्यमहरू पनि उल्लेखनीय रूपमा रहेका छन् । सूचनाको हकको क्षेत्रमा काम गर्ने खोज पत्रकारिताको संख्या नगन्य छ भने अभियन्ता र सहजकर्ताको संख्या पनि धेरै बढी छैन । करिब दुई दर्जन गैरसरकारी संस्था सूचनाको हकको कार्यान्वयन, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण, नागरिक वडापत्रको कार्यान्वयनको मुल्यांकन गर्ने पद्धति लगायत पारदर्शिता र उत्तरदायी तथा जवाफदेहीता प्रवर्द्धनको कार्यमा लागेको पाइन्छ । यथार्थमा जति गैरसरकारी संस्था र तिनको संजालको प्रयोग हुनुपर्ने हो त्यो भएको पाइँदैन । गैरसरकारी संस्था महासंघसँग आवद्ध भएका संस्था मात्र करिब ७ हजारको हाराहारीमा रहेका छन् र केन्द्रदेखि स्थानीय तहसम्म संजाल रहेको छ । तथापि तिनीहरूमा पनि सूचनाको हकको कार्यान्वयनमा उदासिनता भने रहेको पाइन्छ ।

गैरसरकारी संस्था, सहजकर्ता, प्रवर्द्धकहरू र समर्थकहरूको कार्यान्वयनको अनुभव र वर्तमान अवस्थाको विश्लेषणबाट देहाय बमोजिमको स्थिति पाइन्छ :

(क) धेरैजसो गैरसरकारी संस्थाहरू सूचनाको हकप्रति अनभिज्ञ रहेको र उदासिन रहने गरेको पाइन्छ । सूचनाको हक र सुशासन सम्बन्धी विषयमा काम गर्ने गैरसरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू अत्यन्त न्यून रहेको ।

(ख) प्रत्येक राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पनि सूचना अधिकारी नियुक्त गर्नुपर्ने र स्वतः प्रकाशन गर्नपर्ने प्रावधानले गर्दा आफ्नो काम कारबाही पारदर्शिता र खुला गर्न नचाहने प्रवृत्ति रहेको ।

(ग) स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरू विदेशी रकमबाट संचालित छन् भन्ने आम बुझाइ रहेको कारणबाट समाजमा नकारात्मक धारणा रहेको ।

(घ) आमसंचार र विद्युतीय संचार माध्यमको कार्य नै भण्डाफोर गर्ने र दुरुत्साहन गर्ने प्रवृत्ति र माध्यम हुने गरेको धारणा व्याप्त रहेको ।

(ङ) सार्वजनिक निकायले गरेको कुनै गलत काम बाहिर प्रचार भएमा भय र आपतको स्थिति हुने गरेको कारण सार्वजनिक निकाय र पदाधिकारी टाढै बस्न रुचाउने गरेको

(च) प्रवर्द्धक, सहजकर्ता र अभियन्ताको कुनै संगठित संजाल नभएको जसबाट छुट्टा छुट्टै रूपमा सूचनाको हकप्रति प्रतिवद्धता भएपनि कार्यगत एकता र सहकार्य हुन नसकेको ।

(छ) यस्ता संस्था र व्यक्तिहरूमा अझै पनि मानवीय तथा आर्थिक स्रोत साधनको अभाव रहेको । सूचनाको हक कार्यान्वयन गराउने दायित्व क्षमता कमजोर रहेको ।

(ज) आमसंचार माध्यम सूचनाको हकका प्रति जिम्मेवार र जवाफदेही हुन नसकेको । कुनैपनि संचार माध्यम आफैँले पनि सूचनाको हकको कार्यान्वयन नगरेको र सूचनाको हक सम्बन्धी बिट स्थापना गरी यस क्षेत्रमा भएका गतिविधिलाई प्रोत्साहन गर्ने गरेको नपाइएको ।

(झ) सूचनाको हकको प्रयोग गरी सूचना माग गरी सार्वजनिक गर्ने प्रवृत्ति नरहेको । सूचना मागकर्ताले सूचना प्राप्त गरेपछि त्यसको प्रयोजन र प्रयोग यसरी के कामका लागि गरे भन्ने अनुभूति पनि हुने नगरेको र थाहा पनि गराउने प्रवृत्ति नरहेको । यसबाट सार्वजनिक निकायलाई पारदर्शी, खुला र उत्तरदायी भए भएनन् भन्ने एकीन गर्न नसकिएको ।

माथि उल्लेखित सूचनाको हकको क्षेत्रमा कार्यरत संस्था तथा निकायको विश्लेषणबाट सूचनाको हकको कार्यान्वयनमा अझ धेरै कार्य गर्नुपर्ने आवश्यकता देखिएको छ । संस्थागत र एकीकृत कार्य गरी संजाल निर्माण मार्फत् सहकार्य गर्नुपर्ने अवस्था रहेको स्पष्ट अनुभूति भएको छ ।

सरोकारवाला संस्था तथा निकायको विश्लेषण गर्दा सूचनाको हकको क्षेत्रमा धेरै प्रगति भएको पाइएता पनि संस्थागत, कानुनी, व्यवहारगत, प्रविधि तथा उपयोग सम्बन्धी अवस्थामा अरु धेरै सुधार गर्न बाँकी रहेको देखाउँछ । समस्या तथा चुनौतिहरू धेरै नै रहेका छन् । यसका लागि विगत रणनीतिक योजनामा सम्पन्न नभएका कार्यहरू र परिवर्तित सन्दर्भमा उपयुक्त हुने कार्यक्रम समावेश गरी नयाँ रणनीतिक कार्ययोजना २०२१-२०२५ तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन आएको छ । नयाँ रणनीतिक कार्ययोजना तर्जुमा गर्न माथि विश्लेषण र प्रस्तुत गरिएको कार्यक्रम कार्यान्वयन अनुभव, सिकाइ अभ्यास र कमी कमजोरीहरू समेतलाई निम्न बमोजिम संस्थागत विश्लेषणबाट अझ बढी स्पष्ट गरिएको छ ।

# अध्याय ३

# रणनीतिक विश्लेषण र दिशाबोध

## ३.१ संस्थागत विश्लेषण

रणनीतिक योजनाको तर्जुमाको सन्दर्भमा सूचनाको हकको कार्यान्वयनको वर्तमान अवस्था, भएको प्रयास, सरोकारवालाको विश्लेषण तथा अनुभवबाट सूचनाको हकको कार्यान्वयनमा प्रत्यक्ष जिम्मेवार र जवाफदेही रहेको राष्ट्रिय सूचना आयोगको सवल/दुर्वल पक्ष तथा अवसर र चुनौति के कस्तो रहेका छन् भन्ने विश्लेषण निम्न बमोजिम रहेको पाइन्छ ।

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| - सूचनाको हक मौलिक हक भएको<br>- राष्ट्रिय सूचना आयोग ऐन बमोजिम गठित भएको स्वतन्त्र आयोग भएको<br>- आयोगको काम कर्तव्य र अधिकार कानुनतः स्पष्ट रहेको<br>- कार्य सम्पादन गर्ने ऐन, नियम निर्देशिका र कार्यविधि रणनीतिक कार्ययोजना रहेको<br>- प्रमुख सूचना आयुक्त र आयुक्तहरूको नियुक्ति, शर्त र | - संविधानमा सूचना प्रवाह गर्ने हक र सूचना दिन बाध्य पारिने छैन भन्ने वाक्यांश रहेको<br>- प्रायः सबै ऐन सूचनाको हकसँग बाझिएको अवस्था रहेको<br>- सूचनाको हक सम्बन्धी ऐन नियममा समयानुकूल संशोधन नभएको<br>- सबै सार्वजनिक निकायलाई ऐनको क्षेत्राधिकार अन्तर्गत ल्याउन नसकेको<br>- सरकारी निकायमा नोडल एजेन्सीको स्पष्ट |

| सबल पक्ष | दुर्बल पक्ष |
| --- | --- |
| अवकाश सम्बन्धी व्यवस्था ऐनद्वारा निर्दिष्ट भएको<br>- आयोगको आदेश कार्यान्वयन नभएमा दण्ड सजाय गर्ने अधिकार भएको<br>- वार्षिक प्रतिवेदन प्रधानमन्त्री मार्फत् संसदमा पेश गर्ने व्यवस्था भएको<br>- सूचनाको हकको कार्यान्वयनमा आयोग सकारात्मक रहेको<br>- आयोगबाट संचालित केही कार्यक्रमहरूमा तथ्यांकहरू आंशिक मात्रामा विश्लेषण गर्ने गरेको । | कार्यान्वयन नभएको ।<br>- प्रदेश र स्थानीय निकायसम्म आयोगको नेटवर्क सम्पर्क केन्द्र नभएको<br>- आयोगमा मानवीय र आर्थिक स्रोत साधनको अभाव रहेको । कर्मचारी छिटो सरुवा हुने र संख्या पनि न्यून रहेको, दक्ष र अनुभवी कर्मचारी पर्याप्त नभएको<br>- पूर्वाधार नभएको (आफ्नो कार्यालय भवन र अन्य भौतिक स्रोत साधन) पर्याप्त नभएको<br>- गोपनियताको हक र पारदर्शिताको हकबीच तादात्म्यता नभएको र शंखघोषकको सुरक्षा नभएको<br>- सूचनाको मागकर्ताको सुरक्षाको व्यवस्था नभएको<br>- अभिलेख तथा सूचना प्रणाली, संस्थागत स्मरण प्रणाली पर्याप्त अनुसन्धान, मुल्यांकन तथा अनुगमन प्रणाली फितलो हुनु<br>- आयोगको सुझाव संसदमा प्रस्तुत भई छलफल र निर्देशन नहुनु<br>- आयोगको निर्देशन कार्यान्वयन गर्न सक्षम नभएको । (गैरसरकारी संस्थाको हकमा)<br>- आयोगको आदेश कार्यान्वयन गराउने कार्यकारी अधिकार नभएको<br>- आयोगको तर्फबाट अदालतमा बहस पैरवी गरी प्रतिरक्षा गर्ने संस्थागत व्यवस्था नभएको |

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| | - अनुगमन तथा मूल्यांकन पद्धति नहुनु |

| अवसर | चुनौति |
|---|---|
| - राष्ट्रिय सूचना आयोगलाई थप प्रभावकारी र सक्षम बनाउने तथा नागरिकमा सूचनाको पहुँच पुऱ्याउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरिने पन्ध्रौं योजनामा उद्घोषण गरिनु<br>- सूचनाको हकको कार्यान्वयनप्रति प्रतिवद्ध नागरिक समाज, गैरसरकारी संस्था अभियन्ता र आमसंचारका माध्यम सहयोगी र अनुकूल वातावरण विकास हुनु<br>- कक्षा ७ देखि ११ सम्मको पाठ्यक्रममा सूचनाको हक सम्बन्धी विषय समावेश गरिनु<br>- लोकसेवा आयोगको पाठ्यक्रम र सरकारी तालिम/प्रशिक्षण केन्द्रहरूमा सूचनाको हक सम्बन्धी विषय पनि समावेश हुनु<br>- नवीनतम प्रविधि र सामाजिक संजालको प्रयोग र प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको स्थापना र | - राजनैतिक प्रतिवद्धताको वृद्धि गर्नु<br>- सूचना अधिकारीको नियुक्ति र सूचना शाखाको व्यवस्था गर्ने, सूचना अधिकारीकै पहुँचमा सूचना पुऱ्याउने<br>- स्वतः प्रकाशन नियमित गराउने<br>- अभिलेख व्यवस्थापन र सूचना व्यवस्थापन प्रणाली चुस्त दुरुस्त बनाउने<br>- सूचना प्रविधि र प्रविधिमैत्री पोर्टलको प्रयोग गर्ने<br>- अनलाइन सूचना माग गर्ने र आपुर्ति गर्ने प्रणालीको प्रयोगमा वृद्धि गर्ने र कानुनी मान्यता दिलाउने तथा पर्याप्त मात्रामा प्रयोगकर्ता मैत्री प्रणाली स्थापना गर्ने<br>- सूचनाको वर्गीकरण गर्ने<br>- सूचना अधिकारी र कार्यालय प्रमुखलाई पर्याप्त मात्रामा तालिम प्रशिक्षणको व्यवस्था गर्ने<br>- सूचना अधिकारीलाई उत्प्रेरणा जगाउने सेवा शर्त र सुविधाको व्यवस्था गर्ने<br>- सार्वजनिक निकायले सूचना प्रवाह र स्वतः प्रकाशन सम्बन्धी कार्यलाई अतिरिक्त बोझको |

| अवसर | चुनौति |
| --- | --- |
| प्रयोग गर्ने अवसर स्थापना हुँदै जानु<br>- वर्तमान ऐन, नियम, नीति निर्देशिका र कार्यविधिले कार्यान्वयनलाई सहज बनाएको अवस्था हुनु<br>- सूचनाको हकको क्षेत्रमा कार्यरत क्षेत्रीय तथा अन्य आयोग र संस्थासँग सहयोग समन्वय र पारस्परिकताको विकास गर्ने सहज र उपयुक्त वातावरण सिर्जना हुँदै जानु<br>- सूचनाको हकको प्रयोगद्वारा अनियमितता, भ्रष्टाचार, मिलेमतोमा हुने काम कारबाहीलाई नियन्त्रण गर्न अग्रसर अभियन्ता र गैरसरकारी संस्थाको सक्रियता बढ्दै जानु<br>- स्थानीय तहबाट जनताको घरदैलोबाट, सेवा सुविधा पुग्ने अवस्थाको विद्यमानताले गर्दा नागरिकको सूचनाको हकको प्रयोगबाट थाहा पाउने अवसर वृद्धि हुँदै जानु<br>- संचार माध्यम र सीमित नै भएपनि खोज पत्रकारिताको र सूचना सम्प्रेषणबाट नागरिक चनाखो भई आफ्नो अधिकारको सुरक्षा गर्न सक्ने वातावरण निर्माण हुँदै जानु | रूपमा नलिई नियमित कामका रूपमा लिने<br>- सूचना अधिकारी र प्रवक्ता बीचको अन्तर स्पष्ट गर्ने तथा सूचना अधिकारीलाई सूचना प्रवाह गर्ने अधिकार प्रत्यायोजन गर्ने<br>- आम नागरिक तथा गैरसरकारी संस्था र प्रवर्द्धकहरूमा सूचनाको हक सम्बन्धी ज्ञान र लाभ सम्बन्धी जानकारी गराउने<br>- सूचनाको हकको प्रवर्द्धन सम्बन्धी काम गर्न पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने<br>- सूचनाको हक पत्रकारको हक हो भन्ने आम बुझाई र मान्यतामा परिवर्तन ल्याई संचार माध्यमले उचित महत्व दिई प्रयोग र प्रकाशन गर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्ने<br>- सार्वजनिक निकायको वेवसाइट अद्यावधिक गर्ने तथा RTI Menu र स्वतः प्रकाशन कहाँ कसरी गर्ने भन्ने स्पष्ट कानुनी आधार र बजेटको व्यवस्था गर्ने<br>- सूचनाका समर्थक, प्रवर्द्धक र गैरसरकारी संस्थालाई सुदृढ र सशक्त बनाई राष्ट्रिय संजाल मार्फत परिचालन गर्ने<br>- आयोगको संरचनागत कमीले गर्दा प्रदेश र स्थानीय स्तरमा पुग्न पुनरावलोकन गरी उपयुक्त संरचना निर्माण गर्ने |

### ३.२ संस्थागत विश्लेषणबाट प्राप्त सिकाइ र दिशाबोध

सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलनका लागि स्वतन्त्र राष्ट्रिय सूचना आयोगको अझ बढी सक्रिय भूमिका अपेक्षित रहेको सन्दर्भ संस्थागत विश्लेषणबाट प्राप्त नतिजाबाट देखिन आएको छ । राज्यको कामकारवाहीलाई खुला र पारदर्शी बनाउन, नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको सरल र सहज पुऱ्याउन तथा माग गरेको सूचना प्रवाह गर्न आयोगको संस्थागत क्षमतामा अभिवृद्धि, ऐन कानुनमा सुधार, पूर्वाधारको व्यवस्था गर्न अत्यावश्यक देखिएको छ । सरोकारवाला विश्लेषणबाट गैरसरकारी संस्था तथा समर्थक र प्रवर्द्धकको सुदृढिकरण गरी समन्वयात्मक रूपमा एकीकृत र परिपुरक कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयन गरी सशक्तिकरण गरिनु पर्ने पनि उत्तिकै आवश्यकता देखिएको छ ।

सार्वजनिक निकायलाई बढी जिम्मेवार र जवाफदेही तथा उत्तरदायी बनाई नागरिकको हकको सम्मान, सूचना संरक्षण र सम्प्रेषण गर्ने प्रविधिमैत्री प्रणालीको प्रयोग गरी सक्षम गराउनु पर्ने देखिएको छ । सबैभन्दा महत्वपूर्ण पक्ष भनेको नागरिकलाई सशक्तिकरण गर्नुपर्ने देखिएको छ । आयोगका सवल पक्ष र अवसरहरूको उपयोग र कार्यान्वयनबाट सशक्त संगठनात्मक क्षमता भएको र मौलिक हकको प्रत्याभूति गराउन सक्षम गराउनुपर्ने देखिएको छ भने दुर्वल पक्ष तथा चुनौतिहरूलाई योजनावद्ध ढंगबाट हटाउँदै लगि भविष्यको लागि स्पष्ट दिशाबोध दिने गरी विकास गरिनुपर्ने देखिएको छ । उल्लेखित विश्लेषणबाट निम्न बमोजिम रणनीतिक समस्याहरू (Critical issues) को सम्बोधन गर्नुपर्ने देखिएको छ :-

(क) सूचनाको हकको प्रयोग अत्यन्त न्यून भएकोले जनचेतना जागृत गराई नागरिकलाई सक्षम बनाउने ।

(ख) नागरिकलाई सूचनाको हकको प्रयोग गर्न सक्षम बनाउने गैरसरकारी संस्था, अभियन्ता नागरिक समाज प्रवर्द्धक समर्थक र आमसंचार माध्यमसँग साझेदारी र सहयोगात्मक कार्यक्रम कार्यान्वयन गर्न जोड दिंदै सशक्तिकरण गर्दै लैजाने ।

(ग) सार्वजनिक निकायका काम कारबाहीलाई लोकतान्त्रिक पद्धति अनुरूप खुला, पारदर्शी जिम्मेवार जवाफदेही (उत्तरदायी) सदाचारयुक्त र प्रविधिमैत्री बनाई शासकीय स्वरूपमा भएको परिवर्तनलाई आत्मसात गर्दै सूचनाको हकको प्रयोगमा वृद्धि गरी सुशासन कायम गराउन पुनः अभिमुखीकरण तथा सुदृढिकरण गर्ने ।

(घ) राष्ट्रिय सूचना आयोगलाई सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न संरचनागत पुनरावलोकन गर्ने तथा पर्याप्त र दक्ष जनशक्ति, आर्थिक स्रोत पूर्वाधारको उपलब्धता, कानुनी अधिकार, प्रविधिमैत्री/ प्रयोगकर्ता मैत्री प्रणालीगत व्यवस्थापन, अनुगमन तथा मुल्यांकन गर्न सक्षम र सुदृढ संस्थागत क्षमता भएको एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठायुक्त संस्थाको रूपमा सुदृढ गर्दै लैजाने ।

(ङ) सूचनाको हकलाई विभिन्न भाषा, क्षेत्र, वर्ग र लिङ्गको प्रतिनिधित्वमा जोड दिँदै समावेशी बनाउँदै मानव अधिकार र सुशासनको औजारको रूपमा विकासित गर्ने ।

## ३.३ रणनीतिक योजनाको मार्गदर्शक सिद्धान्तहरू

प्रस्तुत रणनीतिक योजना तर्जुमा गर्दा राष्ट्रिय आवश्यकता, विगतका अनुभव र अभ्यास एवं सूचनाका हकको विश्वव्यापी सिद्धान्तहरूलाई आत्मसात गर्दै निम्न बमोजिम मार्गदर्शक सिद्धान्तहरूबाट निर्देशित रही तर्जुमा गरिएको छ ।

(क) खुला र पारदर्शी कार्यसंस्कृति,

(ख) नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,

(ग) सूचनामा सरल र सहज पहुँच पुऱ्याउने तथा माग गरेमा र नगरेमा पनि अधिकतम खुलासा गर्ने,

(घ) नागरिकप्रति जिम्मेवार र जवाफदेही,

(ङ) राष्ट्रसेवकको भावना र व्यवहार तथा प्रभावकारी कार्यान्वयन,

(च) सूचना प्रवाहमा तत्परता एवं वास्तविक र भरपर्दो सूचना समयभित्रै प्रवाह गर्ने प्रणालीगत व्यवस्था,

(छ) प्रविधिमैत्री सूचना अभिलेख र व्यवस्थापन प्रणाली,

(ज) स्वच्छ, निष्पक्ष, निर्भिक र समन्यायिक, परिणाममुखी, सिर्जनशील र जनसेवी सार्वजनिक प्रशासन, समावेशी आधार र सूचनामा पहुँच,

(झ) सूचनाको हकका सरोकारवालासँग साझेदारी र सहकार्यको विकास,

(ञ) समावेशी आधार,

(ट) मानव अधिकारको सम्मान, संरक्षण एवं प्रत्याभूति,

(ठ) सूचना माग र प्रयोगकर्ताको सशक्तिकरण,

(ड) आमसंचारको प्रयोगमा वृद्धि,

(ढ) खुला समाज एवं सचेत, सक्रिय र जिज्ञासु नागरिक,

(ण) सूचनाको हकप्रति नागरिक समाजको अपनत्व/स्वामित्व ।

# अध्याय ४

# रणनीतिक योजना

## ४.१ दूरदृष्टि (Vision)

सुशासनका लागि पारदर्शी र सुसूचित समाजको निर्माण

## ४.२ ध्येय (Mission)

सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको सरल र सहज पहुँच अभिवृद्धि गर्ने ।

## ४.३ लक्ष्य (Goal)

सार्वजनिक निकायका काम कारबाहीहरूलाई खुला, पारदर्शी र प्रविधिमैत्री बनाई नागरिकप्रति जिम्मेवार बनाउने र नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने ।

## ४.४ उदेश्यहरू (Objectives)

(क) सूचनामा नागरिकको सहज पहुँच मार्फत् सुशासन कायम गराउने ।

(ख) सेवा प्रवाहलाई खुला, पारदर्शी, जनमुखी र उत्तरदायी बनाउन नागरिक समाज, सूचनाका अभियन्ता, प्रवर्द्धक र समर्थकहरूको क्षमता अभिवृद्धि गर्ने ।

(ग) सार्वजनिक निकायलाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउन प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको माध्यमबाट क्षमता अभिवृद्धि गर्ने ।

(घ) आयोगको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त व्यावसायिक र प्रतिष्ठायुक्त संस्थाको रूपमा पहिचान दिलाउने ।

(ङ)	मागपक्षलाई सूचनाको हकप्रति सचेत बनाई सक्षम नागरिक बनाउन सघाउने ।

## ४.५ रणनीतिहरू (Strategies)

आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना २०२१-२०२५ को कार्यान्वयनमा सूचनाको हकका माग पक्ष, आपुर्ति पक्ष र आयोग, सूचनाका हकका प्रवर्द्धक समर्थक र आमसंचार माध्यमको सक्रिय र सशक्त भूमिका रहन आवश्यक रहनेछ । प्रस्तुत रणनीतिहरू एक अर्काका परिपूरक र अभिन्न अंगको रूपमा रहेकोले उस्तै उस्तै देखिएता पनि कार्यक्रमहरूमा सहकार्य एवं साझेदारी तथा सहयोग र समन्वयमा मात्र सम्पन्न हुनसक्ने अपेक्षा राखिएको छ ।

रणनीति १ :	नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन र सशक्तीकरण गर्ने ।

रणनीति २ :	सूचनाको हकका प्रवर्द्धक, समर्थक/अभियन्ताहरूलाई प्रोत्साहन, सहजीकरण, सशक्तिकरण तथा संवर्द्धन गर्ने ।

रणनीति ३ :	सार्वजनिक निकायलाई पुनः अभिमुखीकरण तथा सुदृढीकरण गर्ने ।

रणनीति ४ :	आयोगको संस्थागत क्षमता अभिवृद्धि तथा सुदृढीकरण गर्ने ।

## ४.६ रणनीतिक कार्ययोजना (Strategic Plan of Actions)

उल्लिखित प्रकरणहरूमा प्रस्तुत र विश्लेषण गरिए अनुसार आयोगको २०२१-२०२५ को रणनीतिक कार्ययोजना देहाय बमोजिम हुनेछ ।

**रणनीतिक प्राथमिकता १ : नागरिकलाई सूचनाको हकको प्रयोग गर्न प्रोत्साहन तथा सशक्तिकरण गर्ने ।**

| क्र.सं. (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| १. | नागरिकलाई सूचनाको हकको प्रयोग गर्न सामर्थ्यवान् बनाउने र प्रेरित गर्ने | १. सूचनाको हकको प्रयोग सम्बन्धी जनचेतना जगाउने सूचना तथा शिक्षा सामग्रीहरू राष्ट्रिय भाषाहरूमा तयार गर्ने | विभिन्न भाषाभाषीका नागरिकले सूचना तथा शिक्षा सामग्रीको उपयोग गर्न सक्ने | अभिलेख | उच्च | न्यून |
| | | २. रेडियो, टिभी, सामाजिक संजाल लगायत आमसंचार एवं विद्युतीय संचार माध्यमको प्रयोगद्वारा सूचना सामग्री प्रकाशन, वितरण र प्रचार प्रसार गर्ने | सूचनाको हक सम्बन्धी जानकारी नागरिक तहमा विस्तार हुने | श्रव्य दृश्य सामग्री, अभिलेख, अवलोकन | उच्च | न्यून |
| | | ३. सूचनाको हकको प्रयोगबाट हुने पारदर्शिता एवम् सुशासन र प्रयोग नगर्दा हुने नकारात्मक पक्षबारे पालिकादेखि केन्द्रसम्म कार्टुन, चित्रकला प्रतियोगिता र प्रदर्शनी आयोजना गर्ने | सूचनाको हकको प्रयोगको महत्वबारे सर्वसाधारण सबैले जानकारी प्राप्त गरी प्रयोगका लागि अभिप्रेरित हुने | कार्टुन, चित्रकला, कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |

| क्र.सं. (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| २. | नागरिकलाई शंखघोष गर्न उत्प्रेरित गर्ने र संरक्षण गर्ने | १. शंखघोषकको परिचालन, प्रोत्साहन र संरक्षण सम्बन्धी निर्देशिका तर्जुमा गरी लागु गर्ने | प्रोत्साहन एवं संरक्षणका आधार तयार भई शंखघोषमा बढोत्तरी हुने | निर्देशिका | उच्च | उच्च |
| ३. | विद्यालय तहदेखि नै सूचनाको हक सम्बन्धी शिक्षा प्रदान गर्ने र सूचनाको हकको अभ्यास गराउने | १. माध्यमिक तह (कक्षा ८) को सामाजिक शिक्षा विषयमा अनिवार्य पाठ्यक्रमको रूपमा समावेश गर्ने | शिक्षाको प्रारम्भिक चरणदेखि नै सूचनाको हक सम्बन्धी जागरण शुरु हुने | सूचनाको हक समेटिएको नयाँ पाठ्यक्रम | उच्च | उच्च |
| | | २. स्नातक/स्नातकोत्तर तहमा सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | उच्च शिक्षाका विद्यार्थीहरूमाझ सूचनाको हकको महत्व र कार्यान्वयनमा नागरिकको भूमिका सम्बन्धमा सचेतना हुने | अभिलेख/प्रतिवेदन | न्यून | न्यून |
| | | ३. सूचना प्रविधिको प्रयोग गरी उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूको राष्ट्रिय संजाल निर्माण गर्ने | विद्यार्थीहरूले सूचनाको हकको उत्प्रेरकको भूमिका निर्वाह गरेको हुने | संजाल गठन भएको अभिलेख प्रतिवेदन | उच्च | उच्च |
| | | ४. शिक्षक सहयोगी पुस्तिका र सूचनाको हक सम्बन्धी पाठ्य सामग्री प्रकाशन र वितरण गर्ने | सूचनाको हक सम्बन्धी अध्ययन, अध्यापन कार्यमा सहजीकरण हुने | प्रकाशित सामग्री र परिमाण | न्यून | न्यून |

| क.सं. (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | ५. सूचनाको हक सम्बन्धी निबन्ध, कविता लगायतका रचनामा विद्यार्थीहरूबीच प्रतिष्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत तथा प्रकाशन गर्ने । | सूचनाको हक सम्बन्धी विषयमा विद्यार्थीहरूमाझ सिकाइको आकर्षण वृद्धि हुने | अभिलेख | न्यून | न्यून |

## रणनीतिक प्राथमिकता १ः नागरिकलाई सूचनाको हकको कार्यान्वयन गर्न प्रोत्साहन तथा सशक्तिकरण गर्ने कार्ययोजना

| क.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | लक्ष्य (Target) | वर्ष (Year) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| १.१ | **नागरिकलाई सूचनाको हकको प्रयोग गर्न सामर्थ्यवान् बनाउने र प्रेरित गर्ने** | | | | | | | | | |
| १.१.१ | सूचनाको हकको प्रयोग सम्बन्धी जनचेतना जगाउने सूचना तथा शिक्षा सामग्रीहरू राष्ट्रिय भाषाहरूमा तयार गर्ने | प्रकार | ५० | | | | | | ३००.० | योजना तथा प्रवर्द्धन शाखा |
| १.१.२ | आमसंचार एवं विद्युतीय संचार माध्यम र सामाजिक संजालको प्रयोगद्वारा सूचना सामग्री प्रकाशन, वितरण र प्रचार प्रसार गर्ने | वटा | १०० | | | | | | ५००.० | योजना तथा प्रवर्द्धन शाखा |
| १.१.३ | सूचनाको हकको प्रयोगबाट हुने पारदर्शिता एवम् सुशासन र प्रयोग नगर्दा हुने नकारात्मक पक्षबारे पालिकादेखि केन्द्रसम्म कार्टुन, | वटा | १५ | | | | | | २५.० | योजना तथा प्रबर्द्धन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | लक्ष्य (Target) | वर्ष (Year) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| | चित्रकला प्रतियोगिता र प्रदर्शनी आयोजना गर्ने | | | | | | | | | |
| १.२ | **नागरिकलाई शंखघोष गर्न उत्प्रेरित गर्ने र संरक्षण गर्ने** | | | | | | | | | |
| १.२.१ | शंखघोषकको परिचालन, प्रोत्साहन र संरक्षण सम्बन्धी निर्देशिका तर्जुमा गरी लागु गर्ने | वटा | १ | | | | | | १०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| १.३ | **विद्यालय तहदेखि नै सूचनाको हक सम्बन्धी शिक्षा प्रदान गर्ने र सूचनाको हकको अभ्यास गराउने** | | | | | | | | | |
| १.३.१ | माध्यमिक तहको सामाजिक शिक्षा विषयमा अनिवार्य पाठ्यक्रमको रूपमा समावेश गर्ने | वटा | १ | | | | | | ३०.० | योजना तथा प्रवर्द्धन शाखा |
| १.३.२ | स्नातक/स्नातकोत्तर तहमा सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | वटा | ३५ | | | | | | ७०.० | योजना तथा प्रवर्द्धन शाखा |
| १.३.३ | सूचना प्रविधिको प्रयोग गरी उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूको राष्ट्रिय संजाल निर्माण गर्ने | वटा | ७ | | | | | | ३५.० | योजना तथा प्रवर्द्धन शाखा |
| १.३.४ | शिक्षक सहयोगी पुस्तिका र सूचनाको हक सम्बन्धी पाठ्य सामग्री प्रकाशन र वितरण गर्ने | प्रकार | ५ | | | | | | ४०.० | योजना तथा प्रवर्द्धन शाखा |
| १.३.५ | सूचनाको हक सम्बन्धी निबन्ध, कविता लगायतका रचनामा विद्यार्थीहरूबीच प्रतिष्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत तथा प्रकाशन | वटा | ५ | | | | | | ३०.० | योजना तथा प्रवर्द्धन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | लक्ष्य (Target) | वर्ष (Year) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| | गर्ने । | | | | | | | | | |
| जम्मा | | | | | | | | | १०४०.० | |

**रणनीतिक प्राथमिकता २ : सूचनाका हकका प्रवर्द्धक/समर्थक/अभियन्तालाई प्रोत्साहन, प्रवर्द्धन, सहजीकरण गर्ने ।**

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| १. | गैरसरकारी संस्थालाई सूचनाको हकका प्रवर्द्धकको रूपमा विकास गर्ने | १. सूचनाको हक र सुशासनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थासँग समझदारी एवं साझेदारी गरी कार्यक्रम संचालन गर्ने | गैरसरकारी संस्था मार्फत सूचना मागको संख्यामा वार्षिक ३०% वृद्धि हुने | प्रतिवेदन | उच्च | न्यून |
| | | २. गैरसरकारी संस्था र तालिम प्रदायक संस्था मार्फत सबै प्रदेश र स्थानीय तहमा सचेतना कार्यक्रम संचालन गर्ने | सूचनाको हक सम्बन्धी सचेतनास्तर अभिवृद्धि हुने | प्रतिवेदन | उच्च | न्यून |
| | | ३. गैरसरकारी संस्था र आयोगबीच आवधिक रूपमा अन्तरक्रिया गर्ने | परस्पर सहकार्यका क्षेत्रहरू पहिचान हुने र समस्या समाधान हुने | अभिलेख | उच्च | न्यून |
| | | ४. गैरसरकारी संस्थाले संचालन गर्ने कार्यक्रममा आयोगको सहभागिता एवं कार्यक्रमको उपलब्धी समेटी आयोगले आफ्नो प्रतिवेदनमा समावेश गर्ने परिपाटीको विकास गर्ने । | गैरसरकारी संस्थाको योगदानको अभिलेखीकरण हुने र पारस्परिक सहयोग अभिवृद्धि हुने | प्रतिवेदन | उच्च | न्यून |
| २. | सूचनाको हकका अभियन्ता र उत्प्रेरकलाई प्रोत्साहन गर्ने | १. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अभियन्ताहरूको अद्यावधिक लगत तयार गर्ने | अभियन्ताहरूको पहिचान स्थापित हुने | अभिलेख | न्यून | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | २. उत्कृष्ट कार्य गर्ने अभियन्ताहरूलाई विनय कसजु अभियन्ता पुरस्कारबाट सम्मान गर्ने | अभियन्ताहरू उत्प्रेरित भई सूचनाको माग वृद्धि हुने | अभिलेख | न्यून | न्यून |
| | | ३. आयोगबाट संचालित कार्यक्रममा अनुसन्धानकर्ता, श्रोत व्यक्ति, प्रशिक्षकका रूपमा परिचालन गरी प्रोत्साहन गर्ने | अभियन्ताहरूबाट सिकाइको आदानप्रदान हुने र आयोगको कार्यमा सहयोग पुग्ने | कार्यक्रम प्रतिवेदन | न्यून | न्यून |
| | | ४. तीनै तहमा स्थानीय उत्प्रेरकलाई प्रशिक्षण दिई परिचालन गर्ने र आयोगसँगको समन्वयमा सूचनाको हक कार्यान्वयनको अनुगमन एवं निगरानी गराउने | सूचनाको हक कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि हुने | अभिलेख/प्रतिवेदन | उच्च | उच्च |
| ३. | गैरसरकारी संस्था, संचार माध्यम एवं अभियन्ताहरूको क्षमता अभिवृद्धि गर्ने | १. सूचनाको हक सम्बन्धी विभिन्न विषयका तालिम, अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | सूचनाको हक सम्बन्धी सचेतना अभिवृद्धिमा सहयोग पुग्ने | प्रतिवेदन | न्यून | न्यून |
| | | २. सूचनाको हक सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्ने | सूचनाको हकका अभियन्ता एवं प्रवर्द्धकहरूको प्रशिक्षण सीप विकास भई दक्ष प्रशिक्षकको संख्या वृद्धि हुने | प्रतिवेदन | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | ३. विविध पेशा तथा व्यवसायिक संघ/संगठनका पदाधिकारीहरूसँग अन्तरक्रिया/गोष्ठी/सेमिनार संचालन गर्ने | सूचनाको हक कार्यान्वयनमा पेशा/व्यावसायिक संगठनहरूको सहयोग वृद्धि हुने | प्रतिवेदन | उच्च | न्यून |
| ४. | संचार माध्यमको भूमिका विस्तार गर्ने र सहकार्य प्रवर्द्धन गर्ने | १. प्रमुख संचार माध्यममा सूचनाको हक सम्बन्धी छुट्टै इकाइ (Bit) संचालन गरी खोज पत्रकारितालाई प्रोत्साहन गर्ने र सूचना माग/आपूर्ति सम्बन्धी विवरण प्रकाशन गर्ने | सूचनाको माग, आपूर्ति एवं सूचनाको हकको कार्यान्वयन सम्बन्धी जानकारी प्रवर्द्धन भई जनचेतना अभिवृद्धि हुने | अभिलेख | न्यून | न्यून |
| | | २. वृत्तचित्र, पत्रपत्रिका, टेलिसंवाद, रेडियो (एफएम) चर्चा, पिएसए विज्ञापन, सार्वजनिक हित सम्बन्धी सूचना लगायत कविता, गीत, डकुमेन्ट्री, कथा, गीति नाटक तथा व्यंगात्मक सन्देश सहितका श्रव्यदृश्य सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने | सूचना मागमा वार्षिक ३०% वृद्धि हुनेछ । | श्रव्य दृश्य सामग्रीहरू र कार्यक्रम अभिख | उच्च | न्यून |
| | | ३. आमसंचार माध्यमसँग वार्षिक रूपमा अन्तरक्रिया गर्ने | सूचनाको हक सम्बन्धी प्रचार प्रसारका चुनौति एवं समाधानका उपायहरू पहिचान हुने | कार्यक्रम प्रतिवेदन | न्यून | न्यून |

## रणनीतिक प्राथमिकता २ : सूचनाका हकका प्रवर्द्धक/समर्थक/अभियन्तालाई प्रोत्साहन, प्रवर्द्धन र सहजीकरण गर्ने कार्ययोजना

| क्र.सं. (S.N) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Cost) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| २.१ | **गैरसरकारी संस्थालाई सूचनाको हकका प्रवर्द्धकको रूपमा विकास गर्ने** | | | | | | | | | |
| २.१.१ | सूचनाको हक र सुशासनका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थासँग समझदारी एवं साझेदारी गरी कार्यक्रम संचालन गर्ने | वटा | १०० | | | | | | २००.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.१.२ | गैरसरकारी संस्था र तालिम प्रदायक संस्था मार्फत प्रदेशस्तरमा सचेतना कार्यक्रम संचालन गर्ने | वटा | १४ | | | | | | ३५.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.१.३ | गैरसरकारी संस्था र तालिम प्रदायक संस्था मार्फत सबै स्थानीय तहमा सचेतना कार्यक्रम संचालन गर्ने | वटा | ७५३ | | | | | | ३०००.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.१.४ | गैरसरकारी संस्थाबाट सूचनाको हकको क्षेत्रमा भएको कार्य तथा उल्लेखनीय योगदानलाई आयोगले विवरण संकलन गरी प्रतिवेदनमा समावेश गर्ने | वटा | ५ | | | | | | ५.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.१.५ | गैरसरकारी संस्था र आयोगबीच वार्षिक अन्तरक्रिया गर्ने | वटा | ५ | | | | | | २५.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.२ | **सूचनाको हकका अभियन्ता तथा उत्प्रेरकलाई प्रोत्साहित गरी परिचालन गर्ने** | | | | | | | | | |

| क्र.सं. (S.N) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Cost) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| २.२.१ | संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अभियन्ताहरूको अद्यावधिक लगत तयार गर्ने | वटा | १ | | | | | | १०.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.२.२ | उत्कृष्ट कार्य गर्ने अभियन्ताहरूलाई विनय कसजु अभियन्ता पुरस्कारबाट वार्षिक रूपमा सम्मान गर्ने | जना | ३५ | | | | | | ३५.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.२.३ | आयोगबाट संचालित कार्यक्रममा अनुसन्धानकर्ता, श्रोत व्यक्ति, प्रशिक्षकका रूपमा परिचालन गरी प्रोत्साहन गर्ने | जना | १०० | | | | | | ३५.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.२.४ | तीनै तहमा स्थानीय उत्प्रेरकलाई प्रशिक्षण दिई परिचालन गर्ने | वटा | ८५ | | | | | | १५०.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.२.५ | उत्प्रेरकहरूलाई आयोगसँगको समन्वयमा सूचनाको हक कार्यान्वयनको अनुगमन एवं निगरानी गराउने | वटा | ८ | | | | | | १६.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.३ | **गैरसरकारी संस्था, संचार माध्यम एवं अभियन्ताहरूको क्षमता अभिवृद्धि गर्ने** | | | | | | | | | |
| २.३.१ | सूचनाको हक सम्बन्धी विभिन्न विषयका तालिम, अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | वटा | १४ | | | | | | ४२.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.३.१ | सूचनाको हक सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम संचालन गर्ने | वटा | १० | | | | | | ४०.० | योजना तथा प्रवर्द्धन शाखा |
| २.३.१ | विविध पेशा तथा व्यवसायिक संघ/संगठनका पदाधिकारीहरूसँग अन्तरक्रिया/गोष्ठी/सेमिनार संचालन गर्ने | वटा | २० | | | | | | ६०.० | योजना तथा प्रवर्द्धन शाखा |

| क्र.सं. (S.N) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Cost) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| २.४ | **संचार माध्यमको भूमिका विस्तार गर्ने र सहकार्य प्रवर्द्धन गर्ने** | | | | | | | | | |
| २.४.१ | प्रमुख संचार माध्यममा सूचनाको हक सम्बन्धी छुट्टै इकाइ (Bit) संचालन गरी खोज पत्रकारितालाई प्रोत्साहन गर्ने र सूचना माग/आपूर्ति सम्बन्धी विवरण प्रकाशन गर्ने | वटा | १५ | | | | | | ३० | योजना तथा प्रवर्द्धन शाखा |
| २.४.२ | वृत्तचित्र, पत्रपत्रिका, टेलिसंवाद, रेडियो चर्चा (एफ.एम.), पि.एस.ए. विज्ञापन, सार्वजनिक हित सम्बन्धी सूचना लगायत कविता, गीत, डकुमेन्ट्री, कथा, गीति नाटक एवम् व्यंगात्मक सन्देशका श्रव्य दृश्य सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने | वटा | ७५ | | | | | | २०० | योजना तथा प्रवर्द्धन शाखा |
| २.४.३ | आमसंचार माध्यमसँग वार्षिक रूपमा अन्तरक्रिया गर्ने | वटा | ५ | | | | | | १५.० | योजना तथा प्रवर्द्धन शाखा |
| | | | | | | | | **जम्मा** | ३८९८.० | |

## रणनीतिक प्राथमिकता ३ : सार्वजनिक निकायलाई पुनः अभिमुखीकरण तथा सुदृढ गर्ने ।

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| १. | बदलिएको शासकीय स्वरूप सुहाउँदो सूचनाको हक कार्यान्वयनको लागि अनुकुल वातावरण तयार गर्ने | १. सूचनाको हक कार्यान्वयनमा राज्यका तीनै तहका सार्वजनिक निकायको जिम्मेवारी सम्बन्धी पुस्तिका प्रकाशन गर्ने | सार्वजनिक निकायको जिम्मेवारी प्रष्ट हुने | अभिलेख/सहयोगी पुस्तिका | उच्च | न्यून |
| | | २. राज्यका तीनै तहका सार्वजनिक निकायमा सूचना अधिकारीको नियुक्ति गर्ने | सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था हुने | अभिलेख | उच्च | न्यून |
| | | ३. कार्यालय प्रमुख पछिको दोश्रो वरिष्ठ अधिकारीलाई सूचना अधिकारी तोक्ने व्यवस्था मिलाउने | अधिकार एवं जिम्मेवारी सहितको सूचना अधिकारीको व्यवस्था हुने | अभिलेख | उच्च | उच्च |
| | | ४. सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र कार्यप्रक्रिया सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | सूचना अधिकारीको कार्यक्षेत्र र जिम्मेवारी प्रष्ट हुने | निर्देशिका | उच्च | न्यून |
| | | ५. सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, सूचना माग र आपूर्ति लगायतको एकीकृत विवरण प्रकाशन गर्ने गराउने | सूचनाको हक कार्यान्वयन सम्बन्धी विवरण र उपलब्धी मापन गर्न सकिने | वेवसाइटमा अद्यावधिक विवरण | उच्च | उच्च |
| २. | सूचना अधिकारीलाई, प्रोत्साहन, उत्प्रेरित र | १. सूचना अधिकारीहरूलाई जिम्मेवारी सम्बन्धी तालिम, प्रशिक्षक प्रशिक्षण, अभिमुखीकरण र | पाँच वर्षभित्रमा सार्वजनिक निकायका सबै सूचना | प्रतिवेदन, अभिलेख | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | सशक्तिकरण गर्ने | स्वदेश/विदेशमा अवलोकन अध्ययनको अवसर प्रदान गर्ने | अधिकृतले तालिम प्राप्त गरी सीप अभिवृद्धि भएको हुने | | | |
| | | २. सूचना अधिकारीको जिम्मेवारीलाई कार्यसम्पादनमा नम्बर दिने व्यवस्था गर्ने, संचार खर्च एवं कार्यसम्पादन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउने | सूचना अधिकारीको मनोबल उच्च भई उत्कृष्ट कार्यसम्पादनमा सहयोग पुग्ने | अभिलेख | उच्च | उच्च |
| | | ३. उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गर्ने । | सूचना अधिकारीको मनोबल उच्च भई उत्कृष्ट कार्यसम्पादन हुने | अभिलेख | उच्च | न्यून |
| | | ४. सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचना प्रवाह गर्न प्रोत्साहन गर्ने, सूचनामा सूचना अधिकारीको पहुँच बढाउने, सूचना प्रवाह र प्रकाशन गर्न स्वतः अधिकार प्रत्यायोजन हुने र निर्णय गर्न नपर्ने व्यवस्था गर्ने | कार्यालय प्रमुखहरूको अभिमुखीकरण भई सूचना अधिकारीलाई सूचनामा पहुँच वृद्धि र सूचना प्रवाह गर्ने अधिकार स्वतः हुने | अभिलेख | उच्च | न्यून |
| ३. | सूचनाको वर्गीकरण गरी लागु गर्ने | १. तीनै तहका संरचनालाई उपयुक्त हुने गरी तीन वर्षभित्रमा सूचनाको वर्गीकरण गरी लागु गर्ने । | सूचनाको वर्गीकरणबाट सूचना प्रवाहमा विद्यमान अस्पष्टता हट्ने | अभिलेख, परिपत्र | उच्च | उच्च |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| ४. | सूचनाको हक सम्बन्धी प्रशिक्षण र क्षमता विकासका कार्यक्रमलाई नियमित र संस्थागत गर्ने | १. सार्वजनिक तालिम प्रदायक संस्थाबाट संचालन हुने तालिममा सूचनाको हक सम्बन्धी विषय समावेश गर्न प्रशिक्षण विषय, स्तर, समयावधि सम्बन्धी मापदण्ड बनाई लागू गर्ने | विभिन्न प्रशिक्षण कार्यक्रमहरू मार्फत् सूचनाको हक सम्बन्धी विषयको मूलप्रवाहीकरण हुने | अभिलेख, मापदण्ड | उच्च | न्यून |
| | | २. प्रशिक्षण पाठ्यक्रम तर्जुमा गरी लागु गर्ने | प्रशिक्षण, पाठ्यक्रम तर्जुमा हुने | प्रशिक्षण पाठ्यक्रम | उच्च | न्यून |
| | | ३. प्रशिक्षकहरूको विशेषज्ञ सूची तयार गरी प्रशिक्षण कार्यक्रममा उपयोग गर्ने | प्रशिक्षकको विषयक्षेत्र एवं जिल्लागत सूची तयार भई प्रशिक्षण कार्यमा सहयोग हुने | अभिलेख | उच्च | न्यून |
| ५. | सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक निकायमा सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित र अद्यावधिक गर्ने | १. आयोगबाट विकसित सूचना व्यवस्थापन प्रणाली, अनलाइन सूचना माग/आपूर्ति र स्वतः प्रकाशन सम्बन्धी सफ्टवेयर अद्यावधिक गरी लागु गर्ने | सूचनाको भण्डारण र प्रवाहमा सफ्टवेयरको प्रयोग भई कार्यकुशलता वृद्धि हुने | प्रत्यक्ष अवलोकन अभिलेख | उच्च | न्यून |
| | | २. सार्वजनिक निकायबाट सूचनाको हक सम्बन्धी भए गरेका काम कारवाही नागरिकले स्वतः पहुँचमा लिन तथा जान्न सूचना माग, आपूर्ति र इन्कारी तथा स्वतः प्रकाशन लगायतका विवरण समेटिएको छुट्टै आर.टि.आई. वेवपोर्टल व्यवस्था | विशिष्टिकृत तथ्यांकको सार्वजनिक पहुँच विस्तार हुने | प्रत्यक्ष अवलोकन, वेवसाइटमा अद्यावधिक विवरण | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | गर्ने र आयोगको वेवसाइटसँग आबद्ध गर्ने | | | | |
| | | ३. सूचना प्रवाहमा सामाजिक संजालको प्रयोगमा वृद्धि गर्ने | सूचना प्रवाहको दर र दायरा विस्तार हुने | प्रत्यक्ष अवलोकन | उच्च | न्यून |
| | | ४. अभिलेख व्यवस्थापन प्रणाली र ज्ञान व्यवस्थापनको संस्थागत विकास गरी विद्युतीय माध्यमबाट सूचना उत्पादन, अभिलेखीकरण र वितरण/प्रयोग गर्ने | पाँच वर्षभित्रै विद्युतीय माध्यममा सूचना उपलब्ध हुनेछ । | प्रत्यक्ष अवलोकन अभिलेख | उच्च | न्यून |
| ६. | सार्वजनिक सूचना सबैको पहुँचमा पुऱ्याउने व्यवस्था गर्ने | १. संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायको कार्यक्षमता अभिवृद्धि गरी सूचना माग, आपूर्ति, स्वतः प्रकाशन लगायतका कार्यहरू अनलाइनबाटै सम्पादन हुने र स्वतः प्रकाशनलाई वेबसाइटमा अनिवार्य राख्ने व्यवस्था गर्ने | अनलाइन सुचना प्रणालीबाट सूचनाको हक प्रयोग गर्न सहज हुने र सूचनामा नागरिकको पहुँच विस्तार हुने | प्रविधि परीक्षण, संचालन अभिलेख र वेबसाइट | उच्च | न्यून |
| | | २. खुला सरकारी तथ्यांक (Open Government Data Initiative-OGDI) सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्ययोजना नेपाल सरकारबाट समेत अनुमोदन गराई लागु गर्ने | सूचनाको हक कार्यान्वयन अभ्यास अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हुने | स्वीकृत कार्ययोजना र सदस्यतापत्र | उच्च | न्यून |
| | | ३. खुला सरकार सहभागिता (Open Government partnership-OGP) सम्बन्धी कार्यक्रममा | सूचनाको हक कार्यान्वयनमा अन्तर्राष्ट्रिय स्वीकार्यता | अभिलेख, प्रतिवेदन | उच्च | उच्च |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | सहभागिता जनाउन आवश्यक कानूनी तथा अन्य गृहकार्य गर्ने | विस्तार हुने | | | |
| | | ४. समावेशी रूपमा राज्यले प्रदान गर्ने विशेष सुविधा र अवसर सम्बन्धी जानकारीमूलक विवरण संलकन गरी प्रकाशन, वितरण र प्रचारप्रसार गर्ने | समावेशी रूपमा नागरिकलाई प्राप्त सुविधाका बारेमा जानकारी विस्तार हुने | प्रकाशन सामग्री, अभिलेख | उच्च | उच्च |
| ७ | सूचना माग, आपूर्ति, अभिलेख, डिजिटाइजेशन लगायत सूचनाको हक कार्यान्वयनलाई कार्यसम्पादनको अभिन्न अंगको रूपमा विकास गर्ने | १. ऐन नियमबाट निर्धारित समयभित्रै निर्धारित ढाँचामा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने | तोकिएको समयभित्रै नियमित सूचना प्रवाह हुने | प्रतिवेदन, वेवसाइट विवरण | उच्च | न्यून |
| | | २. आवधिक रूपमा सार्वजनिक निकायको आर.टि.आई. अडिट गरी प्रतिवेदन सार्वजनिक गर्ने र सोका लागि आवश्यक कानूनी व्यवस्था गर्ने | सूचनाको हक कार्यान्वयनका उपलब्धी र सवालहरूबारे पृष्ठपोषण हुने र जवाफदेहिता अभिवृद्धि हुने | एकीकृत प्रतिवेदन | उच्च | न्यून |
| | | ३. पूर्वनिर्धारित समय र ढाँचा बमोजिम स्वतः प्रकाशन नगर्ने सार्वजनिक निकायको प्रमुख तथा सम्बन्धित कर्मचारीलाई दण्ड संजायको व्यवस्था | स्वतः प्रकाशनप्रति जवाफदेहिता अभिवृद्धि हुने | अभिलेख | उच्च | उच्च |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | गर्ने | | | | |
| | | ४. दुई वर्षभित्रमा स्वतः प्रकाशन सम्बन्धी व्यवस्था चौमासिक रूपमा गर्ने कानूनी व्यवस्था गर्ने | सार्वजनिक निकायको प्रगति समीक्षा अवधिसँग तादाम्यता हुने | अभिलेख | उच्च | उच्च |
| | | ५. माग भएको सूचना सम्बन्धित निकायमा नभएमा कुन निकायबाट उपलब्ध हुन सक्ने हो भन्ने जानकारी (Third party information) दिने व्यवस्था गर्ने | सूचना मागकर्तालाई सुविधा हुने र सूचना प्रवाहको दर बढ्ने | अभिलेख | उच्च | उच्च |
| | | ६. सार्वजनिक निकायले सूचनाको हक कार्यान्वयन गर्नका लागि छुट्टै बजेटको व्यवस्था गर्न सहजीकरण गर्ने | सुचनाको हक कार्यान्वयनका लागि वित्तीय स्रोतको सुनिश्चितता हुने | बजेट विवरण | उच्च | उच्च |
| | | ७. सार्वजनिक निकायका प्रमुख लगायतका पदाधिकारीहरूसँग सूचनाको हक कार्यान्वयनमा आवश्यक सहजीकरण र समस्या समाधानका लागि नियमित रूपमा अन्तरक्रिया गर्ने | सूचना प्रवाहमा रहेका समस्या समाधानको दर बढ्ने र असमझदारी कम हुने | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |

**रणनीतिक प्राथमिकता ३ : सार्वजनिक निकायलाई पुनः अभिमुखीकरण तथा सुदृढ गर्ने कार्ययोजना**

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| **३.१** | **बदलिएको शासकीय स्वरूप सुहाउँदो सूचनाको हक कार्यान्वयनको अनुकुल वातावरण तयार गर्ने** | | | | | | | | | |
| ३.१.१ | सूचनाको हक कार्यान्वयनमा राज्यका तीनै तहका सार्वजनिक निकायको जिम्मेवारी सम्बन्धी पुस्तिका प्रकाशन गर्ने | वटा | १ | | | | | | १०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.१.२ | राज्यका तीनै तहका सार्वजनिक निकायमा वरिष्ठ अधिकृतलाई सूचना अधिकारी तोक्ने कार्यमा सहजीकरण गर्ने | वटा | १ | | | | | | ५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.१.३ | सूचना अधिकारीको काम, कर्तव्य, अधिकार र कार्यप्रक्रिया सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | वटा | १ | | | | | | ५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.१.४ | सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, सूचना माग र आपूर्ति लगायतको एकीकृत विवरण प्रकाशन गर्ने गराउने | वटा | ५ | | | | | | २०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ३.१.५ | स्थानीय तहका वडा/शाखा कार्यालयहरूमा सूचना अधिकारी तोक्ने र सूचना प्रवाहको व्यवस्था गर्ने । | वटा | १ | | | | | | २०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| **३.२** | **सूचना अधिकारीलाई प्रोत्साहन, उत्प्रेरित तथा सशक्तिकरण गर्ने** | | | | | | | | | |
| ३.२.१ | सूचना अधिकारीहरूलाई जिम्मेवारी सम्बन्धी तालिम, प्रशिक्षक प्रशिक्षण, अभिमुखीकरण र स्वदेश/विदेशमा अवलोकन अध्ययनको अवसर प्रदान | जना | ४००० | | | | | | १५००.० | योजना तथा प्रवर्द्धन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| | गर्ने | | | | | | | | | |
| ३.२.२ | सूचना अधिकारीको जिम्मेवारीलाई कार्यसम्पादनमा नम्बर दिने व्यवस्था गर्ने, संचार खर्च एवं कार्यसम्पादन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउने | वटा | ५ | | | | | | १५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.२.३ | सूचना अधिकारीलाई प्रशिक्षण/पाठ्य सामग्री वितरण गर्ने | वटा | १० | | | | | | ५०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.२.४ | उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई वार्षिक रूपमा सम्मान र पुरस्कृत गर्ने । | जना | ३५ | | | | | | २५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.२.४ | सार्वजनिक निकायका कार्यालय प्रमुखलाई सूचना प्रवाह गर्न प्रोत्साहन गर्ने लगायतका विषयमा प्रशिक्षण, अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | वटा | २५ | | | | | | ७५.० | योजना तथा प्रवर्द्धन शाखा |
| **३.३** | **सूचनाको वर्गीकरण गरी लागु गर्ने** | | | | | | | | | |
| ३.३.१ | सूचनाको हक कार्यान्वयनको लागि सूचनाको वर्गीकरण सम्बन्धमा राष्ट्रिय आवश्यकताको विश्लेषण र अन्तर्राष्ट्रिय मापदण्ड एवं असल अभ्यासहरूको अध्ययन गर्ने र सरोकारवालासँग परामर्श गर्ने | वटा | ३ | | | | | | १५.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ३.३.२ | सरकार एवं सार्वजनिक निकायसँग परामर्श गरी सूचनाको हक कार्यान्वयन प्रयोजनार्थ सूचनाको वर्गीकरण गर्ने | वटा | १ | | | | | | १०.० | योजना तथा प्रवर्द्धन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| ३.४ | **सूचनाको हक सम्बन्धी प्रशिक्षण र क्षमता विकासका कार्यक्रमलाई नियमित र संस्थागत गर्ने** | | | | | | | | | |
| ३.४.१ | संघ र प्रदेशस्तरका सार्वजनिक तालिम प्रदायक संस्थाबाट संचालन हुने तालिममा सूचनाको हक सम्बन्धी विषय समावेश गर्न विषय, स्तर, समयावधि सम्बन्धी मापदण्ड बनाई लागू गर्ने र कार्यक्रम संचालन गर्ने | वटा | ९ | | | | | | १००.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.४.२ | प्रशिक्षकहरूको विशेषज्ञ सूची तयार गरी प्रशिक्षण कार्यक्रममा उपयोग गर्ने | वटा | ५ | | | | | | २०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.५ | **सूचना प्रविधिको प्रयोग गरी सार्वजनिक निकायमा सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित र अद्यावधिक गर्ने गराउने** | | | | | | | | | |
| ३.५.१ | आयोगबाट विकसित सूचना व्यवस्थापन प्रणाली, अनलाइन सूचना माग/आपूर्ति र स्वतः प्रकाशन सवन्धी सफ्टवेयर अद्यावधिक गरी लागु गर्ने | वटा | २ | | | | | | २०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.५.२ | सूचना माग, आपूर्ति र इन्कारी तथा स्वतः प्रकाशन लगायतका विवरण समेटिएको छुट्टै आर.टि.आई. वेवपोर्टलको व्यवस्था गर्ने र आयोगको वेवसाइटसँग आबद्ध गर्ने । | वटा | १ | | | | | | ३५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.५.३ | सूचना प्रवाहमा सामाजिक संजालको प्रयोगमा वृद्धि गर्ने | वटा | १ | | | | | | १०.० | योजना तथा प्रवर्द्धन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| ३.५.५ | अभिलेख व्यवस्थापन प्रणाली र ज्ञान व्यवस्थापनको संस्थागत विकास गरी विद्युतीय माध्यमबाट सूचना उत्पादन, अभिलेखीकरण र वितरण/प्रयोग गर्ने कार्यमा सार्वजनिक निकायलाई सहजीकरण गर्ने | वटा | ५ | | | | | | २५.० | योजना तथा प्रवर्द्धन शाखा |
| **३.६** | **सार्वजनिक सूचना सबैको पहुँचमा पुऱ्याउने व्यवस्था गर्ने** | | | | | | | | | |
| ३.६.१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मुख्यमन्त्रीको कार्यालय र जिल्ला समन्वय समितिको कार्यालयलाई Focal Point को रूपमा समन्वय गर्ने संस्थाको रूपमा विकास गर्ने | वटा | ८५ | | | | | | १०.० | प्रशासन शाखा |
| ३.६.२ | सूचना माग, आपुर्ति, इन्कारी, स्वतः प्रकाशन लगायत सबै सार्वजनिक सूचना अनलाइनबाटै प्राप्त गर्न सक्ने गरी सूचना केन्द्रको व्यवस्था गर्न र स्वतः प्रकाशनलाई वेबसाइटमा राख्ने व्यवस्था गर्न सार्वजनिक निकायलाई सहजीकरण गर्ने | वटा | ५ | | | | | | २०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.६.३ | खुला सरकारी तथ्यांक (OGDI) सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्ययोजना अनुमोदनका लागि सरकार एवं सार्वजनिक निकायलाई सहजीकरण गर्ने | वटा | ५ | | | | | | २०.० | प्रशासन शाखा |
| ३.६.४ | खुला सरकार सहभागिता (OGP) सम्बन्धी कार्यक्रममा सहभागिता जनाउन आवश्यक गृहकार्य गरी सदस्यता प्राप्तिका लागि अध्ययन र सरोकारवाला परामर्श गर्ने | वटा | १ | | | | | | ५.० | प्रशासन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| ३.६.५ | समावेशी रूपमा राज्यले प्रदान गर्ने विशेष सुविधा र अवसर सम्बन्धी जानकारीमूलक विवरण संलकन गरी प्रकाशन, वितरण र प्रचारप्रसार गर्ने | वटा | १५ | | | | | | ७५.० | योजना तथा प्रवर्द्धन शाखा |
| **३.७** | **सूचनाको हकको कार्यान्वयनलाई कार्यसम्पादनको अभिन्न अंगको रूपमा विकास गर्ने** | | | | | | | | | |
| ३.७.१ | सार्वजनिक निकायलाई निर्धारित समयभित्रै सूचना प्रवाह गर्न संस्थागत समन्वय गर्ने | वटा | १ | | | | | | ५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.७.२ | राज्यका तीनवटै तहका निकायहरूको आर.टि.आई. अडिट गर्न संस्थागत व्यवस्था गर्ने | वटा | ५ | | | | | | ३००.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.७.३ | स्वतः प्रकाशन सम्बन्धी ढाँचा र विवरणलाई पुनरावलोकन गरी समयानुकुल बनाउने | वटा | १ | | | | | | ५.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ३.७.४ | माग भएको सूचना सम्बन्धित निकायमा नभएमा कुन निकायबाट उपलब्ध हुन सक्ने हो भन्ने जानकारी दिने व्यवस्था गर्ने | वटा | १ | | | | | | ५.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ३.७.५ | सार्वजनिक निकायले सूचनाको हक कार्यान्वयन गर्नका लागि छुट्टै बजेटको व्यवस्था गर्न सहजीकरण गर्ने | वटा | ७६१ | | | | | | १०.० | प्रशासन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| ३.७.६ | संवैधानिक आयोगहरू, नेपाल सरकारका मन्त्रालय एवं संघ तहका अन्य सार्वजनिक निकायका प्रमुखहरूसँग अन्तरक्रिया गर्ने | वटा | ५ | | | | | | ५०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.७.७ | प्रदेशस्तरका सरकारी एवं सार्वजनिक निकायका प्रमुखहरूसँग अन्तरक्रिया गर्ने | वटा | १४ | | | | | | ५०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ३.७.८ | स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतहरूसँग अन्तरक्रिया गर्ने | वटा | ७७ | | | | | | २००.० | योजना तथा प्रवर्द्धन शाखा |
| | | | | | | | | **जम्मा** | २७०५.० | |

**रणनीतिक प्राथमिकता ४ : सूचना आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण गर्ने ।**

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| १. | सबै तहमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि कानुनी आधार सुदृढ गर्ने | १. संवैधानिक व्यवस्था, सूचनाको हक कार्यान्वयनको अवस्था एवं अन्तर्राष्ट्रिय असल अभ्यासलाई दृष्टिगत गरी सूचनाको हक सम्बन्धी ऐनमा समयानुकुल सुधार गर्ने | प्रष्ट र पर्याप्त कानुनी प्रावधानबाट सूचनाको हकको कार्यान्वयन सहज र प्रभावकारी हुने | मस्यौदा पेश/अभिलेख | न्यून | उच्च |
| | | २. सूचनाको हक सम्बन्धी ऐनसँग बाझिएका ऐन नियम र सम्बन्धित अन्य कानुनमा पुनरावलोकन गरी परिमार्जन गर्ने | कानुनी व्यवस्थामा एकरूपता भई कार्यान्वयन सहज हुने | ऐन नियमको मस्यौदा | उच्च | उच्च |
| | | ३. कानुन परिमार्जनका लागि शुरुदेखि नै सरोकारवालासँग छलफल परामर्श गर्ने | सरोकारवालाको अपनत्व हुने र कार्यान्वयनमा प्रतिवद्धता रहने | मस्यौदा पेश/अभिलेख | न्यून | उच्च |
| २. | प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने | १. अनलाइन सूचना माग र आपूर्ति, स्वतः प्रकाशन लगायत सूचना व्यवस्थापन कार्य सम्बन्धी सफ्टवेयरको स्तर वृद्धि र अद्यावधिक गरी लागु गर्ने | सूचना व्यवस्थापन प्रविधिमा आधारित भई कार्यकुशलता अभिवृद्धि हुने | प्रत्यक्ष अवलोकन र अभिलेख | उच्च | न्यून |
| | | २. अनलाइन सूचना माग र आपूर्ति गर्ने सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | अनलाइन सूचना प्रवाहको कार्यप्रक्रिया प्रष्ट हुने | निर्देशिका | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | ३. सूचना अधिकारी एवं कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी प्रशिक्षण दिने | कर्मचारीको प्रविधिगत सीप अभिवृद्धि हुने | प्रशिक्षण प्रतिवेदन | उच्च | न्यून |
| | | ४. स्वयं सिकाइका विधिहरू जस्तै (Self-help video, learning guide book, e-learning portal) तयार गरी अनलाइन प्रशिक्षण संचालन गर्ने | स्वयं सिकाइको अवसर विस्तार हुने | अभिलेख प्रत्यक्ष अवलोकन, निर्देशिका, पाठ्यक्रम अभिलेख | उच्च | न्यून |
| | | ५. Facebook, Viber, WhatsApp, Twitter, Instagram लगायतका सामाजिक संजालको प्रयोग विस्तार गरी पृष्ठपोषण लिने, दर्ता गर्ने र कार्यान्वयन गर्ने प्रकृयामा सहजीकरण गर्ने | सामाजिक संजाल उपयोगबाट सेवाग्राहीसँगको संचार प्रभावकारिता अभिवृद्धि हुने | प्रत्यक्ष अवलोकन | उच्च | न्यून |
| | | ६. RTI App (Mobile र Online) र नागरिक App सम्बन्धी सफ्टवेयर विकास गरी लागु गर्ने | एपको प्रयोग मार्फत सूचना प्रवाहमा वृद्धि हुने | एप सफ्टवेयर | उच्च | न्यून |
| ३. | सूचनाको हकको प्रचलन सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि गर्ने | १. पुनरावदेन/उजुरी फर्स्यौट गर्ने समयावधि र मापदण्ड निर्धारण गरी आदेश कार्यान्वयन संयन्त्रलाई थप क्रियाशील बनाउने | निर्धारित समयभित्रै ९०% भन्दा पुनरावेदन फर्स्यौट गर्ने । | फर्स्यौट लगत/प्रतिवेदन | उच्च | न्यून |
| | | २. आदेश कार्यान्वयनको आवधिक अनुगमन | दुई वर्षभित्रै ९०% भन्दा बढी | आयोगको अभिलेख र | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | गर्ने र सो सम्बन्धी निर्देशिका जारी गर्ने | आदेश कार्यान्वयन हुनेछ। | अनुगमन मूल्याङ्कन प्रतिवेदन। | | |
| | | ३. आयोगको फैसला लगायतका दस्तावेजहरू डिजिटाइज गरी विद्युतीय अभिलेखमा राख्ने | कार्यसम्पादनमा सजिलो हुने र संस्थागत स्मरण सुदृढ हुने | विद्युतीय अभिलेख | उच्च | न्यून |
| | | ४. आयोगबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | सूचनाको हक कार्यान्वयनमा आयोगको कार्यसम्पादनबारे जानकारी विस्तार हुने | संगालो पुस्तिका | उच्च | न्यून |
| | | ५. सूचनाको हक सम्बन्धमा सर्वोच्च अदालत र उच्च अदालतबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | सूचनाको हकको कार्यान्वयनका लागि कानूनी उपचार सम्बन्धी जानकारी विस्तार हुने | संगालो पुस्तिका | उच्च | न्यून |
| ४. | आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | १. आयोगका निर्धारित कार्य समयमै सम्पन्न गर्ने परिपाटी विकास गरी नियमित प्रगति समीक्षा र सिकाइ आदानप्रदान गर्ने | समयभित्रै लक्षित उपलब्धी प्राप्त हुने | अभिलेख/प्रतिवेदन | उच्च | न्यून |
| | | २. स्वदेश तथा विदेशमा तालिम, अध्ययन, असल अभ्यासको अवलोकन भ्रमणजस्ता अवसरहरू प्रदान गर्ने | आयोग पदाधिकारी एवं कर्मचारीको सीप विकास भई निर्णय क्षमता एवं | अभिलेख/प्रतिवेदन | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | | कार्यप्रभावकारिता वृद्धि हुने | | | |
| ५. | आयोगलाई सूचनाको हकको संरक्षक र अभियन्ताको रूपमा तटस्थ, निष्पक्ष र निर्भिक भई कार्यसम्पादन गर्न सक्षम बनाई जनविश्वास अभिवृद्धि गर्ने | १. सूचनाको हकको कार्यान्वयनमा आयोगको समग्र कार्यसम्पादनको अवस्थाबारे आवधिक रूपमा पृष्ठपोषण लिने र तदनुरूप सुधार गर्दै लैजाने | आयोगको कार्यसम्पादनमा सुधार हुने र आयोगप्रति सकारात्मक धारणा, विश्वास अभिवृद्धि हुने | सार्वजनिक मूल्याङ्कन, सर्वेक्षण, सूचना मागकर्ताको पृष्ठपोषण | उच्च | न्यून |
| | | २. आयोगको गतिविधि र प्रवर्द्धनात्मक एवं जनचेतना फैलाउने सार्वजनिक हितका सूचनाको संप्रेषण र प्रचार/प्रसार गर्ने गराउने | सार्वजनिक सचेतनाको स्तर वृद्धि हुने | अभिलेख/प्रतिवेदन | न्यून | न्यून |
| | | ३. वार्षिक रूपमा संघ, प्रदेश र स्थानीय तहमा सूचनाको हक कार्यान्वयन सम्बन्धी सम्मेलन (Convention) गर्ने | सूचनाको हक कार्यान्वयनका समस्या र समाधानका उपाय तथा नीतिगत सुधारका क्षेत्रहरू पहिचान हुने | अभिलेख/प्रतिवेदन | न्यून | न्यून |
| | | ४. राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध स्थापना गरी पारस्परिक आदानप्रदान र सहकार्य | आयोगको संस्थागत दृष्टिकोणको दायरा विस्तार हुने र कार्यसम्पादनमा प्रभावकारिता वृद्धि | अभिलेख/प्रतिवेदन | मध्यम | मध्यम |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | विस्तार गर्ने | हुने | | | |
| | | ५. सूचनाको हक सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू मनाउने | आयोगको पहिचान विस्तार हुने र जनचेतना अभिवृद्धि हुने | प्रत्यक्ष अवलोकन/अभिलेख | मध्यम | न्यून |
| ६. | तथ्य/प्रमाणमा आधारित अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्ने | १. सूचनाको हक सम्बन्धी प्राज्ञिक एवं अभ्यासगत अध्ययन अनुसन्धान गर्ने र आवधिक रूपमा जर्नल/लेख संग्रह प्रकाशन गर्ने | अध्येता, नीति निर्माता एवं अभ्यासकर्ताहरूको लागि पृष्ठपोषण प्राप्त हुने | अनुसन्धान प्रतिवेदन | उच्च | उच्च |
| | | २. सरकारी/गैरसरकारीस्तर बाट सूचनाको हक सम्बन्धमा भएका अध्ययन अनुसन्धान प्रतिवेदन संकलन गरी सोको नतिजा एवं प्रभाव र नीतिगत उपयोगका बारेमा प्रचार प्रसार गर्ने | अध्ययन अनुसन्धानको नतिजाका सम्बन्धमा सबैलाई जानकारी हुने र नीति निर्माणमा सहयोग हुने | अध्ययन, अनुसन्धान प्रतिवेदन एवं क्षेत्रगत | मध्यम | न्यून |
| | | ३. सूचनाको हक कार्यान्वयन सम्बन्धमा भएका प्रयासहरूको उपलब्धी मूल्याङ्कन बाह्य स्वतन्त्र विज्ञबाट गराई प्रतिवेदन सार्वजनिक गर्ने | उपलब्धीको आवधिक मूल्यांकनबाट पृष्ठपोषण प्राप्त हुने | प्रतिवेदन | मध्यम | न्यून |
| | | ४. सूचनाको हक प्रयोगमा सफलताका कथाहरू संकलन गरी प्रकाशन र वितरण गर्ने | सूचनाको हक प्रयोगमा नागरिक अभिप्रेरित भई प्रयोगको दर वृद्धि हुने | अभिलेख/प्रत्यक्ष अवलोकन | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | ५. आयोगमा सूचनाको हक सम्बन्धी अध्ययन, अनुसन्धानको अत्याधुनिक स्रोत केन्द्र/पुस्तकालय स्थापना गर्ने | सूचनाको हक सम्बन्धी अध्ययन, अनुसन्धान र सिकाइको अवसर विस्तार हुने | अभिलेख/प्रत्यक्ष अवलोकन | उच्च | उच्च |
| ७. | आयोगको संस्थागत र पूर्वाधार विकास र विस्तार गर्ने | १. आयोगबाट सूचनाको हकका प्रवर्द्धक, समर्थक, अभियन्ता एवं संचार माध्यम लगायतसँग आयोगबाट हुने संचार सम्पर्कका लागि सूचना प्रविधिमा आधारित संचार तथा पहुँच प्रणाली स्थापना गर्ने | आयोगको बाह्य सम्पर्क र संचारको प्रभावकारिता अभिवृद्धि भई समन्वय एवं सम्बन्ध सुदृढ हुने | संचार प्रणाली, प्रोटोकल | न्यून | न्यून |
| | | २. कार्यालय फर्निचर, कम्प्युटर उपकरण लगायतका पूर्वाधार सुविधा व्यवस्थापन र विकास गर्ने | संस्थागत कार्यकुशलता वृद्धि हुने | प्रत्यक्ष अवलोकन/अभिलेख | न्यून | न्यून |
| | | ३. आयोगको कार्यालयको लागि जग्गा प्राप्ति गरी भवनको निर्माण गर्ने | उपयुक्त स्थानमा आयोगको आफ्नै जग्गा र भवनमा कार्यालय संचालन हुने | प्रत्यक्ष/अवलोकन/अभिलेख | न्यून | न्यून |
| | | ४. आयोगका व्यवस्थापकीय एवं अन्य कार्यहरू समयमै सम्पादन गर्नका लागि सहयोग हुने गरी विद्यार्थीहरूलाई इन्टर्नसीपमा परिचालन गर्ने | कर्मचारी अभाव पूर्ति हुने, दीर्घकालीन दायित्व कम हुने र आयोगको भूमिकाका सम्बन्धमा जानकारी विस्तार हुने | अभिलेख | न्यून | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | ५. आयोगमा पदस्थापन हुने कर्मचारीलाई नियमित सुविधाका अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने | कर्मचारीको प्रतिधारण दर बढ्ने | अभिलेख | उच्च | उच्च |
| ८. | आयोगको अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउने | १. सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको कार्यसम्पादनको नियमित अनुगमन तथा मूल्यांकनको निर्देशिका जारी गर्ने | अनुगमन तथा मुल्यांकनको प्रभावकारिता अभिवृद्धि हुने | अभिलेख/निर्देशिका | न्यून | न्यून |
| | | २. सार्वजनिक निकायले आयोगमा प्रस्तुत गर्नुपर्ने विवरण एवं प्रतिवेदनको ढाँचा तयार/अद्यावधिक गरी लागु गर्ने | प्रगति प्रतिवेदन समयमै र एकरूपता सहित प्राप्त हुने | अभिलेख | उच्च | उच्च |
| | | ३. सार्वजनिक निकायहरुको आर.टि.आई. अडिट संचालन गर्ने | सूचनाको हक कार्यान्वयनका उपलब्धी एवं समस्याहरूको बारेमा पृष्ठपोषण प्राप्त हुने | अडिट प्रतिवेदन | मध्यम | उच्च |
| | | ४. नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रारूप (Result–Based Monitoring Framework- RBMF) तयार गरी लागू गर्ने | नतिजामा आधारित व्यवस्थापन पद्धतिको विकास हुने | अभिलेख/प्रतिवेदन | उच्च | न्यून |
| | | ५. चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी छलफल र सिकाइ | आवधिक प्रगति समीक्षा भई सुधारका क्षेत्रहरू पहिचान हुने | आवधिक प्रतिवेदन | उच्च | उच्च |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | आदान प्रदान गर्ने | | | | |
| ९. | संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयन प्रभावकारी बनाउने | १. दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयनका लागि सूचक सहितको संयन्त्र विकास गर्ने | सूचनाको हक सम्बन्धी दिगो विकास लक्ष्य कार्यान्वयनको स्पष्ट आधार तयार हुने | कार्यान्वयन संयन्त्र, अभिलेख र प्रतिवेदन | उच्च | न्यून |
| | | २. नियमित रूपमा तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, विवरण तयार गर्ने र प्रतिवेदन गर्ने | सूचनाको हक कार्यान्वयनका तथ्यांकको उपलब्धता र प्रतिवेदनको नियमितता अभिबृद्धि | तथ्यांकको भण्डार, प्रतिवेदन | उच्च | उच्च |
| | | ३. सूचनामा पहुँच सम्बन्धी दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू संचालन गर्ने | कर्मचारी एवम् सरोकारवालाको सचेतना अभिबृद्धि र क्षमता विकास हुने | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |
| | | ४. संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग सहकार्य विस्तार गर्ने | आयोगको विस्तारित सहकार्यबाट दिगो विकास लक्ष्य प्राप्तिमा सहयोग हुने | सहकार्यात्मक कार्यक्रमहरू, प्रतिवेदन | उच्च | न्यून |
| १०. | सूचनाको हक कार्यान्वयनको प्रभावकारिताका लागि रणनीतिक साझेदारी र | १. आयोगको प्रतिवेदनलाई संघीय संसदका सम्बन्धित विषय समितिहरू र प्रदेश सभा एवम् स्थानीय तह सभामा समेत छलफल गर्ने व्यवस्था मिलाउने | सूचनाको हक कार्यान्वयनको प्रगति र सवालहरू निर्वाचित जनप्रतिनिधिहरूको जानकारीमा आउने र कानून निर्माण एवम् | छलफल, अन्तरक्रिया कार्यक्रमहरू | उच्च | उच्च |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | सहकार्य प्रबर्द्धन गर्ने | | कार्यान्वयनमा सहजीकरण हुने | | | |
| | | २. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग जस्ता संवैधानिक आयोगहरूसँगको सहकार्यमा कार्यक्रम संचालन र सूचनाको हक कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाउने | सूचनाको हक कार्यान्वयनमा संवैधानिक आयोगहरूको सहयोग विस्तार हुने | कार्यक्रम संचालन र अनुगमन प्रतिवेदन | उच्च | उच्च |
| | | ३. नेपाल बार एशोसिएसन, मेडिकल काउन्सिल, चार्टड एकाउन्टेन्ट्स एशोसिएसन, बैंकर्स एशोसिएसन जस्ता संगठनहरू मार्फत् सम्बन्धित क्षेत्रको पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन गर्ने गराउने | पेशागत संगठनहरूमार्फत् सूचनाको हक कार्यान्वयनमा पारदर्शिता र जवाफदेहीता अभिबृद्धिका लागि सहजीकरण हुने | समझदारीपत्र, कार्यक्रम प्रतिवेदन | उच्च | उच्च |
| | | ४. अदालत, बार एशोसिएसन, राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग समन्वय गरी मौलिक हकको रूपमा रहेको सूचनाको हकको बारेमा सचेतना विस्तार गर्ने र अदालती न्याय निरूपणमा सहजीकरण गराउने | सूचनाको हकसम्बन्धी न्याय निरूपण सहज हुने र सचेतना विस्तार हुने | कार्यक्रम प्रतिवेदन, फैसलाहरू | उच्च | न्यून |

| सि.नं (S.N) | रणनीतिक उद्देश्य (Strategic Objectives) | क्रियाकलापहरू (Activities) | उपलब्धी सूचक (Achievement Indicators) | सूचनाको श्रोत (Means of Verification) | प्राथमिकता (Priority) | जोखिम (Risk) |
|---|---|---|---|---|---|---|
| | | ५. गैरसरकारी संस्था एवम् विकास साझेदारहरूसँग सहकार्य विस्तार गरी अल्पसंख्यक एवम् सीमान्तीकृत वर्गको लागि सूचनाको हक प्रयोग सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने | सीमान्तीकृत वर्गमा सूचनाको हक प्रयोगको सचेतना अभिबृद्धि हुने | कार्यक्रम प्रतिवेदन | उच्च | न्यून |

## रणनीतिक प्राथमिकता ४ : आयोगको संस्थागत क्षमता विकास तथा सुदृढीकरण गर्ने कार्ययोजना

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा (Estimated Costs) | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | |
| ४.१ | **सबै तहमा सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि कानुनी आधार सुदृढ गर्ने** | | | | | | | | | |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१.१ | संवैधानिक व्यवस्था, सूचनाको हक कार्यान्वयनको अवस्था एवं अन्तर्राष्ट्रिय असल अभ्यासलाई दृष्टिगत गरी सूचनाको हक सम्बन्धी ऐनमा समयानुकुल सुधार गर्ने | वटा | १ | | | | | | १०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.१.२ | सूचनाको हकसँग बाझिएका ऐन नियमहरू पुनरावलोकन गरी परिमार्जन र संशोधन गरी लागु गर्ने | वटा | १ | | | | | | १५.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.२ | **सूचना प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने** | | | | | | | | | |
| ४.२.१ | अनलाइन सूचना माग र आपूर्ति, स्वतः प्रकाशन लगायत सूचना व्यवस्थापन कार्य सम्बन्धी सफ्टवेयरको स्तर वृद्धि र अद्यावधिक गरी लागु गर्ने | वटा | ५ | | | | | | ५०.० | प्रशासन शाखा |
| ४.२.२ | अनलाइन सूचना माग र आपूर्ति एवं स्वतः प्रकाशन सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गर्ने | वटा | १ | | | | | | १०.० | प्रशासन शाखा |
| ४.२.३ | सूचना अधिकारी एवं कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी प्रशिक्षण दिने | वटा | १५ | | | | | | ४५.० | प्रशासन शाखा |
| ४.२.४ | स्वयं सिकाइका विधिहरू जस्तै (Self-help video, learning guide book, e-learning portal) तयार गरी अनलाइन प्रशिक्षण संचालन गर्ने | वटा | १५ | | | | | | ३०.० | प्रशासन शाखा |
| ४.२.५ | Facebook, Viber, WhatsApp, Twitter, Instagram लगायतका सामाजिक संजालको प्रयोग विस्तार गरी पृष्ठपोषण लिने, दर्ता गर्ने र कार्यान्वयन गर्ने प्रकृयामा सहजीकरण गर्ने | वटा | ५ | | | | | | २०.० | प्रशासन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.२.६ | RTI App (Mobile र Online) र नागरिक App सम्बन्धी सफ्टवेयर विकास गरी लागु गर्ने | वटा | १ | | | | | | २०.० | प्रशासन शाखा |
| **४.३** | **सूचनाको हकको प्रचलन सम्बन्धी कार्यप्रभावकारिता अभिवृद्धि गर्ने** | | | | | | | | | |
| ४.३.१ | पुनरावदेन/उजुरी फस्यौंट गर्ने समयावधि र मापदण्ड निर्धारण गरी आदेश कार्यान्वयन संयन्त्रलाई थप क्रियाशील बनाउने | वटा | १ | | | | | | ५.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.३.२ | आदेश कार्यान्वयनको आवधिक अनुगमन गर्ने र सो सम्बन्धी निर्देशिका जारी गर्ने | वटा | ५ | | | | | | १५.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.३.३ | आयोगको फैसला, पुनरावेदन लगायतका दस्तावेजहरू डिजिटाइज गरी विद्युतीय अभिलेखमा राख्ने | वटा | ५ | | | | | | १००.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.३.४ | आयोगबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | वटा | ५ | | | | | | २०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.३.५ | सूचनाको हक सम्बन्धमा सर्वोच्च अदालत र उच्च अदालतबाट भएका फैसलाको संगालो प्रकाशन र वितरण गर्ने | वटा | ५ | | | | | | १०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| **४.४** | **आयोगका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्ने** | | | | | | | | | |
| ४.४.१ | आवधिक रूपमा प्रगति समीक्षा गरी, लक्ष्य र उपलब्धी सम्बन्धी अनुगमन तथा सिकाइको आदान प्रदान गर्ने | वटा | १० | | | | | | १०.० | प्रशासन शाखा |
| ४.४.२ | आयोगका पदाधिकारी तथा कर्मचारीलाई स्वदेश तथा विदेशमा अध्ययन अवलोकन भ्रमण तथा उत्प्रेरणात्मक तालिम संचालन गर्ने | वटा | २५ | | | | | | ३००.० | प्रशासन शाखा |
| **४.५** | **आयोगलाई सूचनाको हकको संरक्षक र अभियन्ताको रूपमा तटस्थ,** | | | | | | | | | |

| क.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **निष्पक्ष र निर्भिक भई कार्यसम्पादन गर्न सक्षम बनाई जनविश्वास अभिवृद्धि गर्ने** | | | | | | | | | |
| ४.५.१ | सूचनाको हकको कार्यान्वयनमा आयोगको समग्र कार्यसम्पादनको अवस्थाबारे आवधिक रूपमा पृष्ठपोषणका लागि सर्वेक्षण गर्ने | वटा | २ | | | | | | २०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ४.५.२ | संघ, प्रदेश र स्थानीय तीनै तहमा सूचनाको हक कार्यान्वयन सम्बन्धी सम्मेलन गर्ने | वटा | १५ | | | | | | १००.० | प्रशासन शाखा |
| ४.५.३ | आयोगका गतिविधि एवं सूचनाको हक सम्बन्धी सूचना तथा शैक्षिक सामग्री प्रकाशन तथा वितरण गर्ने | वटा | ६० | | | | | | २००.० | योजना तथा प्रवर्द्धन शाखा |
| ४.५.४ | सूचना आयोगहरूको अन्तर्राष्ट्रिय सम्मेलन (ICIC) लगायतका सम्मेलन तथा गोष्ठी सेमिनारमा सहभागिता गर्ने | वटा | १५ | | | | | | १००.० | प्रशासन शाखा |
| ४.५.५ | दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) का सूचना आयुक्तहरूको सम्मेलन गर्ने | वटा | १ | | | | | | ७५.० | प्रशासन शाखा |
| ४.५.६ | खुला सरकारी तथ्यांक र खुला सरकार साझेदारी सम्बन्धी संलग्नता र सदस्यताका लागि अध्ययन, परामर्श गर्ने | वटा | १० | | | | | | ३०.० | प्रशासन शाखा |
| ४.५.७ | आयोग स्थापना र सूचनाको हक सम्बन्धी ऐन, सूचनाको सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस मनाउने | वटा | १५ | | | | | | ४५.० | प्रशासन शाखा |
| **४.६** | **तथ्य/प्रमाणमा आधारित अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्ने** | | | | | | | | | |
| ४.६.१ | सूचनाको हक सम्बन्धी प्राज्ञिक एवं अभ्यासगत अध्ययन अनुसन्धान गर्ने र आवधिक रूपमा जर्नल/लेख संग्रह प्रकाशन गर्ने | वटा | ५ | | | | | | ३०.० | प्रशासन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.६.२ | सूचनाको हक सम्बन्धमा अन्य निकायबाट भएका अध्ययन अनुसन्धान प्रतिवेदन संकलन गरी सोको नतिजा एवं प्रभाव र नीतिगत उपयोगका बारेमा प्रचार प्रसार गर्ने | वटा | ५ | | | | | | १०.० | प्रशासन शाखा |
| ४.६.३ | बाह्य स्वतन्त्र व्यक्तिबाट उपलब्धी मुल्याङ्कन गराई प्रतिवेदन सार्वजनिक गर्ने | वटा | २ | | | | | | २०.० | प्रशासन शाखा |
| ४.६.४ | सूचनाको हक प्रयोगमा सफलताका कथाहरू संकलन गरी प्रकाशन र वितरण गर्ने | वटा | ५ | | | | | | २५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ४.६.५ | आयोगमा सूचनाको हक सम्बन्धी अध्ययन, अनुसन्धानको अत्याधुनिक स्रोत केन्द्र/पुस्तकालय स्थापना गर्ने | वटा | १ | | | | | | १००.० | प्रशासन शाखा |
| **४.७** | **आयोगको संस्थागत र पूर्वाधार विकास र विस्तार गर्ने** | | | | | | | | | |
| ४७.१ | सूचना अधिकारी, स्वतः प्रकाशन, कार्यालयको पुनरावेदन व्यवस्थापन सम्बन्धी निर्देशिका अद्यावधिक गरी लागु गर्ने | वटा | ३ | | | | | | १५.० | योजना/प्रशासन शाखा |
| ४.७.२ | कार्यालय फर्निचर, कम्प्युटर, उपकरण लगायतका पूर्वाधार सुविधा व्यवस्थापन र विकास गर्ने | वटा | ५ | | | | | | २५०.० | प्रशासन/आर्थिक शाखा |
| ४.७.३ | आयोगको कार्यालयको लागि जग्गा प्राप्ति गरी भवनको निर्माण गर्ने | वटा | २ | | | | | | - | प्रशासन/आर्थिक शाखा |
| ४.७.४ | आयोगका व्यवस्थापकीय एवं अन्य कार्यहरू समयमै सम्पादन गर्नका लागि सहयोग हुने गरी विद्यार्थीहरूलाई इन्टर्नसीपमा परिचालन गर्ने | जना | १५ | | | | | | २७.० | प्रशासन शाखा |
| ४.७.५ | रणनीतिक कार्ययोजनाको कार्यान्वयन परियोजना व्यवस्थापनको अवधारणा अनुरूप गर्न बाह्य श्रोतबाट स्थानीय विशेषज्ञ सहितको | वटा | १ | | | | | | १५०.० | योजना तथा प्रवर्द्धन शाखा |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समूह बनाई कार्यान्वयन गर्ने | | | | | | | | | |
| ४.७.६ | प्रदेशस्तरमा मोबाइल बेन्चको संचालन गर्ने | वटा | ३५ | | | | | | ७०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.७.७ | प्रदेश र स्थानीय तहमा सूचनाको हक कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्ने कार्यविधि लागु गर्ने | वटा | १ | | | | | | ५.० | प्रशासन शाखा |
| **४.८** | **आयोगको अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ बनाई प्रभावकारिता अभिवृद्धि गर्ने** | | | | | | | | | |
| ४.८.१ | सार्वजनिक निकायले आयोगमा प्रस्तुत गर्नुपर्ने विवरण एवं प्रतिवेदनको ढाँचा तयार/अद्यावधिक गरी लागु गर्ने | वटा | १ | | | | | | १०.० | प्रशासन शाखा |
| ४.८.२ | आर.टि.आई. अडिटको प्रश्नावली र तरिका परिमार्जन गरी परिक्षण प्रणाली स्थापना तथा लागु गर्ने । | वटा | ५ | | | | | | ७५.० | प्रशासन शाखा |
| ४.८.३ | नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रारूप (Result–Based Monitoring Framework- RBMF) तयार गरी लागू गर्ने | वटा | १ | | | | | | २०.० | प्रशासन शाखा |
| ४.८.४ | सूचनाको हक कार्यान्वयनको अनुगमन एवं तत्कालै प्रतिवेदन तयार हुने सुविधा सहित वेवमा आधारित अनुगमन प्रणाली लागु गर्ने | वटा | १ | | | | | | २०.० | प्रशासन शाखा |
| ४.८.५ | रणनीतिक योजना एवं वार्षिक कार्ययोजनाको चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी छलफल र सिकाइ आदान प्रदान गर्ने | वटा | १५ | | | | | | १५.० | अनुगमन/प्रशासन |
| **४.९** | **संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयन प्रभावकारी बनाउने** | | | | | | | | | |

| क्र.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.९.१ | दिगो विकास लक्ष्य १६.१०.२ को कार्यान्वयनका लागि सूचक सहितको संयन्त्र विकास गरी लागू गर्ने | वटा | १ | | | | | | २५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ४.९.२ | नियमित रूपमा तथ्यांक संकलन गर्ने, विश्लेषण गर्ने, विवरण तयार गर्ने र प्रतिवेदन गर्ने | वटा | ५ | | | | | | १०.० | प्रशासन शाखा |
| ४.९.३ | सूचनामा पहुँच सम्बन्धी दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि संघ, प्रदेश तथा स्थानीय तहमा अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू संचालन गर्ने | वटा | १५ | | | | | | ३०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ४.९.४ | संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमसँग सहकार्य विस्तार गर्ने | | १ | | | | | | ५.० | प्रशासन शाखा |
| ४.१० | **सूचनाको हक कार्यान्वयनको प्रभावकारिताका लागि रणनीतिक साझेदारी र सहकार्य प्रबर्द्धन गर्ने** | | | | | | | | | |
| ४.१०.१ | आयोगको प्रतिवेदनलाई संघीय संसदका सम्बन्धित विषय समितिहरू र प्रदेश सभा एवम् स्थानीय तह सभामा समेत छलफल गर्ने व्यवस्था मिलाउने | वटा | १ | | | | | | १०.० | योजना तथा प्रवर्द्धन शाखा |
| ४.१०.२ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग जस्ता संवैधानिक आयोगहरूसँगको सहकार्यमा कार्यक्रम संचालन र सूचनाको हक कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाउने | वटा | ५ | | | | | | १५.० | योजना तथा प्रवर्द्धन शाखा |
| ४.१०.३ | नेपाल बार एशोसिएसन, मेडिकल काउन्सिल, चार्टड एकाउन्टेन्ट्स एशोसिएसन, बैंकर्स एशोसिएसन जस्ता संगठनहरू मार्फत् सम्बन्धित | वटा | ५ | | | | | | १०.० | योजना तथा प्रवर्द्धन शाखा |

| क.सं. (S.N.) | क्रियाकलापहरू (Activities) | एकाइ (Unit) | जम्मा (Total) | वर्षहरू (Years) | | | | | अनुमानित लागत रु. लाखमा | जिम्मेवार निकाय (Responsibilites) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रको पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन गर्ने गराउने | | | | | | | | | |
| ४.१०.४ | अदालत, बार एशोसिएसन, राष्ट्रिय न्यायिक प्रतिष्ठानसँग समन्वय गरी मौलिक हकको रूपमा रहेको सूचनाको हकको बारेमा सचेतना विस्तार गर्ने र अदालती न्याय निरूपणमा सहजीकरण गराउने | वटा | ५ | | | | | | १०.० | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा |
| ४.१०.५ | नागरिक समाज, गैरसरकारी संस्था एवम् विकास साझेदारहरूसँग सहकार्य विस्तार गरी अल्पसंख्यक एवम् सीमान्तीकृत वर्गको लागि सूचनाको हक प्रयोग सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने | वटा | १५ | | | | | | ३०.० | प्रशासन शाखा |
| **जम्मा** | | | | | | | | | २२१७.० | |

# अध्याय ५
# रणनीति कार्यान्वयन योजना

## ५.१ रणनीति कार्यान्वयन ढाँचा

रणनीतिक योजना संस्थाको वर्तमान अवस्था कस्तो छ, भविष्यमा कहाँ र कसरी पुग्ने र के उपलब्धी हासिल गर्ने वा के समस्या समाधान गर्ने हो भन्ने दृष्टिकोणबाट तर्जुमा गरिएको विस्तृत दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goal) र रणनीतिहरू (Strategies) सहितको एक जीवन्त दस्तावेज (Living Document) हो । प्रस्तुत पंचवर्षीय रणनीतिक योजनाको कार्यान्वयन गर्न देहाय बमोजिमका उपाय र दृष्टिकोण लिनुपर्नेछ ।

(क) वार्षिक कार्यक्रम र बजेट तर्जुमा

रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्दा देखि नै ध्यान पुऱ्याउनु पर्ने हुन्छ । रणनीतिक क्रियाकलापहरूलाई वार्षिक कार्यक्रमहरूमा प्राथमिकताका साथ समाविष्ट गर्ने (Alignment) र सोका लागि आवश्यक स्रोत साधनको सुनिश्चित गर्ने (Resources) कार्य रणनीति कार्यान्वयनको अनिवार्य शर्त हुने भएकोले प्रस्तुत रणनीतिमा उल्लेख भएका रणनीतिक उद्देश्य, कार्यक्रम र उपलब्धी प्राप्त गर्न सोही अनुरूप वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ख) सबै कार्यक्रम सम्पन्न गर्ने दृष्टिकोण

यस रणनीतिमा उल्लेख भएका सबै कार्यक्रम र कार्ययोजनालाई उत्तिकै प्राथमिकता दिएर क्रमिक रूपमा संचालन गरिनेछ ।

(ग) नागरिक नै सर्वशक्तिमान भन्ने दृष्टिकोण

संविधानले नागरिकलाई सार्वभौमसत्ता सम्पन्न मानी मौलिक हकको रूपमा सुचनाको हक दिएको र यसको कार्यान्वयन गर्ने राज्यको दायित्व हो । अतः रणनीतिक योजना कार्यान्वयन गर्दा जनतालाई केन्द्रविन्दु मा राखेर सरल र सहज पहुँच पुऱ्याउने, माग गरेको सूचना प्रवाह गर्ने र स्वतः प्रकाशन गर्ने कार्यलाई कार्यसम्पादनको अभिन्न अंग मानी कार्यान्वयन गरिनेछ । नागरिकको हकको सम्मान गरिनेछ । सूचना अद्यावधिक गर्ने, उचित भण्डारण गर्ने, अभिलेख राख्ने, पुनः प्राप्ति गर्ने र प्रवाह

गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । पिछडिएका, आदिवासी, जनजाति, मधेशी, महिला, वञ्चित भएका अपाङ्गता भएका (फरक क्षमता भएका) लगायतका राज्यले समावेशी शासन व्यवस्था अपनाएको जाति वर्ग, लिङ्ग र समुदाय आम नागरिकको लागि प्रदान भएका सुविधा, सामाजिक सुरक्षा, विशेष सहुलियत लगायतका हक अधिकारका कुरा तथा व्यवस्थाहरूलाई सेवा प्रवाह गर्दा न्यायिक, समता र विशेष रूपमा सम्बोधन गर्नु पर्नेलाई सोही अनुसार कार्यान्वयन गरिनेछ । यसरी गरिएको कार्यको भिन्ना भिन्नै समूहगत तथ्यांक (Disaggregated Data) पनि संकलन गरी समावेशिता र न्यायिकताको आधारमा उपयोग गरिनेछ ।

(घ) कार्य सम्पादनको आधार

राज्यका तीन तहका सरकारहरूको कार्यसम्पादनमा सूचनाको हकलाई कार्य सम्पादनको अभिन्न आधार हो र अतिरिक्त कार्यबोझ होइन भन्ने अवधारणाको विकास गरिनेछ । दण्ड र पुरस्कारको नीतिलाई कार्य सम्पादनसँग जोडिने नीति अख्तियार गरिनेछ ।

(ङ) प्रदेश र स्थानीय तहमा संस्थागत व्यवस्था

प्रदेश र स्थानीय तहमा सूचनाको हकको कार्यान्वयन गर्ने आयोगको कुनै छुट्टै निकाय नभएकोले प्रस्तुत रणनीतिक योजना कार्यान्वयन गर्दा ऐन नियममा संशोधन भएर अन्यथा व्यवस्था नभएसम्म प्रदेशमा मुख्यमन्त्रीको सचिवालय र जिल्लामा सबै स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्न जिल्ला समन्वय समितिको सचिवालयबाट कार्यसम्पादन गराउने दृष्टिकोण लिइनेछ । प्रत्येक स्थानीय तहमा ओम्बुडसम्यान (Local Ombudsman) गठन गरी कार्य संचालन गरिनेछ ।

(च) श्रोत/सहायता केन्द्रको व्यवस्था

यस रणनीतिक योजनाले केन्द्रमा एक र सात प्रदेशमा सातवटा श्रोत केन्द्र (Resource/Support Centre) को परिकल्पना गरेको छ । प्रदेशस्तरमा रहने श्रोत केन्द्र मुख्यमन्त्रीको सचिवालय अन्तर्गत रहने व्यवस्था मिलाइनेछ भने केन्द्रमा राष्ट्रिय सूचना आयोग मार्फत संचालन गरिनेछ । यी श्रोत तथा सहायता केन्द्रको मुख्य कार्य नागरिकलाई सूचना माग गर्न सघाउने, पुनरावेदन गर्न सघाउने, सूचना प्राप्ति र प्रयोगमा सघाउने र तालिम/प्रशिक्षणको कार्यमा सघाउने रहनेछ । विस्तृत कार्यविधि संलग्न निकायको समझदारीमा विकास गरी लागु गर्ने नीति लिइनेछ ।

(छ) संघीय सरकारको जिम्मेवारी

सूचनाको हकको कार्यान्वयनको जिम्मेवारी संघीय सरकारको हो । राजनैतिक प्रतिबद्धता इच्छाशक्ति पनि संघीय सरकारबाटै हुनुपर्दछ । यस रणनीति कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्र्तगत सूचनाको हक कार्यान्वयन सम्बन्धी महाशाखा नै तोक्नु पर्नेछ । मन्त्रिपरिषदको कुनै एकजना सचिवलाई जिम्मेवार बनाई तीनै तहका सरकारसँग समन्वय गरी कार्यान्वयन गर्ने र एकीकृत प्रतिवेदन तयार गरी प्रकाशन गर्नुपर्ने अनिवार्य दायित्व तोकिनु पर्नेछ । यस कार्यको लागि राष्ट्रिय सूचना आयेगको कार्यान्वयन र प्रतिवेदनको ढाँचा तयार गरी आवश्यक सहजीकरण गर्नेछ । प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट आवश्यकता अनुसार निर्देशिका नै जारी गर्नुपर्नेछ ।

(ज) आयोगको संस्थागत क्षमता अभिवृद्धि

यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको लागि राष्ट्रिय सूचना आयोगको मानवश्रोत साधन, प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणाली (आर्काइभ अभिलेख, Software) पूर्वाधार र आर्थिक श्रोत साधन पर्याप्त मात्रामा हुनुपर्नेछ । सक्षम र पर्याप्त मानव श्रोत साधनको अभावमा यो योजना कार्यान्वयन गर्न कठीन हुनेछ । राष्ट्रसेवकको वृत्ति विकास, उत्प्रेरणा र स्थिरताका लागि आवश्यकता अनुसार छुट्टै कार्ययोजना ल्याउनु पर्ने आवश्यकता यसभन्दा पहिले संचालन भएको योजनाको अनुभवले पनि देखाएको परिप्रेक्ष्यमा दरबन्दी पुनरावलोकन गरिनु पर्दछ र पर्याप्त जनशक्तिको पूर्ति र क्षमता अभिवृद्धि गरिनु पर्दछ । अहिलेकै अवस्थाको जनशक्ति र पूर्वाधारबाट मात्र रणनीतिक योजना कार्यान्वयन गर्ने दृष्टिकोण राख्न सकिन्न । यसको विकल्पको रूपमा वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्दा सक्षम र विशेषज्ञता सहितका बाह्य क्षेत्रमा उपलब्ध भएका Outsourcing गरी सूचनाको हक सम्बन्धी कार्यको अनुभव भएका व्यक्तिहरू सम्मिलित छुट्टै योजना कार्यान्वयन इकाइको स्थापना गर्नुपर्दछ र करारमा आवश्यक कर्मचारी भर्ना गरी योजनाको कार्यान्वयन गराउनु पर्नेछ ।

(झ) उच्चस्तरीय निर्देशक समितिको व्यवस्था

रणनीतिक योजनाको कार्यान्वयन बहुपक्षीय सरोकारवाला साझेदारी भएकोले सरकार गैरसरकारी संस्था, अभियन्ता, समर्थक र प्रवर्द्धकहरू, आमसंचार माध्यम सबैको ऐक्यवद्धता सुनिश्चित गनुपर्ने आवश्यकता छ । अतः सरकार र विभिन्न पक्षबीच सहकार्य गर्न, सूचना प्रणालीको विकास गर्न र

परिपुरक रूपमा कार्यक्रम कार्यान्वयन गर्न गराउन उच्चस्तरिय समन्वय र सहयोग अनिवार्य भएकोले प्रमुख सूचना आयुक्तको अध्यक्षतामा उच्चस्तरिय निर्देशक तथा कार्यान्वयन समितिको व्यवस्था गर्नुपर्नेछ । यस्तो समितिले सबै सरोकार वालालाई परिचालित गरी भौतिक, आर्थिक मानवीय र कार्य सहयोग र समन्वय गर्नेछ । आवश्यकता अनुसार वैदेशिक सहायता परिचालन गर्न पहल गर्नेछ । समितिमा अन्य आयुक्तहरू सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संचार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय योजना आयोग, गैरसरकारी संस्था, अभियन्ताका प्रतिनिधि रहने छन् । यो समितिले योजनाको अनुगमन तथा मार्गदर्शन पनि गर्नेछ ।

(ञ) <u>साझेदार र सरोकारवालासँग सहकार्य</u>

सूचनाको हकको प्रभावकारी कार्यान्वयनको लागि माग पक्षको सक्रियता जागरुकता हुनु आवश्यक छ । माग पक्षको सहजीकरण नभई सूचनाको हकको कार्यान्वयन हुन सक्दैन । यसर्थ माग पक्षमा पर्ने जनता, अभियन्ता, विकास साझेदार, गैरसरकारी संस्था, समर्थक र प्रवर्द्धकहरूसँग साझेदारी पारस्परिक सहयोग, समझदारी र सहकार्य गर्ने दृष्टिकोण अपनाइनेछ । रणनीतिक योजना सूचनाको हकको राष्ट्रिय रणनीतिक योजना हो र आयोगको मात्र रणनीतिक योजना हैन भन्ने बुझाइको विकास गरिनेछ । माग पक्षले संचालन गर्ने कार्यक्रममा आयोगले सूचना संचार ज्ञान र प्रविधि तथा पाठ्यक्रम, सामग्री श्रोत व्यक्तिको सहयोग पुर्‍याउनेछ भने आयोगबाट संचालित कार्यक्रममा माग पक्षको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ । माग पक्षसँग राज्यका तीन तहमा राष्ट्रिय संजाल निर्माण र समझदारी (MOU) गरी कार्यान्वयन गर्ने अवधारणा लिइनेछ ।

(ट) <u>स्थानीय तहका सरकारको सशक्तिकरण</u>

स्थानीय तहका ७५३ वटा सरकारी निकायमा सूचनाको हक पुर्‍याउन अत्यन्त जरुरी छ । यस रणनीतिक योजनाको केन्द्र विन्दुमा जनता रहेको र जनता समक्ष सेवा सुविधा प्रवाह स्थानीय निकायबाट हुने हुँदा स्थानीय निकायको समेत सशक्तिकरण अपरिहार्य रहेको छ । वर्तमान सन्दर्भमा स्थानीय निकाय र अर्न्तगतको निकायमा सूचनाको प्रवाह गर्ने जिम्मेवारी पनि स्पष्ट नभइरहेको अवस्था भएकोले यस रणनीतिक योजना कार्यान्वयन गर्न रणनीतिक साझेदारी कार्यक्रम नै संचालन गर्ने दृष्टिकोण अपनाइने छ । सबै स्थानीय निकायको समन्वय गर्ने कार्य जिल्ला समन्वय समितिको कार्यालय भएकोले उक्त कार्यालयसँगको सहकार्यमा स्थानीय ओम्बुडसम्यान (Ombudsman) को अवधारणा कार्यान्वयन गरिनेछ । तीन सदस्यीय ओम्बुडसम्यान अन्तरगत एक जना स्वतन्त्र

सूचनाका हकका विज्ञ, एकजना आमसंचारका प्रतिनिधि र एकजना सार्वजनिक निकायकै व्यक्ति आलो/पालो प्रणालीमा रहने व्यवस्था मिलाइनेछ । विस्तृत कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ठ) सूचनाको हकको प्रयोगमा वृद्धि गराउने

यस रणनीतिको वास्तविक उद्देश्य सुशासन कायम गराउने हो । सूचनाको हक सुशासनको औजार हो । अतः सूचनाको हकको प्रयोगबाट राज्यले नागरिकका लागि प्रदान गरेको सेवा, सुविधा सुरक्षा, फाइदा जति निजहरूका हातमा पुगोस भन्ने नै हो । अतः नागरिक समाज, अभियन्ता, समर्थक र प्रवर्द्धकहरूबाट संचालित जनचेतना वृद्धि गर्ने कार्य, हकको प्रयोग गर्ने र वृद्धि गर्ने कार्यमा आयोगको सहजकर्ता र सहयोगी भूमिका रहने दृष्टिकोण राखिनेछ । रणनीतिक योजनामा परेका कार्यक्रमहरूलाई प्राथमिकता दिई संचालन गरिनेछ ।

(ड) संचार माध्यमको परिचालन

आमसंचारका माध्यमबाट सूचनाको हकको प्रयोग गर्न जनचेतना वृद्धि गर्ने कार्यक्रमहरू जस्तैः वृत्तभित्र, जिंगल, सार्वजनिक सूचना, टेलि संवाद, रेडियो सेवा, सार्जजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सार्वजनिक भेला तथा कार्यक्रममा सहभागितालाई प्रोत्साहन गरिनेछ । आयोगबाट व्यापक रूपमा प्रचार प्रसार गर्ने, पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने, संचार माध्यममा सूचनाको हक सम्बन्धी (RTI Bit) को स्थापना गर्ने, सफलताको कथाहरू प्रसारण गराउने लगायतका सूचनाको हकलाई सुशासन र असल शासनको आधार एवं असल अभ्यासको प्रोत्साहनको रूपमा परिचालन गर्ने दृष्टिकोण अपनाइनेछ । लोक कल्याणकारी विज्ञापनसँग समन्वय गरी जनचेतना बढाउने कार्यक्रम संचालन गर्ने तारतम्य मिलाइनेछ ।

(ढ) सूचना प्रविधिको प्रयोग

आयोगबाट विकसित भई संचालनमा आएका र आवश्यकता अनुसार निर्माण गर्नुपर्ने प्रयोगकर्ता, प्रविधिमैत्री सूचना व्यवस्थापन प्रणाली स्थापना र कार्यान्वयनमा ल्याइनेछ । प्रत्येक सार्वजनिक निकायको वेबसाइटमा RTI Menu राखिनेछ । सार्वजनिक निकायले गरेका सूचनाको हक सम्बन्धी कार्यको प्रतिवेदन आयोगलाई डिजिटल माध्यमबाट चार महिनामा दिनु पर्ने नीति लिइनेछ । सूचनाको हक सम्बन्धी निवेदन र पुनरावेदन सम्बन्धी विवरण तत्कालै (Real time) जान्न, पहिल्याउन सकिने गराइनेछ । सूचना अधिकारीको नियुक्ति, स्वतः प्रकाशन, पुनरावेदन व्यवस्थापन

सम्बन्धी पुनरावलोकन गरी प्रयोगकर्तामैत्री गरिनेछ । इन्टरनेटमा आधारित अनलाइन सूचना माग र आपूर्ति गर्ने, स्वतः प्रकाशन सम्बन्धी छुट्टै App विकास गर्ने वा हाल भइरहेको नागरिक App वा यस्तै अन्य App सँग सूचनाको हकलाई पनि राष्ट्रिय संजालमा आवद्ध गर्ने दृष्टिकोण रहनेछ ।

(ण) <u>तथ्यमा आधारित पैरवी</u>

जुनसुकै निर्णय लिँदा होस् वा कार्यक्रम संचालन गर्दा प्रमाण र तथ्यमा आधारित रहेर गर्नुपर्ने कार्य निर्विवाद छ । तथ्यमा आधारित रहेर काम गर्दा अध्ययन, अनुसन्धान पनि गर्नु पर्दछ । आयागले कुनै कार्यक्रम संचालन गर्दा होस् वा सहजीकरण र सहयोग गर्दा तथ्य प्रमाणलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम संचालन गर्ने वा सहभागिता जनाउने नीति र दृष्टिकोण अवलम्वन गर्नेछ । यसर्थ, आयोगमा अध्ययन अनुसन्धान गर्न स्रोतकेन्द्रको व्यवस्था गर्ने, ई-लाइब्रेरी स्थापना गर्ने जस्ता कार्य गरी तथ्यगत र प्रमाणिक अनुसन्धानलाई जोड दिन छुट्टै अनुसन्धान केन्द्रको स्थापना गरिनेछ ।

(त) <u>अनुगमन तथा मूल्यांकन</u>

यस रणनीतिक योजना कार्यान्वयन गर्दा सुदृढ अनुगमन तथा मूल्यांकन पद्धति तर्जुमा गरी लागु गरिनेछ । स्थानीय निकायहरूमा अनुगमन तथा मूल्यांकन गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई Focal Point को रूपमा विकास गरी अनुगमन तथा मूल्यांकन गर्ने, आर.टि.आई. अडिट गर्ने, स्थानीय ओम्बुडसम्यान (Ombudsman) सँग समन्वय गर्ने र सूचनाको हकको कार्यान्वयन गर्ने रणनीति अपनाइनेछ । यसको लागि संघीय सरकार र जिल्ला समन्वय समिति तथा प्रदेश र स्थानीय निकायबीच समझदारी (MOU) गरी कार्यान्वयन गर्ने दृष्टिकोण लिइनेछ ।

(थ) <u>अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने</u>

प्रस्तुत रणनीतिक योजनाका कार्यक्रमहरू कार्यान्वयन गर्न राष्ट्रिय सूचना आयोगलाई प्रत्येक वर्ष नेपाल सरकारबाट प्राप्त हुने बजेट तथा कार्यक्रम र उपलब्ध भौतिक पूर्वाधार तथा जनशक्तिबाट मात्र पर्याप्त नहुने जोखिम रहेको छ । अतः योजना कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट बजेट रकम तथा प्राविधिक सहयोग (Financial and Technical Assistance) लिने नीति अपनाइनेछ । मौजुदा वैदेशिक सहायता नीतिको अधीनमा रही अन्तर्राष्ट्रिय विकास सहयोग परिचालन गर्न र लक्षित कार्यक्रम सम्पन्न गर्न छुट्टै परियोजना विकास गरी पूर्णकालीन परियोजना व्यवस्थापन तथा कार्यान्वयन टिमको स्थापना गर्ने र त्यसमा आयोग तथा बाहिरबाट करारमा दक्ष र विशेषज्ञ जनशक्ति लिई व्यवस्थापन टिम गठन गरिनेछ । परियोजना व्यवस्थापन तथा कार्यान्वयन

टिम आयोगप्रति पूर्ण उत्तरदायी हुनेछ । परियोजना कार्यान्वयन गर्न आर्थिक वित्तीय तथा प्राविधिक सहयोग अर्न्तगत एकजना संयोजक सहितको प्रशासनिक, प्राविधिक संलग्न कर्मचारीहरूको टिम राख्ने व्यवस्था गरिनेछ ।

(द) नतिजामा आधारित कार्यान्वयन प्रणाली

यस रणनीतिक योजनाका कार्यक्रमहरू गुणस्तरिय, नतिजामा आधारित (Result based Performance Indicators) सूचकहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यसको लागि कार्यक्रम संचालन गर्नुअघि कार्यक्रमको संक्षिप्त परिचय, संचालन विधि, सहभागीहरूको निश्चितता, पूर्वाधारको पर्याप्तता साझेदार र सहयोगीको समर्थन, अपेक्षित उपलब्धी, लाग्ने बजेट र अनुगमन मूल्यांकन गर्ने नतिजामा आधारित मूल्यांकन प्रारूप (Result Based Monitoring Framework-RBMF) सहित संचालन गर्ने र कार्यक्रम सम्पन्न भएपछि मूल्यांकन नतिजा, अपेक्षित उपलब्धी सहितको प्रतिवेदन प्राप्त गरिनेछ । प्रतिवेदन उपर छलफल गरी सिकाइ आदानप्रदान गरी त्रुटि/कमजोरी हटाउन र असल अभ्यास लागु गर्ने नीति लिइनेछ ।

(ध) जोखिम पूर्वानुमान र समाधान

रणनीति कार्यान्वयन गर्ने क्रममा हुन सक्ने जोखिम र त्यसबाट पर्ने असरको सुरुमै पहिचान गर्ने र समाधान गर्ने उपायहरू विकसित गरिनेछ । कुनै कार्यक्रम संचालन गर्न नसकिएमा वा लक्षित तरिका भन्दा फरक (Deviation) भएमा त्यसको कारण र त्यसबाट पर्ने जोखिम तथा प्राप्त हुने प्रतिफलमा पर्ने असर पूर्वानुमान गरिने र समाधान गरिने नीति लिइनेछ ।

(न) निरन्तर सुधार

रणनीतिक योजनालाई कार्यान्वयनको अनुभवलाई अध्ययन गरी अझ बढी प्रभावकारी र गुणस्तरीय बनाउन आयोग, साझेदार तथा सरोकारवालासँग समन्वय गरी निरन्तर सुधार र परिमार्जन गर्ने नीति लिइनेछ ।

(प) रणनीतिक योजनामा सबैको सहयोगको सुनिश्चतता

यस रणनीतिक कार्ययोजना सूचनाको हकको राष्ट्रिय कार्ययोजना नै हो भन्ने मानसिकताको विकास गरी यस क्षेत्रमा संलग्न सबै सरोकारवालासँग साझेदारी र समन्वय र सहकार्यको अवधारणा लिइनेछ । यो रणनीतिक कार्ययोजना आयोग एक्लैले संचालन गर्न सम्भव पनि छैन । सबैको

सहयोग र समझदारी अनिवार्य छ । त्यसैले यो कार्ययोजना योजनाकै रूपमा संचालन गर्ने दृष्टिकोण लिइनेछ ।

(फ) बजेट अनुमान

यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको लागि रु.९८ करोड ६० लाख अनुमान गरिएको छ । यो बजेट वर्तमान मूल्यमा अनुमान गरिएको सांकेतिक (Indicative) बजेट हो । वास्तविक अनुमान प्रत्येक वर्ष गर्ने कार्यक्रमहरूमा विभाजन गरी त्यसको लागि लाग्ने छुट्टै शीर्षकगत र कार्यक्रमगत अनुमानित बजेट र कार्यक्रम तर्जुमा गर्नुपर्दछ । नेपाल सरकारबाट बर्सेनी प्राप्त हुने बजेट र कार्यक्रमबाट मात्र यस रणनीतिक योजना कार्यान्वयन गर्न सम्भव नहुने भएकोले सो रकम समेत कार्ययोजनाकै अभिन्न अंग मानी थप बजेट अन्तर्राष्ट्रिय विकास साझेदारबाट सहयोग प्राप्त गरी संचालन गर्नुपर्नेछ ।

# अध्याय ६

# अपेक्षित परिवर्तनको सिद्धान्त

## ६.१ रणनीतिक समस्याहरू

नेपालमा सूचनाको हकको कार्यान्वयन हुन थालेको करीब १३ वर्ष भएको छ । यस अवधिमा आयोगले चारवटा रणनीतिक योजना कार्यान्वयन गरिसकेको छ । पहिलो परियोजना सूचनाको हकको सुधार सम्बन्धी एक वर्षे योजना २०१३, दोश्रो अन्तरिम २०१३-२०१८ मध्ये २०१३-२०१५, तेश्रो २०१५-२०२० पंचवर्षीय योजना कार्यान्वयन गरिसकेको छ । यस अवधिमा सूचनाको हकको क्षेत्रमा धेरै ठूलो उपलब्धी हासिल भएको छ तथापि यी कार्ययोजना कार्यान्वयन अनुभवबाट निम्नानुसार केही जटिल समस्याहरू (Critical issues) पनि रहेका छन् भन्ने सिद्ध भएको छ :

(क) सार्वजनिक निकायमा गोप्यताको संस्कृति अझै विद्यमान छ । खुला र पारदर्शीताको अभाव छ । सार्वजनिक उत्तरदायित्व जवाफदेही र जिम्मेवारी अभाव यथावत छ ।

(ख) जनचेतनाको कमी छ । नागरिक आफ्नो अधिकारबारे जानकार छैनन् । पिछिडिएका र वन्चित भएका नागरिक सूचनाको पहुँचबाट अझ टाढा रहेका छन् । सबै नागरिकले सूचना सरल र सहज रूपमा पाउँदैनन् । सूचना माग गर्ने प्रवृत्तिलाई हतोत्साह गरिन्छ ।

(ग) सूचनामा प्रविधिको प्रयोग अत्यन्त कम भएको छ । सूचनाको अभिलेख भण्डारण पुनः प्राप्ति, पुन प्रयोग गर्ने प्रवृत्ति पूर्ण रूपमा विकसित भईसकेको छैन । वेवसाइटमा उपलब्ध सूचना पनि पुनः प्रयोग गर्न स्वीकृती लिनुपर्ने व्यवस्था छ ।

(घ) सूचना प्रवाह अत्यन्त कम हुने गरेको छ । सूचना स्वतः प्रकाशन र प्रवाह गर्नुपर्ने मानसिकता नै बनिनसकेको अवस्था र भएका पनि अत्यन्त कमजोर छन् ।

(ङ) तथ्य, तथ्यांक र प्रमाणमा आधारित निर्णय प्रकृयाको अभाव छ ।

(च) सूचनाको वर्गीकरण भएको छैन ।


(छ) दक्ष जनशक्ति, सूचना व्यवस्थापन प्रणाली, खुला सरकारी तथ्यांक प्रणालीको स्थापना जस्ता आधारभूत व्यवस्थाको कमी रहेको छ ।

(ज) सूचना आपूर्ति गर्ने कार्यलाई अतिरिक्त बोझ मान्ने प्रवृत्ति रहेको छ ।

(झ) राजनैतिक इच्छाशक्ति र प्रतिबद्धताको कमी रहेको छ । यसैगरी, उच्च सरकारी अधिकारी र कार्यालय प्रमुखको पनि सहयोग र समर्थनको कमी छ ।

## ६.२ परिवर्तनको सिद्धान्त

उल्लेखित समस्याहरूको समाधान गर्न र सूचनाको हकको प्रभावकारी कार्यान्वयन गरी सुशासन र असल शासन कायम गराउन राष्ट्रिय सूचना आयोग प्रयत्नशील छ । पंचवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट जनचेतना अभिवृद्धि भई जनउत्तरदायी, खुला र पारदर्शी समाजको विकास हुनेछ भन्ने अपेक्षा लिइएको छ । सूचनाको हकका साझेदार र सरोकारवाला, आयोग, सार्वजनिक निकाय, गैरसरकारी संस्था, अभियन्ता आमसंचार माध्यम र प्रवर्द्धक तथा समर्थकहरू यस परिवर्तन (Theory of change) का वाहक (Vehicle) हुनेछन् । यस रणनीतिक योजनाको कार्यान्वयनबाट देहाय बमोजिमको परिवर्तनको अपेक्षा गरिएको छ :




प्रस्तुत रणनीतिक योजनाले उल्लिखित परिवर्तनको सिद्धान्तलाई देहाय बमोजिम आत्मसात गर्नेछ ।

(क) नागरिकलाई चेतनशील बनाई सूचनाका हक र यसको प्रयोगका फाइदा बारे जानकारी दिन सकेमा प्रयोग बढ्छ ।

(ख) सार्वजनिक निकायको क्षमता अभिवृद्धि गरी सक्षम बनाउन र मानसिकता परिवर्तन गरी जनताप्रति संवेदनशील र उत्तरदायी गराउन सकेमा सूचना प्रवाह गर्ने संस्कृतिको विकास र वृद्धि हुन्छ ।

(ग) माग र आपूर्ति पक्षलाई सक्षम र प्रभावकारी बनाउन सकियो र सूचनाको प्रवाह सम्बन्धी स्पष्ट अधिकार दिन सकियो भने स्वतः प्रकाशन र सूचनाको मागमा वृद्धि हुनेछ । यसबाट सूचनाको हक प्रभावकारी हुन्छ ।

(घ) सूचनाको हक प्रभावकारी भएमा शासकीय सुधार हुन्छ र जनताले सुशासन र असल शासनको अनुभूति गर्न पाउने छन् । सार्वजनिक निकाय खुला, पारदर्शी र जनउत्तरदायी हुनेछन् । सरकारको विश्वसनियतामा वृद्धि हुनेछ र अन्तर्राष्ट्रिय प्रतिष्ठा वृद्धि हुनेछ ।

# अध्याय ७

# अनुगमन तथा मूल्याङ्कन

## ७.१ अनुगमन तथा मूल्याङ्कन ढाँचा

यस रणनीतिक योजनाका क्रियाकलाप (कार्यक्रम) हरूको कार्यान्वयन वार्षिक बजेट र कार्यक्रम स्वीकृतबाटै सुरु हुनेछ । वार्षिक कार्यक्रम स्वीकृत गर्दा समयावधि र बजेट रकम समेत उल्लेख भएको हुनेछ । कार्यान्वयन गर्ने जिम्मेवार शाखा र व्यक्ति समेत निर्धारित गरी कार्ययोजना बनाइनेछ । नियमित र चरणबद्ध अनुगमन तथा मूल्याङ्कन कार्यान्वयनको अभिन्न अंग हुनेछ । कार्यक्रम संचालन गर्दा नै कार्यक्रमको संक्षिप्त अवधारणा, उद्देश्य संचालन, तरिका, स्थान, समय, सहभागिता, बजेट, अपेक्षित उपलब्धी र मूल्याङ्कनका आधार पूर्वस्वीकृत गराइनेछ । यसकै आधारमा मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन समेत संलग्न गरी आयोगको तथ्यांक केन्द्र (Data Centre) मा भएको अभिलेखबाट कार्यक्रमको पुष्टि हुने तथा अरु चरणबद्ध अनुगमन तथा मूल्याङ्कनको आधार हुनेछ । यसरी मूल्याङ्कन गर्दा सक्षमता र प्रभावकारिता (Competency and effectiveness) लाई केन्द्रविन्दुमा राखिनेछ ।

यस रणनीतिक योजनाका कार्यक्रमहरूको कार्यान्वयन पश्चात नतिजामा आधारित मूल्याङ्कन र प्रतिवेदन प्रणाली अपनाइनेछ । Result chain मा आधारित प्रभाव (Impact) असरहरू (outcome) र उपलब्धी (output) मा आधारित क्रियाकलापहरूको मूल्याङ्कन गरिनेछ ।

## ७.२ नियमित अनुगमन

कार्यक्रमहरू संचालन गर्दाका अनुभव, सिकाइ र असल अभ्यास तथा तयारी र संचालन सम्बन्धी कमी कमजोरीहरू बारे नियमित हुने कर्मचारी बैठकहरूमा छलफल गरी समाधान गर्ने र समन्वय ल्याउने प्रयास गरिनेछ । यो कार्यालय संचालनकै सामान्य र नियमित प्रकृया हुनेछ ।

## ७.३ आवधिक मूल्याङ्कन

कार्यक्रम संचालन गर्दादेखि कार्य सम्पन्न प्रतिवेदन, नियमित रूपमा गरिने अनुगमन र चौमासिक, अर्धवार्षिक र वार्षिक रूपमा गरिने आवधिक मूल्यांकन प्रणाली यस रणनीतिक योजनाको कार्यान्वयनको अभिन्न अंग हुनेछ । अनुगमन तथा मुल्याङ्कनका लागि आवश्यकता अनुरूप ढाँचा

र विधि थप सरल र सहज हुने गरी तयार गर्न सकिनेछ । चरणबद्ध नियमित अनुगमन तथा मूल्यांकन कार्य अन्य सरकारी निकाय, गैरसरकारी संस्था संजाल, नागरिक समाज र जिल्ला समन्वय समितिको कार्यालयबाट आयोगकै जिम्मेवारीमा गराउन सकिने तर्फ पनि Pilot अनुगमन संचालन गरी प्राप्त नतिजा र अनुभवको आधारमा गर्न सकिने पद्धतिको विकास गरिनेछ । आर.टि.आई. अडिट लाई पनि यस्तै अनुगमनको अंग बनाउन सकिनेछ ।

### ७.४ मध्यावधि मूल्याङ्कन

यस रणनीतिक योजनाको कार्यान्वयनको अढाई वर्ष पछि मध्यावधि मूल्याङ्कन गरिनेछ । मध्यावधि मूल्यांकन गर्दा आयोग र बाह्य श्रोतको समेत सहायता लिन सकिनेछ । प्राप्त नतिजाबाट निरन्तर सुधार र परिमार्जन गर्दै लगिनेछ ।

### ७.५ अन्तिम मूल्याङ्कन

यस रणनीतिक योजनाको चौथो वर्षको दोश्रो चौमासिकमा अन्तिम मुल्याङ्कन गरिनेछ । अन्तिम अनुगमन तथा मुल्याङ्कन गर्न आयोगको आफ्नो श्रोत तथा बाह्य स्वतन्त्र व्यक्ति र संस्थाको संलग्नतामा उपलब्धीको मूल्याङ्कन, समीक्षा र प्रतिवेदन प्राप्त गरिनेछ । यस्तो मूल्यांकनले अर्को अवधिको रणनीतिक योजनाको लागि आधार प्रदान गर्नेछ ।

### ७.६ चौमासिक र वार्षिक प्रतिवेदन

रणनीतिक कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धी, समस्या, चुनौति र कार्यान्वयन हुन नसक्नाका कारणहरू समेत उल्लेख भएको पूर्व निर्धारित ढाँचामा प्रतिवेदन प्राप्त गरिनेछ । यो प्रतिवेदनमा गहन छलफल गरी आवश्यक परिमार्जन र सुधार गरिनेछ । कार्यक्रमहरू कार्यान्वयन हुन नसकेका, ढिला भएका, परिवर्तित भएका, जोखिम भएमा हटाउने उपायहरू अवलम्बन गरिएका कार्यहरू प्रतिवेदनको ढाँचामा उल्लेख भई सो अनुसार प्रतिवेदन तयार भएको हुनेछ । जोखिम कम गर्न, परिवर्तित (Deviation) भएका, ढिला भएका कार्यक्रमहरू पुनः सुरु गरी सम्पन्न गर्न लिइएका उपाय (Mitigation Measures) हरू पनि प्रतिवेदनमा कारण र आधार सहित उल्लेख भएको हुनेछ । विस्तृत चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदनको ढाँचा कार्यक्रम कार्यान्वयन गर्नुभन्दा अगाडि नै तर्जुमा गरी सम्बद्ध सरोकारवालालाई वितरण गरिनेछ ।

सूचनाका हकका प्रवर्द्धक/समर्थकहरू र अन्य सरोकारवालाबाट भएको काम कारवाहीको प्रतिवेदन पनि आयोगले आफ्नो प्रतिवेदनमा अलग्गै शीर्षकमा प्रतिवेदन गर्ने परिपाटीको विकास गरिनेछ । यसो किन गर्नुपरेको हो भने प्रवर्द्धक, समर्थक, अभियन्ता र सरोकारवालाहरू पनि आयोगप्रति विश्वस्त हुन सक्नेछन् भने आफ्नो कार्य सरकारी प्रतिवेदनमा संलग्न भएकोमा गौरव महसुस गरी थप सक्रियता र सहयोग एवं समर्थन प्राप्त हुनेछ ।

## ७.७ अनुगमन तथा मूल्यांकन समिति

यस रणनीतिक कार्ययोजनाको अनुगमन तथा मूल्यांकन गर्ने कुनै एकजना सूचना आयुक्तको संयोजकत्वमा उच्चस्तरीय अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ । यस समितिको मुख्य कार्य नियमित अनुगमन तथा मूल्यांकन प्रारूप स्वीकृति गर्ने, प्रभावकारी अनुगमन तथा मूल्यांकनका लागि आवश्यक निर्देशन दिने, पृष्ठपोषण प्राप्त गर्ने, कार्यान्वयनको चरणमा देखिएका समस्या तथा चुनौतिहरूको समाधान गर्ने, विभिन्न निकाय बीच समन्वय र सहयोग गराउने, प्रतिवेदन प्राप्त गर्ने, असल अभ्यासको सिकाइ र अनुभव आदान प्रदान (Sharing) गर्ने आदि रहनेछन् । यस समितिमा निम्न बमोजिम पदाधिकारी रहने छन् :

| | |
|---|---|
| (क) सूचना आयुक्त | संयोजक |
| (ख) सूचना आयुक्त | सदस्य |
| (ग) सचिव, राष्ट्रिय सूचना आयोग | सदस्य |
| (घ) प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| (च) प्रतिनिधि, संचार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| (छ) उपसचिव, योजना शाखा | सदस्य सचिव |

यस समितिमा आवश्यकता अनुसार अन्य अधिकृत वा आमन्त्रित वा पदेन सदस्यको रूपमा खटाउन सकिनेछ । यस समितिले अन्य कार्यविधि आफैं तोक्न सक्नेछ र आवश्यकता अनुसार कुनै व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

## ७.८ जोखिम पूर्वानुमान तथा समाधानका उपायहरू

प्रस्तुत रणनीतिक कार्ययोजना कार्यान्वयन गर्न गराउने सन्दर्भमा जोखिमहरू पनि छन् । साथै, कार्यक्रमको कार्यान्वयन गर्न सबैबाट अपेक्षित सहयोग हुने आशा एवं विश्वास गरी तर्जुमा भए पनि उल्लेख्य मात्रा र स्वरूपमा सहयोग र समर्थन प्राप्त नहुने पूर्वानुमान पनि गरिएको छ । खास गरी देहाय बमोजिम जोखिम पूर्वानुमान र समाधानका उपायहरू प्रस्ताव गरिएको छ ।

| जोखिम र पूर्वानुमान | | समाधानका उपायहरू |
|---|---|---|
| (क) | सूचनाको हक प्रयोग गर्न जनता स्वयं सक्रिय हुने | जनचेतना जगाउने कार्य सक्रियतापूर्वक चालिने |
| (ख) | सरोकारवाला प्रवर्द्धक/समर्थक र अभियन्ता उदासिन नहुने र सहयोग पनि नगर्ने | स्वयं सक्रिय हुन संजाल निर्माण गरी परिचालन गर्ने र कार्यक्रमगत सहयोग प्रदान गर्ने कार्यक्रममा संलग्न गराउने |
| (ग) | सरोकारवालासँग समन्वय र सहकार्य गर्न नसकिने | संजाल निर्माण, सूचना, ज्ञान, सामग्री एवं प्रविधि गत सहयोग गरिने |
| (घ) | बजेटको उपलब्धता नहुने | पर्याप्त बजेट अनुदान प्राप्त गर्न र वैदेशिक सहयोग प्राप्त गर्न प्रयत्नशील रहने |
| (ङ) | आवश्यक दक्ष जनशक्ति उपलब्ध नहुने, छिटो छिटो सरुवा हुने, उत्प्रेरणा र सशक्तिकरण हुन नसक्ने | तालिमहरू प्राप्त दक्ष जनशक्ति र छुट्टै योजना कार्यान्वयन इकाई मार्फत कार्यान्वयन गराउने |
| (च) | प्रविधिको प्रयोग र अन्य निकायसँग संयोजन गर्न नसकिने | दक्ष जनशक्ति र प्रविधिको संयोजन गरी समाधान गर्ने, सक्षमता र सुपरिवेक्षण/ अनुगमन क्षमता वृद्धि गर्ने र सिकाइ आदानप्रदान बढाउने |
| (छ) | संस्थागत क्षमता अभिवृद्धि गर्न नसक्ने | जनशक्ति बाह्य श्रोतबाट लिई कार्य गर्ने |
| (ज) | कानून सुधार गर्ने क्षमता आयोगमा नहुनु र सरोकारवालाले सहयोग नगर्नु | कानून संशोधन गर्न पैरवी (lobby) गर्ने |
| (झ) | प्रदेश र स्थानीय तहका सरकार समन्वय, सहकार्य र सहयोगमा | जिल्ला समन्वय समिती, श्रोत/सहायता केन्द्र र उत्प्रेरक ओम्बुडसम्यान (Ombudsman) र राजनैतिक |

| जोखिम र पूर्वानुमान | | समाधानका उपायहरू |
|---|---|---|
| | कमी हुनु, बजेट नछुट्याउनु, छुट्टै कानून बनाउने सोच राख्नु | पैरवी (lobby) मार्फत गर्ने |
| (ञ) | राजनैतिक इच्छाशक्ति र प्रतिबद्धताको कमी | राजनैतिक रूपमा पैरवी (lobby) गर्ने र आमसंचार माध्यमलाई परिचालित गर्ने |
| (ट) | गोप्यताको संस्कृति कायमै रहने | पारदर्शीता र खुलापनको वकालत गर्ने, खुला सरकारी तथ्यांक प्रयोग गर्ने |

उल्लेखित जोखिम र पूर्वानुमानबाट रणनीतिक योजनाको कार्यान्वयनमा, गुणस्तरमा, समय तालिकामा र नतिजामा समेत न्यून एवं उच्च प्रभाव र असर पर्न सक्नेछन् । तथापि, आयोगको पूर्व सक्रियता (Proactiveness) तथा सरोकारवालाको सहयोग र सहकार्यबाट वान्छित उपलब्धी हासिल हुनेछ ।

## ७.९ अपेक्षित उपलब्धी

यस रणनीतिक योजना कार्यान्वयन पश्चात् सबै नागरिकका सूचनाको पहुँच पुऱ्याउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था भएको हुने, कानूनी सुधार भएको हुने, सार्वजनिक तथा निजी सेवाहरू अनलाइन मार्फत भएको र विद्युतिय माध्यमबाट प्रवाह भएको हुनेछ । खुला सरकारी तथ्यांक (Open Government Data) कार्ययोजना लागु भएको हुनेछ। यसैगरी, सार्वजनिक निकायका काम कारवाही पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री भएको हुने, सार्वजनिक निकायमा निश्चिन्तता, कार्यविधिगत परिपालना, खुला र पारदर्शी संस्कृतिको विकास भएको हुने, गोप्यताको संस्कृति हटेको हुने, उत्तरदायित्व किटान गर्ने प्रणालीको अवलम्वनले सार्वजनिक जवाफदेहिताको संस्कृति विकास भएको हुने र कार्यसम्पादनको स्तरमा सुधार भएको हुनेछ ।

सेवा प्रवाहलाई पारदर्शी, जनमुखी उत्तरदायी बनाउन नागरिक समाज एवं सरोकारवाला संस्था, व्यक्ति, प्रवर्द्धक, समर्थक र अभियन्ताको सहयोग प्राप्त भएको हुने, गैरसरकारी संस्था, जिल्ला समन्वय समिति लगायत अन्य सरकारी निकाय समेतको सहभागिता भएको हुने, संघ प्रदेश र स्थानीय तहमा सूचनाको हकको कार्यान्वयन गर्न, कर्मचारीलाई तालिम उत्प्रेरणा र आर्थिक सुविधा एवं वृत्ति विकासको अवसर बढी भएको हुनेछ । सूचनाको हक सम्बन्धी छुट्टै बजेट तीनै तहमा

छुट्याइएको हुनेछ । सूचना प्रवाहको कार्यलाई छुट्टै हो भनी कार्यबोझ मान्ने प्रवृत्ति कम भई कार्यसम्पादनको अभिन्न अंग हो भन्ने मानसिकता र व्यवहारको विकास एवं प्रस्तुति भएको हुनेछ ।

प्रस्तुत योजना अवधिभित्रमा कम्तीमा ८० प्रतिशत सूचना अधिकारीहरूले तालिम प्राप्त गरेका हुनेछन् । विभिन्न निकायका पदाधिकारीले प्रशिक्षक पशिक्षण प्राप्त गरेको हुनेछन् । सरकारी तालिम केन्द्रको पाठ्यक्रममा सूचनाको हकको निरन्तरता भएको हुने, स्वतः प्रकाशन ९०% हुने, अत्याधुनिक प्रविधिको सूचना व्यवस्थापन प्रणालीको संयोजनबाट सूचनाको हक सम्बन्धी तथ्य तथ्यांक प्राप्त भएको हुनेछ । सफलताको कथाहरू छपाई गरी प्रचार प्रसार भएको हुनेछ । सूचनाको हकको प्रयोगबाट विधिको शासन, सुशासन र असल अभ्यास कायम भई लोकतन्त्रको सुदृढिकरण भएको हुनेछ । बदलिएको शासकीय स्वरूप अनुसार तीनै तह र खास गरी स्थानीय तहको सूचना प्रवाह गर्ने नियकाहरूको सुदृढीकरण, प्रविधिको प्रयोग सरल पहुँच र संस्थागत क्षमताको अभिवृद्धि हुनेछ ।

### ७.१० अपेक्षा

यस रणनीतिक योजनाबाट शासकीय सुधार भई सुशासन कायम गर्ने मुख्य लक्ष्य राखिएको छ । यसका लागि सार्वजनिक निकायहरू र राष्ट्रसेवकहरू एवं आम नागरिक सक्षम, खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी भएमा परिणाममुखी, समन्यायिक र जनसेवी सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन गर्न सकिनेछ । जवाफदेही, व्यवसायिक एवं सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवाप्रतिको जनविश्वास वृद्धि हुनेछ र नतिजामुखी परिणाम हासिल हुनेमा दुई मत हुन सक्दैन । सूचनाका हकका मालिक भनेका जनता हुन् र सार्वजनिक निकायमा स्वामित्व पनि जनताकै हो ।

सूचनाका हकका प्रवर्द्धक, समर्थक, अभियन्ता र आम नागरिकले आफू स्वयं सुसूचित भई नागरिकको हित अनुकूल हुने र फाइदा पुग्ने सूचना संप्रेषण गर्ने परिपाटीको विकास हुनु पनि उत्तिकै टड्कारो आवश्यकता रहेको छ । सूचनाको हकको संरक्षण, प्रवर्द्धन र अभ्यासमा आमसंचार माध्यम र खोज पत्रकारिताको पनि उत्तिकै सहयोगी भूमिका रहनेछ भन्ने अपेक्षा गरिएको छ । सार्वजनिक प्रशासनलाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रकृयालाई प्रभावकारी बनाउनु प्रशासकीय सुधारको अभिष्ट नै हो । तसर्थ, सार्वजनिक निकायका काम कारवाहीहरूलाई खुला, पारदर्शी, जवाफदेही, सदाचारयुक्त एवं प्रविधिमैत्री बनाई जनसहभागिता र

जनविश्वास अभिवृद्धि गर्न सूचनाको हकको प्रयोग हुनेछ । यसबाट सुशासन कायम हुनेछ भन्ने अपेक्षा लिइएको छ ।

यस रणनीतिक योजनाको कार्यान्वयन गर्न राष्ट्रिय सूचना आयोग प्रतिबद्ध छ । यो कार्ययोजना आयोगको मात्र नभएर सूचनाको हकको प्रवर्द्धक, संरक्षक, समर्थक र अभियन्ता सबैको स्वामित्वको हो र राष्ट्रिय कार्ययोजना पनि हो भन्ने विश्वास लिइएको छ । अतः यस कार्ययोजनाको कार्यान्वयनबाट दिगो विकासको लक्ष्य हासिल गर्न सघाउने अपेक्षा पनि गरिएको छ । यस कार्ययोजनामा प्रस्तावित बजेट र कार्यक्रममा वैदेशिक सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको छ । वैदेशिक वित्तीय तथा प्राविधिक सहायता र अनुदानको लागी विकास साझेदारसँग समन्वय र समझदारी गर्ने पहल आयोगले सक्रियता पूर्वक गर्नेछ भन्ने अपेक्षा पनि गरिएको छ । अतः यस कार्ययोजना कार्यान्वयन गर्न नेपाल सरकार, सम्पूर्ण विकास साझेदार तथा सूचनाका अभियन्ता लगायत आम नागरिकको सहयोग र समर्थन प्राप्त हुने अपेक्षा राखिएको छ । लोकतन्त्रको सुदृढीकरण र विस्तारीकरणमा सूचनाको हकबाट उल्लेख्य योगदान भई स्थिरता र समृद्धि हासिल गर्न मद्दत हुनेछ भन्ने अपेक्षा गरिएको छ ।